# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय प्रवेश

मोहनहिमांशु थापाको जन्म वि.सं. १९९३ सालमा काठमाडौँको गोकर्णमा भएको हो । उनी नेपाली समालोचनाका क्षेत्रमा देखा परेका सैद्धान्तिक समालोचक हुन् । नेपाली साहित्यमा उनले दिएको योगदान अतुलनीय छ । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि प्रभाव र प्रेरित भएको नेपाली साहित्य लेखनको उर्वर यात्रामा उनले वि.सं. २०११ सालमा **शारदा** पत्रिकामा *कैयौँ गीतको लहर छुट्यो* शीर्षकको कविता प्रकाशित गरेर औपचारिक साहित्ययात्राको थालनी गरेको पाइन्छ । कविता लेखनबाट साहित्ययात्रा सुरु गरेका थापाले कविता, अनुवाद र समालोचना जस्ता क्षेत्रमा कलम चलाएको पाइन्छ । सङ्ख्यात्मक रूपमा थोरै साहित्य सिर्जना गरेका भए पनि गुणात्मक रूपमा उच्च खालका सिर्जना गर्नु उनको निजी विशेषता हो । बहुआयामिक व्यक्तित्वका धनी समालोचक थापा विभिन्न सामाजिक, साहित्यिक, शैक्षिक व्यक्तित्वका कारण समालोचक व्यक्तित्व अझै प्रखर बनेको पाइन्छ । पाश्चात्य साहित्यका वर्डस्वर्थ, कलरिज, वाइरन, किट्स, इलियट, डाइलन, टोमस आदि साहित्यकारबाट थापा प्रभावित देखिन्छन् । वि.स. २०२१ सालमा **रूपरेखा** पत्रिकामा *उनी देवता हुन्मा एक दृष्टि* शीर्षकमा समालोचनात्मक लेख प्रकाशन गरेर नेपाली समालोचनाको क्षेत्रमा उनले प्रवेश गरेको पाइन्छ । उनको **साहित्य परिचय** (२०३६) एक मात्र समालोचनात्मक कृति प्रकाशित छ । साथै *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती, बालकृष्ण समका नाटकमा बालपात्र, नेपाली नाट्य परम्परामा रिमालको नाट्य शिल्प, बालकृष्ण समको साहित्यचेतना* जस्ता फुटकर समालोचनाहरू पनि प्रकाशित गरेका छन् । यसप्रकार प्रस्तुत शोधकार्यमा मोहनहिमांशु थापाको परिचयात्मक प्रस्तुति, उनको समालोचनायात्रा, उनका समालोचनात्मक कृतिहरूको समिक्षात्मक विश्लेषण गरी समालोचनात्मक निष्कर्ष दिनु यस शोधकार्यको विषयक्षेत्र रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित निम्न लिखित समस्या रहेका छन् :

१. मोहनहिमांशु थापाको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

२. मोहनहिमांशु थापाको समालोचनायात्रा के-कस्तो छ ?

३. मोहनहिमांशु थापाका समालोचनात्मक कृतिहरू के- कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नानुसार उद्देश्यहरू रहेका छन् :

१. मोहनहिमांशु थापाको सङ्क्षिप्त जीवनी र व्यक्तित्व केलाउनु,

२. मोहनहिमांशु थापाको समालोचनायात्राको विवेचना गर्नु,

३. मोहनहिमांशु थापाका समालोचनात्मक कृतिको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको विवरण

नेपाली साहित्य लेखनमा मोहनहिमांशु थापा वि.स. २०११ देखि औपचारिक रूपमा देखा परेका पाइन्छन् । उनी कविता, अनुवाद, समालोचना जस्ता साहित्यिक विधाहरूमा कलम चलाउने विशिष्ट साहित्यकार हुन् । उनका कविता सङ्ग्रह, अनुवादगत कृतिहरू, समालोचना कृतिहरू तथा फुटकर समालोचनाहरू प्रकाशित छन् । हिमांशु थापाको जीवनी, व्यक्तित्व र कविता कृतिको विवेचना शीर्षकमा २०५४ सालमा माधवप्रसाद पाण्डे र मोहनहिमांशु थापाका काव्य-प्रवृत्ति शीर्षकमा २०५६ सालमा खगेन्द्रप्रसाद पौडेलद्वारा शोधकार्य भएको पाइन्छ तथापि उनको समालोचनाकारिता शीर्षकमा अध्ययन भएको पाइँदैन । उनका बारेमा आजसम्म गरिएका केही चर्चा, परिचर्चाहरू निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०५१) कृतिमा क्रान्ति उत्तर युगका कविहरूको परिचय दिने क्रममा हिमांशुको परिचय दिँदै उनी आफ्ना कविता कृतिमा हृदयको कोमलतालाई प्रवृत्तिको अनुपम सौन्दर्य सित आत्मसात् गर्नमा अद्वितीय छन् भन्ने टिप्पणी गरेका छन् र अर्को अभिव्यक्तिगत बिशेषताबारे सामान्य उल्लेख गरेका छन् ।

नारायण प्रसाद सुवेदीद्वारा सम्पादित **साहित्य जगत्** (२०५१) पत्रिकामा *आँखाको गुराँस र हत्केलाको सुनगाभा* कवितामा केन्द्रित भई हिमांशुसँग लिएको अन्तवार्ताका प्रसङ्गमा सरल जीवन र उच्च विचाराका धनी मृदृभाषी तथा मिलनसार स्रष्टाका रूपमा हिमांशुको चर्चा गरेका छन् ।

वासुदेव त्रिपाठी र अन्य (सम्पा.) द्वारा सम्पादित **नेपाली कविता भाग ४** (२०५३) मा प्रयोगवादी कविता धारा र त्यसका समानान्तर धाराको सङ्क्षिप्त चिनारी दिने क्रममा स्वच्छन्दतावादी प्रगतिवादी वृत्तभित्र आफ्ना स्वतन्त्र पहिचान सहित देखा पर्ने कविका रूपमा मोहनहिमांशु थापाको नाम उल्लेख गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता** *खुकुरी माथि एक चौटा बादल* (२०५४) मा कविताको विवेचना गर्ने क्रममा मोहनहिमांशु थापालाई जीवनगत जटिलता र विसङ्गतिपूर्ण जीवनको व्यङ्ग्यात्मक प्रस्तुति, अस्तित्ववाद, हार्दिकता र बौद्धिकताको सन्तुलन, प्रतीकात्मकता र कलात्मकता एवम् राष्ट्रियताको भावनाप्रति आकर्षित कविका रूपमा देखाइएको छ ।

माधवप्रसाद पाण्डेयले *कवि मोहनहिमांशु थापाका जीवनी, व्यक्तित्व र कविता कृतिको विवेचना* (२०५४) शीर्षक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा मोहनहिमांशु थापालाई साहित्यकार, प्राध्यापक, सामाजिक, बहुभाषी व्यक्तित्वका रूपमा चिनाई उनका कविता कृतिको विवेचनात्मक अध्ययन गरेका छन् ।

खगेन्द्रप्रसाद पौडेलद्वारा *मोहनहिमांशु थापाका काव्य-प्रवृत्ति* (२०५६) शीर्षक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा उनको जीवनी, व्यक्तित्व उनका कविता कृतिहरूको विवरण प्रस्तुत गरी उनलाई स्वाभिमानी तथा मातृभूमिप्रति अगाध स्नेह र ममता राख्ने, राष्ट्रप्रेमी, प्राध्यापक, सम्पादक र बहुभाषिक व्यक्तित्व स्वच्छन्दतावाद र प्रयोगवादी धारामा थप योगदान पुऱ्याएका व्यक्तित्वको रूपमा चिनाएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **आधुनिक नेपाली समालोचना** (२०५७) कृतिमा नेपाली कविता परम्परामा दुर्बोध्य, जटिल र क्लिष्ट ठानिने प्रयोगवादी कित्ताभित्रै कविता सिर्जना गर्ने थापा अन्य कतिपय प्रयोगवादी कविहरूका सापेक्षतामा सरल, सुवोध कविता सिर्जना गर्ने कविका रूपमा चिनाउनुका साथै उनका कवितामा युगीन राजनैतिक, सामाजिक परिवेशप्रति आक्रोश र व्यङ्ग, नवीन मानवीय जीवन मूल्यको खोजी, राष्ट्रियता, देशप्रेम, मानवीय प्रेम, प्रकृति प्रेम, अस्तित्ववादी, विसङ्गतिवादी कविका रूपमा चिनाएका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१) कृतिमा प्रभावपरक समालोचनाभित्र साहित्य सिर्जना र समीक्षा जस्ता क्षेत्रमा कलम चलाउने बहुभाषी, भाषा

साहित्यमा विभिन्न सङ्ख्या, सङ्गठनमा आबद्ध व्यक्तित्व, समालोचनागत चेतनामा प्रभावपरकता, विधागत सैद्धान्तिक चेतनाको प्रारम्भिक ज्ञान भएका समालोचकका रूपमा चिनाएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली **साहित्यको सङ्क्षिप्त इतिहास** (२०६४) शीर्षकको पुस्तकमा मोहनहिमांशु थापा (१९९३) को सैद्धान्तिक व्याख्या र विवेचना भएको **साहित्य परिचय** (२०३६) नामक पुस्तक उपलब्ध रहेको चर्चा गरेका छन् ।

चूडामणि बन्धुले **साझा कविता** (२०६७) नवौँ संस्करणको सम्पादन भूमिकामा खास किसिमको प्रतीकात्मक तथा नव-रोमान्टिक शैलीले गर्दा समकालीन अरू कविहरू भन्दा हिमांशुको पहिचान बेग्लै भएको चर्चा गरेका छन् ।

पारसमणि भण्डारी र माधवप्रसाद पौडेलले **साहित्यशास्त्र र नेपाली समालोचना** (२०६७) कृतिमा नेपाली समालोचनाको चौथो चरणमा देखा परेका सैद्धान्तिक र नाट्य विधा सम्बद्ध समालोचकको रूपमा मोहनहिमांशु थापाको चर्चा गरेका छन् ।

एकनारायण पौड्यालले आधुनिक **नेपाली समालोचनाको इतिहास** (२०७०) कृतिमा तेस्रो चरण (२०२५-२०४७) पूर्व विकसित समालोचनाको विस्तार अन्तर्विषयक समालोचनाको विकास र शोधपरक समालोचनाको प्रारम्भमा पूर्वीय र पाश्चात्य सिद्धान्तसँग सम्बन्धित समालोचनाका कृतिहरूमा मोहनहिमांशु थापाको **साहित्य परिचय** (२०३६) रहेको चर्चा गरेका छन् ।

विष्णु प्रभातले **साहित्यकार कलाकार परिचय कोश** (२०७०) कृतिमा वि.स. १९९३ मङ्सिरमा काठमाडौँको गोकर्णमा जन्म भएको र माता नन्दकुमारी र पिता रामशरण थापाका पुत्र भएको चर्चा गरेका छन् । बालकृष्ण समको नाट्यशिल्पमा विद्यावारिधि गरी प्राध्यापन पेसा अपनाएका साहित्यकारको रूपमा चिनाएको छ । प्राध्यापनका अतिरिक्त विविध पत्रिकाको सम्पादन, समाजसेवा, विविध सङ्घसंस्थामा आबद्धता गरी राष्ट्रसेवा गरी विभिन्न पदक तथा सम्मान प्राप्त गरेको चर्चा गरेका छन् ।

मोहनहिमांशु थापाका बारेमा विभिन्न समालोचक, लेखकहरुद्वारा पूर्वकार्य भए तापनि उनको समालोचनाकारिता बारे अध्ययन अनुसन्धान नभएकाले प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधपत्र मोहनहिमांशुको समालोचनाकारितासँग सम्बन्धित रहेकाले नेपाली समालोचना क्षेत्रमा मोहनहिमांशुको आगमन, यात्रा, उनका समालोचनात्मक प्रवृत्तिहरू, समालोचनात्मक कृतिको विश्लेषण, नेपाली समालोचनामा थापाको अध्ययन, अनुसन्धान गरिने हुँदा यस सम्बन्धमा जान्न चाहने जो कोही लेखक, पाठक, शोधकर्ता, खोजकर्ता, अनुसन्धाता आदिलाई आवश्यक पर्ने हुँदा शोधकार्यको औचित्य र महत्त्व रहेको छ । समालोचनाहरूमै केन्द्रित भई विभिन्न कोणबाट मूल्याङ्कन र विश्लेषण गरिने हुँदा प्रस्तुत शोधकार्यको आफ्नै किसिमको महत्त्व रहेको छ । यसका अतिरिक्त त्रि.वि. नेपाली विभागको शोध अनुसन्धानको क्षेत्रमा एक इँटा थपिने छ । उल्लेखित विविध औचित्यका साथै यस शोधपत्रको महत्त्व झल्किन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य मोहनहिमांशु थापाको समालोचनाकारितासँग सम्बन्धित रहेको हुँदा उनको जीवनी र व्यक्तित्व, समालोचनायात्रा, समालोचनात्मक कृतिहरूको विश्लेषण, समालोचनात्मक प्रवृत्तिहरू तथा समालोचनात्मक योगदानसँग मात्र सम्बन्धित रही अध्ययन गरिएको छ । यसमा उनका अन्य कृति तथा फुटकर रचनाको विश्लेषण गरिएको छैन र यही यस शोधपत्रको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यको लागि सामग्री सङ्कलन गर्दा पुस्तकालयीय स्रोतको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । अनुसन्धानमा समालोचनाको विश्लेषणका लागि समालोचनाको स्थापित विधागत मान्यतालाई आधार बनाइएको छ । उनका समालोचनात्मक कृतिको विश्लेषण गरी तिनको विशेषता केलाउने काम भएको छ । आगमनात्मक विधिको प्रयोग गरी समालोचनात्मक विशेषता केलाउने काम गरिएको छ ।

## १.८ शोधकार्यको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : मोहनहिमांशु थापाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : मोहनहिमांशु थापाको समालोचनायात्रा

चौथो परिच्छेद : मोहनहिमांशु थापाका समालोचनात्मक कृतिहरूको विश्लेषण

पाँचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# मोहनहिमांशु थापाको सङ्क्षिप्त परिचय

## २.१ मोहनहिमांशु थापाको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

मोहनहिमांशु थापाको जन्म १९९३ साल, चैत्र ५ गते काठमाडौँको गोकर्णमा भएको हो ।[१] बुबा कप्तान रामशरण थापा र आमा नन्दकुमारीका चार भाइ छोरामध्ये माहिला छोराका रूपमा उच्च शैक्षिक वातावरण तथा सैनिक सेवामा उच्च पद प्राप्त गर्न सफल घरपरिवारमा भयो । उनले आफ्नो बाल्यकाल आफ्ना हजुरआमाको स्नेहपूर्ण व्यवहार एवम् आमा बाबुको अपार माया, स्नेह पाएर रमाइलो र आनन्दसँग बिताएका थिए । उनका बाल सुलभ बानीले गर्दा उनी आमाबावुहरूको खेतीपाती गरेको देखेर साथीहरूसँग मिलेर घरवरिपरि स-साना खेतका गह्वा बनाउने, आली लगाउने अनि धान रोपाइँ गरी खेल्ने गर्दथे । वि.सं. १९९८ तिर रामशरण थापा गोकर्णको पैतृक सम्पत्ति बिक्री गरी सम्पूर्ण परिवार सहित सुरुमा काठमाडौँको नक्साल, नधल र पछि ठहिटी क्वाबहालमा डेरा गरी बस्न थालेको पाइन्छ ।[२] यसबाट मोहनहिमांशु थापामा सानैदेखि सहरिया वातावरणको प्रभाव पर्दै गएको देखिन्छ । उनी सानैदेखि मिलनसार प्रवृत्तिका देखिन्छन् । साथीभाइहरूमा समेत झगडा हुँदा मध्यस्थता गर्दथे ।[३] उनको बाल्यकालीन स्वभाव शान्त किसिमको पाइन्छ । शैक्षिक ज्ञान भने पाँच वर्षको उमेरदेखि उनले आफ्ना पिताबाट घरमै शिक्षा प्रारम्भ गरेको पाइन्छ ।

### २.१.२ बाल्यकालीन नाम र प्रचलित साहित्यिक नाम

मोहनहिमांशु थापाको बाल्यकालमा बोलाउने नाम उनकी आमाले मोहन राखेकी थिइन् । राणा प्रधानमन्त्री चन्द्रशम्सेरको चकचकी देखेर भविष्यमा आफ्नो छोरो पनि त्यस्तै प्रभावशाली व्यक्ति बनोस् भन्ने हेतुले उनले मोहन नाम राखेकी हुन् ।[४] आफ्ना परिवार

---

[१] मोहन हिमांशु थापाबाट प्राप्त जानकारी ।

[२] खगेन्द्रप्रसाद पौडेल *मोहन हिमांशु थापाका काव्य प्रवृत्ति* (अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.के.वि., त्रि.वि., २०५६), पृ.७ ।

[३] ऐजन ।

[४] ऐजन ।

तथा इष्ट मित्रले उनलाई यसै नामले बोलाउने गरेको पाइन्छ । काठमाडौंको ठहिटी क्वाबहालमा बस्दा उनका गुरु कीर्तिरत्न बज्राचार्यले उनलाई जुद्धोदय पब्लिक स्कुलमा भर्ना गर्दा रुद्रबहादुर थापा लेखिदिएका थिए । विद्यालयमा कक्षा ९ सम्म उनको यही नाम रहन गयो । आफु बुझ्ने र सोच्ने भएपछि उनलाई यो नाम समेत मन परेन । तत्कालीन २००७ तिर राणाहरूको घोर विरोध भएपछि उनलाई यस नामप्रति वितृष्णा जाग्यो । सानै देखि स्वाभिमानी तथा राष्ट्रिय भावनाले ओतप्रोत भएका थापा मातृभूमि नेपालप्रति अगाध स्नेह र माया राख्थे । त्यसपछि उनले त्यही नाम बाट उच्च व्यक्ति बन्ने अठोट लिए र यसै नामका अगाडि हिमांश थपी मोहन हिमांश थापा नाम लेखाए ।[५] साथीभाइ, इष्टमित्र, शुभचिन्तकहरूले हिमांशु सुहाउने र उपयुक्त हुने सल्लाह दिँदा त्यसपछि उनी मोहनहिमांशु थापाबाटै चिनिएका हुन् ।

### २.१.३ अक्षराम्भ र शिक्षादीक्षा

मोहनहिमांशु थापालाई उनका बुबा रामशरण थापाले ५ वर्षकै उमेरमा श्रीपञ्चमीका दिनदेखि अक्षराम्भ गराउन थालेको पाइन्छ । उनले अङ्ग्रेजी शिक्षाको प्रारम्भिक ज्ञान पनि पिताबाटै लिएको पाइन्छ । क्वाबहालमा बस्दा आफ्ना गुरु कीर्तिरत्न बज्राचार्यसँग मोहनहिमांशु थापाले अङ्ग्रेजी, गणित तथा अन्य विषयको अध्ययन गरेको पाइन्छ । हजुरआमा र आमाबाट पनि प्रशस्त शैक्षिक प्रेरणा प्राप्त गरेको पाइन्छ ।[६]

औपचारिक शिक्षा हासिल गर्ने सिलसिलामा वि.स.२००४ सालमा ११ वर्षको उमेरमा थापालाई उनका गुरु कीर्तिरत्न बज्राचार्यले जुद्धोदय पब्लिक हाइस्कुलमा कक्षा ५ मा भर्ना गरिदिए । वि.स. २००९ सालमा एस.एल.सी परीक्षा यही स्कुलबाट पास गरे । वि.स. २००९ सालमा बाबुको सैनिक सेवाबाट अवकाश पश्चात् परिवारमा भएको आर्थिक अभावले गर्दा अध्ययनलाई निरन्तरता दिन सकेनन् । उनको डाक्टर बनेर सेवा गर्ने इच्छा थियो । त्यो पूरा हुन सकेन । दाजुभाइमध्ये माइलो भएर पनि घरायसी व्यवहारमा उनले दायित्व बोकेका थिए जसको कारणले उनमा तनाव उत्पन्न भई कहिले पशुपति, कहिले स्वयम्भू जस्ता ठाँउमा गई स्वाध्ययन र साहित्य सिजनातर्फ उन्मुख भएको पाइन्छ ।[७]

---

[५] मोहनहिमांशु थापाबाट प्राप्त जानकारी ।

[६] ऐजन ।

[७] खगेन्द्रप्रसाद पौडेल, पूर्ववत् पृ. १० ।

त्यसपछि उच्च शिक्षाको लागि त्रिचन्द्र कलेजमा भर्ना भई अध्ययन गर्न थाले ।[८] वि.स. २०१६/१७ मा उनले नेसनल कलेज (हाल शंकरदेव) बाट स्नातक तह उत्तीर्ण गरेको पाइन्छ । त्यसपछि २०१८-२० का अवधिमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीण गरेको पाइन्छ ।[९]

उनले संस्कृत विषयलाई माध्यमिक तहसम्म अनिवार्य विषयको रूपमा र त्यसपछि स्नातक तहसम्म ऐच्छिक विषयका रूपमा अध्ययन गरेको पाइन्छ । तत्कालीन काठमाडौँमा नेवारी समाजका साथै नेवार साथीभाइहरूसँगको सम्पर्कका कारण समेत उनमा नेवारी भाषाप्रति लगाव बढ्दै गएको पाइन्छ जसको कारणले गर्दा उनले स्नातकोत्तर तहमा समेत ऐच्छिक विषयको रूपमा नेवारी विषय उत्तीण गरेका हुन् । तत्पश्चात् मोहनहिमांशु थापाले **बालकृष्ण समको नाट्य शिल्प** शीर्षकमा त्रिभुवन विश्वविद्यालयबाट वि.स. २०३९ सालमा विद्यावारिधिको उपाधि हासिल गरेको पाइन्छ ।[१०]

### २.१.४ दाम्पत्य जीवन

वि.स. २०२५ सालमा ३२ वर्षको उमेरमा धरान निवासी शम्सेर बहादुर कार्कीकी माइली छोरी उर्मिला कार्कीसँग उहाँको विवाह सम्पन्न भयो ।[११] स्नातक तहसम्म अध्ययन गरेकी सरल र स्वाभिमानी स्वभावकी उर्मिला कार्कीसँगको थापाको दाम्पत्य जीवन प्रारम्भ देखि नै सुखद, रमाइलोका साथ बित्दै आएको देखिन्छ । उनको विवाह भएको २ वर्षपछि २०२७ सालमा छोरा प्रश्वासको जन्म भयो भने २०३२ सालमा अर्का छोरा आश्वासको जन्म भयो ।[१२] उनका जेठा छोरा प्रश्वासले प्रारम्भिक शिक्षा नेपालमै हासिल गरी बंगलादेशबाट एम.बि.बि.एस. गरी बीरेन्द्र सैनिक अस्पत्ताल छाउनीमा सैनिक डाक्टरको रूपमा केही वर्ष काम गरी हाल त्यहाँबाट समेत छोडेर अस्ट्रेलियामा बसोवास गर्दै आइरहेका छन् ।[१३] अर्का छोरा आश्वास चाहिँ भारतको सी.वी.ए.इ. अन्तर्गत श्री सत्य साइ विद्यापीठ क्यालिक्ट केरलाबाट विज्ञान विषयमा ११ कक्षा पास गरी हाल स्वदेशबाटै मानविकी तथा कम्प्युटर

---

[८] मोहनहिमांशु थापाबाट प्राप्त जानकारी ।

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

अध्ययन गरेका छन् । २ छोरा र दम्पत्तिका साथ मोहनहिमांशु थापा पारिवारिक जीवन व्यतित गरिरहेका छन् । हाल ८९ वर्षको उमेरसम्म पनि प्रेम पूर्ण दाम्पत्य जीवन हाँसी खुसी व्यतित भइरहेको देखिन्छ ।

### २.१.५ आर्थिक स्थिति तथा जीवन निर्वाह

मोहनहिमांशु थापाको पारिवारिक स्थिति सम्पन्न नै भएको पाइन्छ । पुर्ख्यौली सम्पत्ति, उच्च सैनिक पदमा बुबाको जागिर भए पनि पछि उनको सम्पत्ति विक्री गर्नुपर्ने परिस्थिति देखा परेको पाइन्छ । बुबा, हजुरबुबाको मनमौजी प्रवृत्तिले आर्थिक अवस्था बिग्रिएको पाइन्छ जसको प्रभाव उनको अध्ययनमा समेत पऱ्यो ।[१४] उनले स्नातकोत्तर पढ्दा पढ्दै शिक्षणमा सक्रिय रहनु बाध्यता पऱ्यो ।

लामो समय संयुक्त परिवारमा रही २०३५ सालमा थापाका दाजुभाइ छुट्टिएको पाइन्छ ।[१५] त्यसपछि उनले आफ्नो पुर्ख्यौली जमिन बेची बल्खु चक्रपथमा एउटा घडेरी किनेका थिए ।[१६] प्राध्यापक पेसाका अतिरिक्त श्रीमती उर्मिलाको सक्रियतामा २०४२ साल देखि टेकुमा डबली प्रेस संचालन गर्दै आएको पाइन्छ । त्यसपछि २०४३ सालमा बल्खु चक्रपथमा घर बनाई आफ्नो स्थायी बसोबास कायम गरेको पाइन्छ । हाल आएर उनको बसोवास ललितपुरको तिखिदेवल भन्ने स्थानमा रहेको छ ।

वि.सं. २०१४ देखि उनले आर्थिक अवस्थाको अभावले गर्दा जागिर खान थालेको पाइन्छ ।[१७] उनले नेपाल, भारत, अमेरिकाको संयुक्त परियोजना रिजनल ट्रान्सपोर्टेसनल अर्गनाइजेसनमा करिब डेढ वर्ष काम गरेको पाइन्छ । त्यसपछि २०१८ सालमा रत्न राज्य लक्ष्मी कलेजमा नेपाली विषयको प्राध्यापन गरेको पाइन्छ । वि.स. २०२१ सालमा उनले पद्मकन्या कलेजमा नेवारी र नेपाली विषय पढाए । त्यसपछि त्यसै वर्ष जेठ २१ देखि भदौ २२ सम्म महेन्द्ररत्न पब्लिक कलेजमा नेवारी विषय पढाएको पाइन्छ । त्यस्तै वि.सं. २०२१ -२०२४ सम्म कलेज अफ ऐजुकेसनमा स्नातकोत्तर तहमा र केही महिना त्रिचन्द्र कलेजमा पनि नेपाली विषयमा प्राध्यापन गरेको पाइन्छ । वि.स. २०२४ साल चैत्र ७ गते देखि त्रि.वि.

---

[१४] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.११ ।

[१५] ऐजन पृ.१२ ।

[१६] मोहनहिमांशु थापाबाट प्राप्त जानकारी ।

[१७] ऐजन ।

सेवा अन्तर्गत उप-प्राध्यापक पदमा स्थायी रूपमा नियुक्त भई तत्कालीन त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्राध्यापन गर्न थालेको पाइन्छ । हाल उनी २०५६ सालबाट सेवा निवृत भई अवकाश जीवन बिताइरहेका छन् । प्राध्यापनकै सिलसिलामा उनले २०३० सालमा ६ महिना सरस्वती क्याम्पस र २०३९ मा पाटन संयुक्त क्याम्पसमा नेवारी विषय प्राध्यापन गरेको पाइन्छ ।[१८]

सेवाकै क्रममा उनको २०३४ साल चैत्र २५ गते सहप्राध्यापक र २०३८ साल वैशाख २८ गते प्राध्यापक पदमा पदोन्नति भएको देखिन्छ । त्यसै गरी २०४६ साल चैत्र १९ गते देखि २०५१ साल जेठ १५ सम्म त्रि.वि. अन्तर्गत नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा विभागीय प्रमुखको र नेपाली विषय समितिको अध्यक्ष समेत भइ काम गरेको देखिन्छ । लामो शिक्षण अनुभव, विविध सङ्घसंस्थाहरूमा आबद्ध रहेका थापा योग्य, अनुभवी र प्रतिष्ठित प्राध्यापकका रूपमा चिनिन्छन् ।[१९]

### २.१.६ सामाजिक गतिविधिमा संलग्नता

प्राध्यापनका अतिरिक्त मोहनहिमांशु थापा सामाजिक व्यक्तित्वका रूपमा समेत चिनिन्छन् । उनी आफ्नो पुर्ख्यौली सैनिक सेवाबाट विमुख भई प्राध्यापनतिर संलग्न भएका हुन् ।[२०] वि.स.२०१८ सालमा र २०२१ सालमा भएको नेपाल रेडक्रसबाट भएको रक्तदान कार्यक्रमबाट उनमा परोपकारी भावना जागृत भएको पाइन्छ । उनले नेपाल अध्ययन मैत्रीमण्डलमा रही काम समेत गरेको पाइन्छ । त्यस्तै बालबालिका तथा वृद्धको समस्यामा आधारित शान्ति आश्रमको कार्यपत्र समेत तयार पारी काम गरेको पाइन्छ । यस संस्थामा उनी लामो समयसम्म रहेर सम्पादन तथा प्रकाशनको काम समेत गरेको पाइन्छ । २००७ सालपछि उनले साथीहरूसँग मिलेर वाचनालय, पुस्तकालय तथा विद्यालय स्थापना जस्ता कार्यमा सहभागिता जनाएको पाइन्छ । वि.स. २०२१ देखि २०३० सम्म नेपाल सोभियत सांस्कृतिक सङ्घमा सदस्य तथा २०२२ -२०२८ सम्म नेपाल सोभियत मैत्री सङ्घको सदस्य रही काम गरेको पाइन्छ ।[२१]

---

[१८] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७, पृ. ४४ ।

[१९] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ. १५ ।

[२०] ऐजन ।

[२१] खगेन्द्रप्रसाद लुइटेल पूर्ववत् पृ.४४ ।

त्यस्तै २०२३ सालमा नेपाली वाङ्मय परिषद्का सहसचिव भएर काम गरेको पाइन्छ । यसैप्रकार २०२७-३२ सम्म नेपाल कोरिया मैत्री सङ्घअन्तर्गत प्रकाशन समितिको सदस्य, २०४५ साल देखि २०४८ सालसम्म चिलढुङ्गा सुधार समिति बल्खुका अध्यक्ष, २०४८ देखि नेपाल जापान मैत्री परिषद्का कार्यकारी सदस्य एवम् २०५० देखि विश्वभातृत्व तथा मैत्री सङ्घ जापान नेपाल शाखामा कार्य समितिका सदस्य समेत रही सामाजिक योगदान दिएको पाइन्छ ।[२२] त्यस्तै २०४८ देखि बल्खु कुमारी क्लबका साधारण सदस्य, चेनशील मानव समाजका वरिष्ठ सल्लाहकार तथा २०५२ सालदेखि काठमाडौँ महानगरपालिका वडा न.१४ कलङ्की स्थित सामाजिक विकास संस्थाका प्रमुख सल्लाहकार रहेर सामाजिक सेवा गर्दै आएको पाइन्छ ।[२३] त्यस्तै गरी उनी प्रत्यक्ष अप्रत्यक्ष रूपमा विविध सङ्घ संस्थाहरूमा संलग्न भएको देखिन्छ ।

### २.१.७ साहित्यिक सङ्घ संस्थाहरूमा संलग्नता

विद्यार्थी अवस्था देखि नै मोहनहिमांशु थापा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूमा आबद्ध रहँदै आएको पाइन्छ । वि.स.स २०१४ सालमा काठमाडौंमा साहित्यिक संस्था रोदी समूहका संस्थापक सदस्य, कार्यकारी सदस्य तथा सचिव समेत भई उनले कार्य गरेका देखिन्छन् ।[२४] त्यस्तै २०१८-२१ सम्म नेपाली लेखक सङ्घका कार्यकारी सदस्य, वि.स.२०१८ देखि २०२० सम्म साहित्य समागम संस्थाका सदस्यका रूपमा काम गरेको पाइन्छ । यसका साथै उनी नेपाली साहित्य संस्थाद्वारा २०२२ सालमा आयोजित रामपुर चितवनमा, २०२३ सालमा झापामा तथा २०२४ सालमा धनगढीमा आयोजित सेमिनारमा सहभागी भएको जानकारी पाइन्छ ।[२५]

त्यस्तै गरी २०४६ साल देखि २०५१ सालसम्म नेपाली केन्द्रीय विभाग अन्तर्गतको साहित्यकुञ्जका संरक्षकको रूपमा २०४६ साल चैत्रदेखि २०५२ साल जेठ सम्म साझा प्रकाशनका संचालक समितिका सदस्य तथा साझा प्रकाशनबाट प्रकाशित गरिमा पत्रिकाका वरिष्ठ सल्लाहकारका रूपमा समेत कार्यरत रहेको पाइन्छ ।[२६] त्यस्तै उनी लामो समयसम्म

---

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] माधवप्रसाद पाण्डेय, **कवि मोहनहिंमाशु थापाका जीवनी, व्यक्तित्व र कविताकृतिको विवेचना** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि., त्रि.वि., २०५४), पृ. २५ ।

[२५] ऐजन ।

[२६] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.१५ ।

युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानका अध्यक्ष, २०५१ सालदेखि तिवारी साहित्यिक समितिका सदस्यमा रही काम गरेको पाइन्छ । त्यस्तै २०४५ मा प्रकाशित **आखे** नेवारी पत्रिकाका प्रधान सम्पादक २०५४ मा प्रकाशित **ज्ञानकुञ्ज** पत्रिकाका सल्लाहकार तथा २०५३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको सार्क स्तरीय कवि गोष्ठीको संयोजकको भूमिका समेत निर्वाह गरेको पाइन्छ ।[२७] यसरी मोहनहिमांशु थापाले साहित्यिक सङ्घ संस्थाहरूमा आबद्ध भएर विविध सभा सम्मेलन तथा गोष्ठीहरूमा सहभागी भई साहित्यिक व्यक्तित्वको रूपमा आफूलाई चिनाएका छन् ।

### २.१.८ शैक्षिक सङ्घ संस्थाहरूमा आबद्धता

मोहनहिमांशु थापा विविध शैक्षिक सङ्घ संस्थाहरूमा आबद्ध रही देशको सेवा भावनामा आफुलाई समर्पित गरेको पाइन्छ । वि.स. २०४६ सालदेखि २०५१ सम्म त्रि.वि.अन्तर्गत नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख भई काम गरेका छन् ।[२८] यसै क्रममा उनी नेपाली विषय समितिका अध्यक्ष र २०४६ देखि २०५० सम्म त्रि.वि.सभाका सदस्य समेत रही कार्य गरेको देखिन्छ । त्यस्तै २०४६ देखि २०५१ सम्म विज्ञान तथा प्रविधि अध्ययन संस्थान विद्यापरिषद्का सदस्य र इञ्जिनियरिङ्ग अध्ययन संस्थानको विद्यापरिषद्मा रही काम गरेको पाइन्छ ।[२९]

वि.सं. २०५१ सालदेखि नेवारी विषय समितिका सदस्यका रूपमा समेत काम गरेको पाइन्छ । त्यस्तै उनले त्रि.वि. अनुसन्धान समन्वय तथा विकास परिषद् शिक्षाशास्त्र सङ्काय अन्तर्गतको नेपाली विषय समिति, मानविकी तथा सामाजिक शास्त्र अन्तर्गतको प्राज्ञिक परिषद् तथा विद्या परिषद्का सदस्यका रूपमा संलग्न रहेको पाइन्छ । त्यस्तै श्री ५ को सरकार उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गतको ऐच्छिक नेपाली विषय समितिका अध्यक्षका रूपमा समेत काम गरेको जानकारी पाइन्छ ।[३०]

### २.१.९ जीवनका अविस्मरणीय क्षणहरू

हरेकको जीवनका अविस्मरणीय क्षणहरू भएझैँ मोहनहिमांशु थापाको जीवनमा पनि केही अवस्मरणीय घटनाहरू घटेका छन् । वि.स. २०२० साल भदौमा आल्पिनले दाँत

---

[२७] खगेन्द्रप्रसाद लुइटेल पूर्ववत् पृ.४४ ।

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ. १६ ।

कोट्याउँदा त्यो निल्न पुगेका थिए र त्यसले उनलाई निकै चिन्तित बनायो । डाक्टरहरूलाई देखाउँदा उनको नेपालमा शल्यक्रिया हुन नसक्ने भएकाले भारत जान सल्लाह दिए तर घरको आर्थिक स्थितिले गर्दा त्यो सम्भव भए । त्यसपछि उनका पिता र अन्य साथी भाइहरूले फलफूलको रस र केरा खाने सल्लाह दिएकाले सोही अनुरूप गर्दा भोलिपल्ट बिहान दिसामा आल्पिन निस्क्यो जो निकै अविस्मरणीय घटना रहन गयो ।[३१] त्यस्तै वि.सं. २००४ सालमा बुबा रामशरण थापाले घरायसी कागत गरी गोर्कणमा पुनः लिएको जग्गामा परेको लामो समयसम्मको अदालती मुद्दा २०३५ सालमा आफ्नो पक्षमा फैसला भएको समय अत्यन्तै खुसीको क्षण हो ।[३२] त्यस्तै मातृ र पितृ भक्ति गरी आदर्शता निर्वाह गर्ने थापाका पिता रामशरणको २०३४ सालमा र आमा नन्दकुमारीको २०४१ सालमा स्वर्गवास भएको घटनाले उनलाई निकै दुःखी तुल्याएको पाइन्छ ।[३३] वि.स. २०६० पछि भएको कोल्ड एलर्जीको कारणबाट थापाको कान नसुन्ने समस्याले गर्दा उनलाई विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुन, साथीभाइहरूसँग खुलेर कुराकानी गर्न तथा अन्य क्रियाकलापमा समेत समेत भएको हुँदा निकै दुःखी बनाएको देखिन्छ ।[३४]

### २.१.१० भ्रमण

मोहनहिमांशु थापाले आफ्नो साहित्ययात्रा, प्राध्यापक पेसा, विभिन्न सङ्घसंस्थाहरूमा आबद्धताका क्रममा देशभित्र र बाहिर विभिन्न ठाँउहरूमा भ्रमण गरेका छन् । यस क्रममा वि.स. २०२२ सालमा शिक्षा मन्त्रालयले आयोजना गरेको सामाजिक सेवा अन्तर्गत कास्की जिल्लाको भ्रमण गरेको पाइन्छ ।[३५] देशव्यापी साहित्य सेमिनारमा सहभागी हुने सिलसिलामा २०२३ सालमा झापा र २०२४ सालमा धनगढी र कञ्चनपुर जिल्लाको भ्रमण गरेको पाइन्छ । त्यस्तै धनकुटा, सप्तरी जिल्लाको समेत भ्रमण गरेको पाइन्छ । त्यस्तै २०२३ सालमा श्री ५ को सरकारबाट विकास आयोजनाहरूको अध्ययन गर्ने सिलसिलामा उनले स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाची, रूपन्देही, प्युठान, दाङ, बाके, हुम्ला, जुम्ला, कालिकोट, २०३२ सालमा भोजपुर, संखुवासभा, सुनसरी, मोरङ, मकवानपुर, पर्सा, बारा,

---

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] मोहनहिमांशु थापाबाट प्राप्त जानकारी ।

[३४] शोधार्थीले प्रत्यक्ष जानकारी प्राप्त गरे अनुसार ।

[३५] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.१७ ।

काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, धनुषा र २०३९ सालमा सोलुखुम्बु, खोटाङ, उदयपुर आदि जिल्लाको पनि भ्रमण गरेका छन् ।[३६]

उनले नेपाल बाहिर समेत विभिन्न मुलुकको भ्रमण गरेका छन् । भारतका विभिन्न ठाँउहरू दिल्ली, बिहार, उत्तर प्रदेश, मध्य प्रदेश, महाराष्ट्र आदि ठाँउहरूको भ्रमण गरेको पाइन्छ । त्यस्तै नेपाल सोभियत सांस्कृतिक सङ्घका तर्फबाट २०२५ सालमा मैत्री प्रतिनिधि मण्डलका नेताका रूपमा तत्कालीन सोभियत सङ्घको भ्रमण गरेका छन् ।[३७]

यस क्रममा उनले मस्को, पिटर्सवर्ग र मोल्बियाको समेत भ्रमण गरेको देखिन्छ । वि.स. २०३० सालमा नेपाल कोरिया मैत्री सङ्घका तर्फबाट मैत्री प्रतिनिधि मण्डलका सदस्यका रूपमा प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको भ्रमण गरेका छन् । यस सिलसिलामा उनले चीन र बर्माको समेत भ्रमण गरेको पाइन्छ । त्यस्तै गरी २०४८ सालमा जापान, सिङ्गापुर र हङकङको समेत भ्रमण गरेको पाइन्छ ।[३८]

### २.१.११ व्यक्तिगत रुचि तथा स्वभाव

मोहनहिमांशु थापा शालीन स्वभावका अध्ययनशील तथा चिन्तनशील व्यक्तित्व हुन् । नयाँ नयाँ विषयवस्तुको अध्ययन, पत्रपत्रिका, घटना, समाचार, लेख रचना पढ्न मन पराउँछन् । विशेष गरी देशका हरेक कुना काप्चामा भ्रमण गर्ने उनको धोको छ । नेपाल जस्तो प्राकृतिक, सांस्कृतिक सुन्दताले भरिपूर्ण देशको भूबनोट, रहनसहन, जीवनस्तर, धर्म, संस्कृति, परम्परा, रिति, स्थिति बारे जान्न उत्सुक हुन्छन् । खाने कुरामा उनी त्यति धेरै सौखिन देखिँदैनन् । साधारण दालभात, तरकारी, अचार, तोरीको साग, मासको मस्यौरा, तितौरा, तामा र हरियो भटमासका साथै दही मन पराउँछन् ।[३९] पहिरनमा पनि धेरै रुचि देखिदैन । धेरै जसो सर्ट पाइन्ट, छालाका जुत्ता मन पराउँछन् । विशेष अवसरमा दौरा, सुरुवाल, कोट र टोपी लगाउँछन् ।[४०]

सानैदेखि इमान्दार, परिश्रमी, मिलनसार, मृदुभाषी अनि सरल र शान्त स्वभाव उनमा पाइन्छ । हँसिलो स्वभाव भएका थापा, स्वच्छ, पवित्र, विचार राख्ने शालीन र

---

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] माधवप्रसाद पाण्डेय पूर्ववत् पृ. ३५ ।

[३९] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.१८ ।

[४०] ऐजन ।

स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । कोमल बोलीले गर्दा उनीप्रति सबै आकर्षित हुन्छन् । उनी मित्रता गाँस्ने जो कोहीसँग पनि सहृदयी व्यवहार गर्दछन् ।

उनको सहयोगी भावना, उपकारी भावनाले गर्दा उनमा जाल, प्रपञ्च, चाप्लुसी गर्ने भावना रहेको पाइँदैन । बाल्यकालमा समेत उनको कसैसँग पनि झगडा परेको पाइँदैन । बरु उनी झगडा पर्दा समेत मध्यस्तकर्ताको भूमिकामा रहने गरेको पाइन्छ । हाल ८९ वर्षको उमेरमा आइपुग्दा समेत उनमा हँस्यौली, ठट्यौली गर्दै आफ्नो जीवन संगिनी उर्मिला र परिवारका साथ दिनहरू बिताउने गरेको पाइन्छ ।[४१] सानैदेखि लगनशील व्यक्तित्व र जस्तोसुकै कठिनाइ परे पनि बिचलित नहुने व्यवहार उनको छ । सरल र नम्र स्वभावका थापामा भावुकता अनि संवेदनशीलता पाइन्छ ।[४२] उनी आफ्नो देश र संस्कृतिलाई ज्यादै माया गर्ने राष्ट्रप्रेमी, संस्कृतिप्रेमी व्यक्तित्व हुन् । नित्य पूजापाठ गरी अध्ययन गर्ने धैर्यवान्, गम्भीर कवि समालोचकयुक्त भाव उनमा पाइन्छ ।

### २.१.१२ लेखन

#### २.१.१२.१ लेखनका लागि प्रेरणा र प्रभाव

मोहनहिमांशु थापाको लेखनयात्रा वि.स. २००७ सालपछि प्रजातान्त्रिक खुला वातावरणमा भएको पाइन्छ । देशका तत्कालीन साहित्यकारहरू साहित्य सिर्जनामा अग्रसर रहन्थे, त्यसबेला उनीहरूबाट समय समयमा हुने विभिन्न साहित्यिक सभा, सम्मेलन तथा गोष्ठीहरूमा मोहनहिमांशु समेत सामेल हुन्थे । बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल जस्ता नेपाली कविहरूको साहित्य सिर्जनाबाट विद्यार्थी अवस्थादेखि नै थापा प्रभावित र प्रेरित हुँदै गएको देखिन्छ ।[४३]

नेपाली मातृभाषी भएर पनि काठमाडौँमा तत्कालीन नेवारी भाषाको समेत राम्रो ज्ञान उनमा थियो । भाषाप्रतिको उच्च मोहले गर्दा उनले संस्कृत भाषाको पनि अध्ययन गरेका थिए । त्यसै गरी औपचारिक, अनौपचारिक शिक्षा दीक्षाका क्रममा उनले स्वाध्यायनको रूपमा हिन्दी र अङ्ग्रेजी भाषाको समेत अध्ययन गरेको पाइन्छ ।[४४] वि.स. २००८ सालतिर

---

[४१] शोधार्थीले प्रत्यक्ष देखे अनुसार ।

[४२] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.२० ।

[४३] ऐजन ।

[४४] मोहनहिमांशु थापाबाट प्राप्त जानकारी ।

जुद्धोदय हाइस्कुलमा साहित्य सम्मेलनमा उनले कथा वाचन गरेको पाइन्छ जसबाट सभापति लक्ष्मीप्रसाद देवकोटाले थापाको प्रशंसा गरेका थिए । त्यस्तै अन्य विविध कार्यक्रमहरूमा बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित लगायतका लेखक तथा कविहरूद्वारा उनको साहित्य सिर्जनाको प्रशंसा हुने गरेको पाइन्छ ।[४५]

पाश्चात्य साहित्यका वर्डस्वर्थ, कलरिज, बाइरन, किट्स, इलियट, डाइलन, टोमस आदि साहित्यकारबाट थापा प्रभावित देखिन्छन् । त्यस्तै हिन्दी साहित्यकार जयशंकरप्रसाद, सुर्यकान्त त्रिपाठी निराला, सुमित्रानन्दन पन्त, महादेवी वर्मा, हरिवंशराय वच्चन, रवीन्द्रनाथ टैगोर तथा अरेबियन साहित्यकारहरू खलिन जिब्रान, उमर खैयाम तथा उर्दुका मिर्जा गालिब, मजाज लखनवी, फिराग गोरखपुरी आदिबाट थापा प्रभावित देखिन्छन् ।[४६] वि.स. २०१४ सालतिर रोदी विशिष्ट साहित्यिक संस्थाका संस्थापक सदस्यका रूपमा रही काम गरेबाट उनको साहित्य लेखनमा निरन्तरता आएको पाइन्छ ।[४७] यस प्रकार मोहनहिमांशु थापाको साहित्य सिर्जना प्रजातन्त्रको बहालीसँगै साहित्य क्षेत्रमा समेत देखा परेको नयाँ सिर्जना, वातावरण, परिवार, समाज, तत्कालीन परिवेश, राष्ट्रिय, अन्तराष्ट्रिय चेतना जस्ता विषयले प्रभाव पारेको पाइन्छ ।

### २.१.१२.२ **लेखनको प्रारम्भ**

समालोचक मोहनहिमांशु थापाको लेखन यात्रा वि.स. २०११ सालमा ***शारदा*** पत्रिकामा प्रकाशित *कैयौँ गीतको लहर छुट्यो* शीर्षक कविताबाट भएको पाइन्छ[४८] तथापि उनले २००७ साल तिर नै कवित लेखनको थालनी गरेको पाइन्छ । २००८ सालतिर रेडियो नेपालको विद्यार्थी र साहित्य कार्यक्रममा उनका केही कविता र कथाहरू समेत प्रसारण भएका थिए । त्यसबेला उनका कविता जनार्दन, सम, श्यामदास बैष्णव, नातिकाजी, हरिप्रसाद रिमाल आदिले रेडियो नेपालबाट वाचन गरिदिएको जानकारी पाइन्छ[४९] तर हाल ती रचनाहरू उपलब्ध छैनन् ।

---

[४५] खगेन्दप्रसाद पौडेल पूर्ववत् पृ.२१ ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.४६ ।

[४९] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.२१ ।

#### २.१.१२.३ प्रकाशित कृतिहरू

मोहनहिमांशु थापाको लेखनयात्रा २००७ साल देखि भए पनि कृतिगत रूपमा उनका थोरै कृतिहरू प्रकाशित छन् । उनले कविता, समालोचना र अनुवाद क्षेत्रमा नेपाली साहित्यलाई योगदान दिएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरूको सूची निम्नानुसार छ :

| **क्र.स.** | **प्रकाशित कृति** | **विधा** | **प्रकाशन वर्ष र प्रकाशक** |
|---|---|---|---|
| १ | **खुकुरी माथि एक चौटा बादल** | कविता सङ्ग्रह | २०३०, युगान्तर प्रकाशन |
| २ | **साहित्य परिचय** | समालोचना | २०३६ साझा प्रकाशन |
| ३ | **जापानी लघुकथा** | कथा (अनुदित) | २०४२ च्वसापासा प्रकाशन |
| ४ | **न्यू जापानी हाइकू** | कविता | २०४५ च्वासापासा प्रकाशन |

#### २.१.१२.४ फुटकर समालोचनाहरूको सूची

मोहनहिमांशु थापाले फुटकर समालोचना पनि लेखेको पाइन्छ तथापि मात्रात्मक रूपमा थोरै समालोचना लेखेको पाइन्छ । वि.स. २०२१ सालमा *उनी देवता हुन्मा एक दृष्टि* समालोचनात्मक लेख **शारदा** पत्रिकामा गरेर यस क्षेत्रमा देखा परेका हुन् ।[५०] उनका धेरै जसो फुटकर समालोचनाहरू नाटक विधामा आधारित छन् उनका प्राप्त फुटकर समालोचनाहरूको सूची निम्नानुसार छ :

[५०] ऐजन पृ.२४ ।

**हालसम्म प्राप्त फुटकर समालोचनाहरू**

| क.स. | समालोचना शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | *उनी देवता हुन्मा एक दृष्टि* | **रूपरेखा** २०२१, वर्ष ४, **अङ्क** १२, पृ. १०७ -१२१ |
| २ | *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* | **गोरखापत्र** २०३४, साउन २९ गते, पृ.५ |
| ३ | *नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी* | **अभिव्यक्ति,** २०३९,भाद्र गीष्म, वर्षा ऋतुअङ्क, पृ. ६४-६९ |
| ४ | *बालकृष्ण समका नाटकमा बालपात्र* | **रश्मि** २०४० वर्ष १, **अङ्क** ३ माघ, फागुन र चैत्र पृ. ६-११ |
| ५ | *नेपाली नाट्य परम्परामा रिमालको नाट्य शिल्प* | **बृहत् नेपाली समालोचना** ई.१९८९ पृ. ९१ -१०१ |
| ६ | *नाटककार बालकृष्ण सम* | **कुञ्जिनी** २०४९, **वर्ष** १, **अङ्क** १, पृ. २१-२८ |
| ७ | *नाटककार बालकृष्ण समको नाट्य प्रवृत्तिको आधारभूमि* | **रश्मि** २०४९ पृ. ३९-४५ |
| ८ | *बालकृष्ण समका साहित्यचेतना* | **गोरखापत्र** २०५० माघ २३ पृ.६ |
| ९ | *नाट्य निर्देशन र अभिनयमा समको योगदान* | **गरिमा** २०५० पृ. ८१-८४ |

### २.१.१३ सम्मान तथा पुरस्कार

मोहनहिमांशु थापा साहित्य साधनामा हाल सम्म पनि सक्रिय व्यक्तित्वका रूपमा चिनिन्छन् । उनको यो साहित्ययात्रालाई कतिपय व्यक्ति, संस्था र राज्यले सम्मान गरेका छन् । वि.स. २०१२ सालमा सहिद स्मारक समितिद्वारा आयोजित साहित्य सम्मलेनमा सहिद गंगालालको जीवनी लेखेबाफत उनले रजत पदक प्राप्त गरेका छन् ।[५१] वि.स. २०२२ साल

[५१] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ.४६ ।

फागुन महिनामा नेपाली साहित्य संस्थानका तर्फबाट देवघाटमा भएको राष्ट्रिय कवि सम्मेलनमा उनले पाठ गरेको *आँखाको गुराँस हत्केलाको सुनगाभा* कविताले सम्मान तथा पुरस्कार पाई उनलाई गोरखा दक्षिण बाहु पदकद्वारा सम्मानित गरियो ।[५२] वि.स. २०२४ सालमा श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा नगद पुरस्कार र शिक्षा दिवसका अवसरमा शिक्षा पुरस्कार प्रदान गरिएको छ ।[५३] त्यसै गरी २०५३ सालको शिक्षा दिवसको अवसरमा क श्रेणीको महेन्द्र विद्या भूषण पनि प्राप्त गरेका छन् ।[५४] त्यस्तै २५ वर्षसम्म सेवा गरेबार्फत त्रि.वि.बाट दीर्घसेवा पदक पनि प्राप्त गरेका छन् ।[५५]

### २.१.१४ जीवनदर्शन र मान्यता

मोहनहिमांशु थापाको सिर्जनशील व्यक्तित्व निर्माण विविध जीवन जगत्का मूल्य मान्यताहरूद्वारा निर्देशित भएको पाइन्छ । उनका अनुसार मानव जीवन भन्नु जीवन र मृत्युको दोसाँध हो । जन्मसँगै जीवनको प्रारम्भ हुन्छ र जीवनयात्राको अन्तिम बिन्दु नै मृत्यु हो भन्ने मान्यतामा विश्वास राख्दछन् । वास्तवमा जीवन भौंग्दै जाँदा मृत्युका नजिक पुग्नुपर्ने घटनाहरू घटिरहन्छन्[५६] ।

यस सन्दर्भमा उनको एउटा भनाइ सान्दर्भिक देखिन्छ : जीवनको यात्रामा मैले मृत्युका पदचाप सुनेको छु, जीवन जन्मेकै क्षणमा मृत्युका पदचापहरू सुनेको छु, जीवन भनेकै जन्मेकै क्षणमा मृत्युको जन्म हुन्छ । यस यात्राको क्रममा मैले एउटा आँखामा जीवन हाँसेको देखेको छु भने अर्को आँखामा मृत्यु रोएको देखेको छु, जीवनको संवेदनामा मृत्युको कुनेत्रो लागेको पनि अनुभव गरेका छु ।[५७] कवि थापामा मृत्युबोध र अस्तित्वबोध पनि पाइन्छ । त्यही अस्तित्व बोधको दिशामा उनका कविताले मृत्यु र निराशाको स्वरलाई समेत सुसेलेको पाइन्छ । उनका दृष्टिमा काव्यमा निराशा जीवनको हतोत्साह होइन् न जीवनको उदासिनता हो आफुले भोगेको परिवेशबाट पलायनको प्रक्रिया हो । पलायनको अन्तिम सीमा मृत्यु हो । पलायनको गन्तव्य स्थल एक मात्र आत्महत्या हो तर निराशाको अर्थ

[५२] ऐजन ।

[५३] ऐजन ।

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.२६ ।

[५७] ऐजन ।

पलायनद्वारा मृत्यु वा आत्महत्या हो भन्ने पक्षमा उनी विश्वास गर्दैनन् । मृत्युबोध भनेको जीवनमा हुन्छ र व्यक्तिको अस्तित्वमा हुन्छ अनि मृत्युबोधमै जीवनको अस्तित्व हुन्छ भन्ने कुरामा उनी विश्वास गर्दछन्[५८] तसर्थ कवि थापाले म जीवनको अस्तित्वबोधको घोषणापत्रको रूपमा लिन्छु भनेको पाइन्छ ।[५९] यिनै दृष्टिकोण अनुरूप उनले आफ्ना अन्तचेतनामा विभिन्न पीडा, कुण्ठा, सन्त्रास, विरोध, विद्रोह, विषमता र जटिलताको अनुभव गरेको पाइन्छ ।[६०] यिनै मूल्यमान्यता र मानवताप्रति आस्था लिएर उनी आफ्नो काव्य साधनामा संलग्न रहेका देखिन्छन् । यसका अतिरिक्त कवि थापा मानवतावादका चिन्तक पनि हुन् । उनका कविताको आधार विषयवस्तु र अनुभूतिको केन्द्रीयतामा पनि मानव नै रहेको पाइन्छ ।

सुरुमा स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात् गर्दै आधुनिक प्रयोगवादी चेतनाबाट समेत प्रभावित भई आफ्नो छुट्टै वैशिष्ट्य लिएर नेपाली साहित्यमा क्रियाशील रहेका पाइन्छन् ।[६१] उनका दृष्टिमा जीवनका क्रममा प्राप्त विभिन्न भाव विचार र अनुभूति विशेषको तीव्र र सम्पूर्ण अभिव्यक्ति नै कविता हो ।[६२] कविता भनेको जीवनको क्रममा प्राप्त विविध अनुभूतिको अभिव्यक्ति हो । यसै अभिव्यक्तिको लागि कल्पना, भावना र सिर्जनशीलता कविताको निम्ति आवश्यक तत्त्व वा अङ्गको रूपमा लिन सकिन्छ । कविता सिर्जनाको लागि खास वातावरणको अपेक्षा गर्दै उनले भनेका छन् । देशमा स्वतन्त्रता र शान्ति आवश्यक हुन्छ । किनकि सिर्जनात्मता उन्मुक्त वातावरणबाट निस्किन्छ । कवि थापालाई कविता लेख्न कापी कलम लिएर घोत्लिनु पर्दैन ।[६३] उनी भन्दछन् : पहिला नयाँ सडक, टुँडीखेल, आदि स्थानमा डुल्दा ममा कविता स्फुरित भएर आउँथ्यो । त्यसपछि घरमा आएर लेख्थेँ ।[६४] यिनै काव्य मान्यतालाई आत्मसात् गरी कवि थापाले सहज र स्वतःस्फूर्त रूपमा मनोजगत्का भावनाहरूलाई कलात्मकताले सिङ्गार्दछन् । उनका रचनाहरूमा स्वच्छन्दतावाद प्रगतिवादका प्रभावमा मानवीय प्रेम, राष्ट्रियता, आशावादी जीवन चेतना

---

[५८] माधवप्रसाद पाण्डेय पूर्ववत् पृ .३८ ।

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ. २७ ।

[६२] ऐजन ।

[६३] ऐजन ।

[६४] ऐजन ।

तथा आत्म गौरवका भावहरू व्यक्त भएका छन् भने प्रयोगवादी स्पर्शमा चाहिँ उनका कवितामा मृत्युबोध, व्यथा, निराशा, सन्त्रास एवम् निस्सारता जस्ता जीवनगत विसङ्गतिका भावहरू व्यक्त भएको पाइन्छ ।[६५]

## २.२ मोहनहिमांशु थापाको व्यक्तित्व

### २.२.१ शारीरिक व्यक्तित्व

शारीरिक रूपमा मोहनहिमांशु थापा आकर्षक व्यक्तित्व देखिन्छन् । गोरो वर्ण, बाटुलो अनुहार, र फुलेका रौहरू उनको ८९ वर्षको बृद्धा अवस्थामा समेत फुर्तिला देखिन्छन् । केही त्रिशुलाकार देखिने चौडा निधार, ठिक्क नाक र कान, बृद्धा अवस्थाका कारण चाउरिएका गाला भएपनि सुहाउँदो शरिर देखिन्छ ।[६६] अनुहारमा तथा शरिरका भागमा स- साना कोठी जस्ता राताराता चिन्हहरू देखिन्छन् । उचाई ५ फिट ३ इञ्च भएका थापा पातलो शरीर भएका आकर्षक व्यक्तित्व रहेको छ ।[६७]

### २.२.२ व्यक्तित्वका विभिन्न आयामहरू

व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक, धार्मिक, व्यावसायिक आदि वाह्य तत्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।[६८] यस दृष्टिले हेर्दा मोहनहिमांशु थापा साहित्यकार एवम् साहित्येतेत्तर व्यक्तित्वका रूपमा चिनिन्छन् । उनले आफ्नो सिङ्गो जीवन प्राध्यापन पेशामा समर्पित गरेका छन् । बहुभाषाका ज्ञाता थापाले सामाजिक सेवामा पनि योगदान दिएको देखिन्छ । विभिन्न कविता, समालोचना, अनुवाद जस्ता विधामा कलम चलाउने उनको व्यक्तित्वका आयामहरू निम्नानुसार चर्चा गरिएको छ :

#### २.२.२.१ साहित्यकार व्यक्तित्व

**१. कवि व्यक्तित्व**

मोहनहिमांशु थापाको कविता सिर्जनाको प्रारम्भ **शारदा** पत्रिकामा प्रकाशित *कयौं गीतको लहर छुट्यो* शीर्षक कविताबाट औपचारिक कवितायात्रा प्रारम्भ भएको पाइन्छ ।[६९]

---

[६५] माधवप्रसाद पाण्डेय पूर्ववत्, पृ. ३९ ।

[६६] ऐजन पृ. २८ ।

[६७] शोधार्थीले प्रत्यक्ष देखे अनुसार ।

[६८] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ. २८ ।

[६९] ऐजन पृ. २९ ।

यद्यपि यस भन्दा अघि समेत रेडियो नेपालबाट उनका कविता प्रसारण भएको जानकारी पाइन्छ । उनको **खुकुरी माथि एक चौटा बादल** २०३० कवितासङ्ग्रह प्रकाशित छ ।[७०] यसमा उनका केही मुक्तक सहित ५० वटा फुटकर कविताहरू सङ्ग्रहित छन् । यस बाहेक उनका कतिपय फुटकर कविताहरू समसामयिक पत्रपत्रिकाहरूमा छरिएर रहेका पाइन्छन् । गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले उनको अन्य साहित्यिक व्यक्तित्वका सापेक्षतामा कवि व्यक्तित्व नै उर्वर देखिन्छ ।[७१] उनका लघुत्तम कविता रूप मुक्तक र लघुकवितामा सिर्जना केन्द्रित रहेको देखिन्छ । थापाले आधुनिक नेपाली कविता परम्परामा वि.स. १९९१ देखि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको नेतृत्वमा फस्टाएको स्वच्छन्दतावादी काव्यधारालाई आत्मसात् गर्दै कविता सिर्जना गर्न प्रारम्भ गरेका छन् ।[७२] उनी स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी काव्य मान्यता अनुरूप भाव र शैलीमा नवीनता र आफ्नो निजत्वलाई अङ्गाल्ने व्यक्तित्व हुन् । स्वच्छन्दतावादी प्रभावमा उनका कवितामा मानवीय प्रेम, राष्ट्रियता, आशावादी जीवन चेतना, आत्मगौरबका भावहरू व्यक्त हुन्छन् । प्रयोगवादी प्रभावमा मृत्युबोधका व्यथा, निराशा, कुण्ठा, सन्त्रास जस्ता विसङ्गतिहरूको चित्रण पाइन्छ । मुक्त छन्दमा रचिने उनका कवितामा युगीन परिवेश प्रति आक्रोस नवीन मूल्यको खोजी, मानवतावादी भावना तथा यौवनप्रतिको सम्मोहन जस्ता भावहरू नवीन विम्ब प्रतीकका माध्यमबाट प्रतीकात्मक र कलात्मक रूपमा प्रस्तुत गरिएका हुन्छन् ।[७३]

## २. कथाकार व्यक्तित्व

मोहनहिमांशु थापाले कथा विधामा धेरै कलम नचलाए पनि उनलाई कथाकार व्यक्तित्वको रूपमा चिनाउने *देवता हास्यो* (२०१२) एक मात्र लघु कथा हो ।[७४] वि.स. २०११ सालबाट उनले साहित्ययात्रा सुरु गरेपनि २००७ पछि उदाउँदो प्रजातान्त्रिक खुल्ला वातावरणमा तत्कालीन साहित्यकारहरूबाट प्रभावित भई सिर्जनाको क्षेत्रमा विविध कथाहरू

---

[७०] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्  पृ.४६ ।

[७१] खगेन्द्रप्रसाद पौडेल पूर्ववत्  पृ.२९ ।

[७२] ऐजन पृ.३० ।

[७३] ऐजन ।

[७४] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ.४६ ।

लेखेको जानकारी पाइन्छ ।[७५] वि.स. २००८ सालमा जुद्धोदय हाइस्कुलमा आयोजना गरिएको साहित्यिक सम्मेलनमा कथावाचन गर्दा लक्ष्मीप्रसाद देवकोटाले थापाको सिर्जनात्मक कुशलताको प्रशंसा गरेको पाइन्छ ।[७६] वि.स. २००८ तिर रेडियो नेपालमा उनका कथाहरू वाचन गरिएको पाइन्छ, तथापि विविध कारणले उनको कथायात्रा फस्टाउन सकेन ।

### ३. अनुवादक व्यक्तित्व

मोहनहिमांशु थापा विभिन्न भाषाहरूको ज्ञान भएका बहुभाषी व्यक्तित्व हुन् । उनलाई नेपाली, अङ्ग्रेजी, संस्कृत, नेवारी जस्ता भाषाहरूको राम्रो ज्ञान भएको पाइन्छ । उनले **नेपाल सङ्गीत** विषयक एउटा कृतिका साथै कथा र कविताहरूको पनि अनुवाद गरेका छन् ।[७७] उनले नेवारी साहित्यका विभिन्न कृतिहरू, जापानी भाषाबाट अङ्ग्रेजीमा अनुदित जापानी लघुकथालाई पनि नेपालीमा अनुवाद गरेका छन् । उनको **न्यू जापानी हाइकू** (२०४५), **जापानी लघुकथा** (२०४२), **नेपाल सङ्गीत** (२०३१) आदि अनुदित कृतिहरू हुन् । यसबाट उनको भाषाको ज्ञाता व्यक्तित्व तथा अनुवाद व्यक्तित्व प्रष्ट रूपमा देखिन्छ ।

### २.२.२.२ द्रष्टा व्यक्तित्व

मोहनहिमांशु थापा कुशल द्रष्टा व्यक्तित्व हुन । नेपाली साहित्यको क्षेत्रमा थोरैमा धेरै मानिएका समालोचक प्रतिभा हुन् । उनका पुस्तकाकार रूपमा धेरै कृतिहरू प्रकाशित नभए पनि फुटकर समालोचना क्षेत्रमा उनले महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन् । **रूपरेखा** (२०२१) मा *उनी देवता हुन् मा एक दृष्टि* नै उनको पहिलो समालोचनात्मक रचना हो ।[७८] यहीबाट समालोचना क्षेत्रमा कलम चलाउन सुरु गरेका थापाले आफ्नो समालोचकीय प्रतिभालाई विकसित र परिमार्जित तुल्याँउदै लगेको देखिन्छ । समालोचना क्षेत्रमा उनको हाल सम्म एउटामात्र पुस्तकाकार कृति **साहित्य परिचय** (२०३६) प्रकाशित छ । यसबाहेक उनका थुप्रै फुटकर समालोचनात्मक रचनाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेको जानकारी पाइन्छ । उनको विद्यावारिधि शोधपत्र *बालकृष्ण समको नाट्यशिल्प* (२०३९)

---

[७५] खगेन्द्रप्रसाद पौडेल पूर्ववत्  पृ.३० ।

[७६] ऐजन ।

[७७] ऐजन पृ. ३१ ।

[७८] ऐजन पृ.३२ ।

महत्त्वपूर्ण समालोचनात्मक रचना हो ।[७९] यसप्रकार उनी प्रखर, कुशल र परिपक्व द्रष्टा व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### २.२.२.३ साहित्येत्तर व्यक्तित्व

लेखनका अलावा मोहनहिमांशु थापा विविध साहित्य इतरका गतिविधिमा संलग्न रहेका पाइन्छ । उनले प्राध्यापक, सम्पादक, बहुभाषिक तथा सामाजिक सेवाका क्षेत्रमा समेत महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । जीवनका विविध पाटाहरूमा संलग्न रहि बहुआयामिक व्यक्तित्व बन्नु उनको निजी वैशिष्ट्य हो । उनका साहित्य इतरका गतिविधिहरूलाई निम्नानुसार चित्रण गरिएको छ :

### १. प्राध्यापक व्यक्तित्व

मोहनहिमांशु थापा २०१८ सालबाट नै प्राध्यापन पेशामा संलग्न भएका हुन् । वि.स. २०१८ सालमा रत्न राज्य लक्ष्मी कलेजमा नेपाली र नेवारी विषयको अध्यापनबाट प्राध्यापन कार्य प्रारम्भ गरेको पाइन्छ ।[८०] वि.स.२०२४ साल फागुन सम्म त्यहाँ प्राध्यापन गरे । त्यस्तै वि.स. २०२१ साल फागुन २७ गतेदेखि २०२४ साल सम्म लाजिम्पाट चेतनभवन स्थित तत्कालीन कलेज अफ ऐजुकेशनमा पनि प्राध्यापक भइ काम गरे ।[८१] त्यस्तै वि.स. २०२१ सालमै पद्म कन्या कलेजमा नेपाली र नेवारी तथा २०२१ साल जेठ २१ गते भदौ २३ सम्म महेन्द्र रत्न पब्लिक कलेज ताहाचलमा पनि नेवारी विषय पढाए । त्यस्तै २०२४ साल जेठ २ देखि स्थायी सेवाका रूपमा त्रिचन्द्र कलेजमा र वि.स. २०२४ चैत्र ७ गते देखि त्रिभुवन विश्वविद्यालय सेवा अन्तर्गत उपप्राध्यापक पदमा स्थायी सेवाका रूपमा नियुक्त भइ कीर्तिपुरमा प्राध्यापन गर्न थाले । वि.स. २०२० साल साउन २३ गते देखि ६ महिना सम्म सरस्वती क्याम्पसमा र २०३९ सालमा पाटन संयुक्त क्याम्पसमा स्नातकोत्तर तहमा नेपाली विषयको प्राध्यापन गरेको देखिन्छ ।[८२] यसैप्रकार २०३४ साल चैत्र ५ गते देखि सह प्राध्यापक र २०३८ साल वैशाख २८ गते देखि प्राध्यापक पदमा पदोन्नती भएको पाइन्छ । वि.स. २०४६ साल चैत्र १९ गते देखि २०२१ जेठ  १५ गतेसम्म त्रिभुवन विश्वविद्यालयमा

---

[७९] ऐजन ।

[८०] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ.४४ ।

[८१] ऐजन ।

[८२] ऐजन ।

नेपाली विभागीय प्रमुख र नेपाली विषय समितिको अध्यक्ष भइ सेवा गरेको देखिन्छ ।[८३] यस प्रकार उनको पेशागत दक्षता, इमान्दारिता, अध्ययनशीलताले हाल सम्म पनि उनको नाम कुशल प्राध्यापकको रूपमा चिनिन्छ ।

## २. बहुभाषी व्यक्तित्व

मोहनहिमांशु थापा बहुभाषिक व्यक्तित्व हुन् । उनको मातृभाषा नेपाली भएपनि काठमाडौँको नेवारी वातावरणमा उनले सहजै साथीभाइको माध्यमबाट नेवारी भाषा सिकेको पाइन्छ । जसबाट उनले विशिष्ट अध्ययनमा नेवारी विषय लिई स्नातकोत्तर तहको उपाधि समेत हासिल गरेको पाइन्छ । त्यसकारण नेवारी भाषामा पनि थापा पोख्त मानिन्छन् । त्यस्तै विद्यालय तह देखि स्नातकोत्तर तह सम्म ऐच्छिक विषयको रूपमा संस्कृत विषय लिएर अध्ययन गरेकाले उनमा संस्कृत भाषाको पनि राम्रो ज्ञान छ ।[८४] उनले अङ्ग्रेजी तथा हिन्दीको पनि औपचारिक रूपमै दक्षता हासिल गरेका छन् । त्यसकारण नेवारी, नेपाली, हिन्दी, संस्कृत, अङ्ग्रेजी, उर्दू आदि भाषाको ज्ञानले थापालाई बहुभाषिक व्यक्तिको रूपमा चिनाएको छ । जो उनका साहित्यिक लेख, समालोचनात्मक लेखहरूमा प्रष्ट रूपमा देखापर्दछ ।

## ३. सम्पादक व्यक्तित्व

मोहनहिमांशु थापा सम्पादक व्यक्तित्वको रूपमा समेत चिनिन्छन् । उनी विद्यार्थी अवस्था देखि नै यस क्षेत्रमा अग्रसर भएको जानकारी पाइन्छ । उनले सर्वप्रथम **शिखर** पत्रिकाको सम्पादन गरेको पाइन्छ ।[८५] त्यस्तै त्रिचन्द्र कलेज पढ्दा २०१४ सालमा **ज्योति** पत्रिकाको सम्पादन गरेको देखिन्छ । त्यस्तै २०४० सालमा **वाङ्मय**का प्रधान सम्पादकको रूपमा समेत काम गरेको पाइन्छ ।[८६] नेवारी पत्रिका **आखे**को समेत सम्पादन गरेको पाइन्छ ।[८७] वि.स. २०४९ सालमा त्रि.वि. नेपाली विभागद्वारा प्रकाशित **कुञ्जिनी** पत्रिकाको संरक्षक रूपमा समेत रहि काम गरेको पाइन्छ । यी यस्ता विविध पत्रपत्रिकाको सम्पादनबाट उनले सम्पादकीय व्यक्तित्व निर्माण गरेका छन् ।

---

[८३] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.३३ ।

[८४] ऐजन पृ.३४ ।

[८५] ऐजन ।

[८६] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ.४३ ।

[८७] ऐजन ।

## ४. सामाजिक व्यक्तित्व

मोहनहिमांशु थापाले जीवनमा विविध सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध भइ सामाजिक व्यक्तित्वको परिचय दिएका छन् । उनी राष्ट्रप्रति माया, ममता, प्रेम, सद्भाव राख्ने व्यक्तित्वको रूपमा चिनिन्छन् । उनले नेपाल मैत्री अध्ययन मण्डलमा रही सर्वप्रथम सामाजिक कार्य प्रारम्भ गरेको देखिन्छ ।[८८] वृद्ध र अशक्त नागरिकको समस्यालाई लिएर खोलिएको शान्ति आश्रमको सदस्य भइ उनले सामाजिक कार्य गरेको देखिन्छ ।[८९] वि.स. २००८ सालतिर काठमाडौँको प्रजातान्त्रिक वातावरणले युवाहरूमा बढिरहेको शैक्षिक जागरणका बेला थापाले आफ्ना सहकर्मी साथीहरूसँग मिलेर विभिन्न ठाँउहरूमा वाचनालय, पुस्तकालय तथा विद्यालय स्थापनाका कार्यहरू पनि गरेको पाइन्छ । उनले २०२१ साल देखि २०३० साल सम्म नेपाल शोभियत सांस्कृतिक सङ्घका सदस्य, २०२२ सालदेखि २०२८ साल सम्म नेपाल शोभियत मैत्री सङ्घको सदस्य र २०२७ सालदेखि २०३२ सालसम्म नेपाल कोरिया मैत्री सङ्घ अन्तर्गत प्रकाशन समितिको सदस्यमा रहि सामाजिक कार्य गरेको देखिन्छ ।[९०] यसका अतिरिक्त २०४५ देखि २०४८ सम्म चिलढुङ्गा सुधार समिति बल्खुका अध्यक्ष, २०४९ देखि नेपाल जापान मैत्री परिषद्का कार्यकारी सदस्य, २०५० साल देखि विश्वभातृत्व तथा मैत्री सङ्घ जापान नेपाल शाखाको कार्य समितिका सदस्य समेत रहेको पाइन्छ ।[९१] त्यसै गरी २०४८ साल देखि कुमारी क्लब बल्खुका साधारण सदस्य, चेतनशील मानव समाजका वरिष्ठ सल्लाहकार, २०५२ देखि कलंकी सामाजिक विकास संस्थाका प्रमुख सल्लाहकार समेत रहि सामाजिक क्षेत्रमा क्रियाशील रहेको पाइन्छ ।[९२]

यस प्रकार उनको सामाजिक सेवाका क्षेत्रमा रहेको इच्छा, चाहना, रुचि प्रतिनिधित्व हुन्छ । उनको योगदान लेखन भन्दा बाहिरका क्षेत्रमा पनि उत्तिकै शसक्त र उर्बर देखिन्छ । जसले गर्दा उनलाई बहुआयामिक व्यक्तित्वको रूपमा चिनाएको पाइन्छ ।

---

[८८] ऐजन ।

[८९] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.१३ ।

[९०] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ.४५ ।

[९१] ऐजन ।

[९२] ऐजन ।

### २.२.३ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तर्सम्बन्ध

मोहनहिमांशु थापाको जीवनी हेर्दा हाल ८९ वर्ष उमेर पार गरिसक्दा सम्म उनको जीवनचक्र विविध परिवेशका बीचबाट व्यतित भएको देखिन्छ । उनले जीवनमा विविध किसिमका व्यवहारिक कठिनाइहरूबाट गुज्रिनु पर्‍यो ।[९३] यसै क्रममा उहाँ आफ्नो विशिष्ट साहित्यिक व्यक्तित्व निर्माण गर्दै गए ।[९४] बहुमुखी, बहुमुखी प्रतिभाका धनी हिमांशुका अन्य व्यक्तित्वका तुलनामा प्राध्यापक व्यक्तित्वमा निरन्तरता रहेको देखिन्छ । २०३० साल सम्म उनको कवि व्यक्तित्व अखण्डित रूपमा विकसित भएको थियो । त्यसपछि उनी कविता सिर्जना भन्दा समालोचनाका क्षेत्रमा सक्रिय रहन पुगेको देखिन्छ ।[९५] उनका रचनामा आफ्ना जीवन भोगाइका यथार्थ अनुभूतिहरू र अध्ययनबाट प्राप्त भावबोधहरू प्रतिविम्बित भएको पाइन्छ भने आफ्ना जीवनका विषम क्षणमा साहित्य सिर्जना नै उनका निम्ति आत्म सन्तुष्टिको साधन बन्न पुगेको देखिन्छ ।[९६]

जीवनका विभिन्न चाप, प्रतिचाप, तथा विगत देखि वर्तमान सम्म जीवन वृतबाट उनको कविता लेखन र चिन्तन प्रशस्त प्रभावित एवम् उत्प्रेरित भएको पाइन्छ ।

आफ्नो वैयक्तिक जीवन र सामाजिक जीवनका परिवेशपरक कतिपय घटनाहरूबाट नै उनको बहुमुखी व्यक्तित्वको निर्माण भएको पाइन्छ । वि.स. २००७ साल पछिको प्रजातन्त्रको उत्मुक्त वातावरणबाट प्राप्त प्रेरणा र प्रभाव, आफुमा निहित नैसर्गिक प्रतिभा, प्रजातन्त्र प्राप्ति पछिका कवि सम्मेलन र साहित्यिक गोष्ठिबाट प्राप्त प्रेरणा, नेपाली साहित्यका वरिष्ठ कविहरूको सामीप्यता र कवि समुहमा संलग्नता तथा साहित्यको गहन अध्ययन र क्रमिक लेखनबाट उनको कवि व्यक्तित्व निर्मित भएको देखिन्छ ।[९७] काठमाडौँको शहरिया वातावरणमा हुर्केर अध्ययनकै सिलसिलामा प्राध्यापन पेशामा संलग्न हुनु साहित्यिक प्राज्ञिक सम्पर्क उपलब्ध हुनु र वैयक्तिक जीवनका कतिपय प्रसङ्गहरू पनि उनको साहित्यिक व्यक्तित्व निर्माणका कारक तत्व बन्न पुगेका छन् ।

---

[९३] खगेन्द्रप्रसाद पौडेल पूर्ववत् पृ.३६ ।

[९४] माधवप्रसाद पाण्डे पूर्ववत् पृ. ४८ ।

[९५] ऐजन ।

[९६] ऐजन ।

[९७] ऐजन पृ.४८ ।

मोहनहिमांशु थापाले साहित्य सिर्जनाका क्रममा ६ दशक लामो समय पार गरी सकेका छन् । आफ्ना सिर्जनाहरूमा सहज, सरल तथा मिठासपूर्ण अभिव्यक्तिका साथै जीवन भोगाइका अनुभवहरूलाई सहजताका साथ प्रतिकात्मक शैलीमा प्रस्तुत गर्न सक्नु स्रष्टा मोहनहिमांशु थापाका निजी वैशिष्ट्य हुन् । यसरी परिश्रमी र सिर्जनामा साधनारत हिमांशुको जीवनी र उनको साहित्य सिर्जनाका बीच पारस्परिक प्रभाव र अन्र्तसम्बन्ध स्थापित भएको देखिन्छ ।

# तेस्रो परिच्छेद

# मोहनहिमांशु थापाको समालोचनायात्रा

## ३.१ मोहनहिमांशु थापाको समालोचना लेखनको पूर्वाभ्यास

मोहनहिमांशु थापा समालोचना लेखनपूर्व कविता काव्य लेखनमा नेपाली साहित्यमा देखा परिसकेका थिए । निरकुंश राणा शासन समाप्त भई देशले प्राप्त गरेको खुल्ला प्रजातान्त्रिक वातावरणको थालनीसँगै थापाले साहित्य सिर्जनामा कलम चलाएको पाइन्छ । प्रारम्भमा उनले राम्रा राम्रा कविताहरू लेखेको पाइन्छ । वि.स. २००८ सालतिर रेडियो नेपालको विद्यार्थी र साहित्य कार्यक्रममा उनका केही कविता र कथाहरू कार्यक्रम सञ्चालक जनार्दन सम, श्यामदास वैष्णव, नातिकाजी, हरिप्रसाद रिमाल, शिवशंकर र पन्नाकाजीहरूले सस्वरवाचन गरेका जानकारी पाइन्छ तर २०११ सालभन्दा अधिका कुनै पनि रचना हाल प्राप्य छैनन् । वि.स. २०११ सालमा *कयौं गीतको लहर छुट्यो* कविता **शारदा** पत्रिकामा प्रकाशित भएपछि मात्र उनी औपचारिक रूपमा नेपाली साहित्यका फाँटमा देखा परे । ठिक त्यसको १० वर्षपछि मात्र **रूपरेखा** पत्रिकामा वि.स. २०२१ सालमा *उनी देवता हुन मा एक दृष्टि* बाट मात्र मोहनहिमांशुको समालोचनायात्रा सुरु भएको पाइन्छ । यद्यपि उनी २००७ सालको राजनैतिक परिवर्तन पछि नेपाली साहित्यमा औपचारिक रूपले देखा परेका हुन् । अनुदारवादी राणाशासनको अन्त्य भइ देशमा प्राप्त भएको प्रजातान्त्रिक वातावरणमा जुर्मुराइरहेका अग्रज बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित तथा उनका समकालीन कविहरू कृष्णभक्त श्रेष्ठ, भूपि शेरचन, द्वारिका श्रेष्ठ, मदन रेग्मी आदि कविहरूको प्रभाव र प्रेरणाबाट हिमांशु थापा साहित्य सिर्जना तर्फ उन्मुख भएको पाइन्छ । हिन्दी र उर्दू तथा पाश्चात्य साहित्यको पनि उनमा प्रशस्त प्रभाव र प्रेरणा परेको पाइन्छ । मोहनहिमांशु थापाको साहित्यिक व्यक्तित्व स्रष्टा र द्रष्टा दुवै रूपमा फैलिएको पाइन्छ । उनको साहित्यिक समालोचना कृति **साहित्य परिचय** २०३६ र अन्य समालोचनात्मक लेखहरू विभिन्न पत्रिकामा छरिएर रहेका पाइन्छन् । करिब तिन दशक लामो समालोचनायात्रा तथा त्यसको मूल्याङ्कन यस अध्यायमा गरिएको छ ।

## ३.२ मोहनहिमांशु थापाको समालोचनायात्रा र त्यसको चरण विभाजन

मोहनहिमांशु थापाको समालोचनायात्रा सक्रिय रूपमा करिब तीन दशक लामो रहेको भेटिन्छ । केही खास आधारहरूलाई मानी कुनै साहित्यिक युगका विभिन्न चरणहरू देखाउन सकिन्छ । अनि कुनै एउटा साहित्यकारको साहित्य साधनको क्रमलाई पनि साहित्य लेखनको अवधि भित्र स्पष्ट रूपमा देखापर्ने प्रवृत्तिगत विविधता, रचना परिमाण एवम् गुणस्तर, सक्रियता र निष्कृयता, विधागत प्रधानता, साहित्यिक धारागत प्रवृतिको अर्न्तविन्यास र कृतिगत सङ्ग्रहको प्रकाशन आदिको आधारमा चरण विभाजन गरिन्छ । साहित्यको कुनै विधाको प्रवृत्ति भन्ने कुरा कुनै तोकिएको दशकमा सीमाबद्ध गर्न सकिदैन् न कुनै साहित्यकारको साहित्यिक यात्रालाई नै तिथिमितिका आधारमा अकाट्य रूपमा छुट्याएर हेर्न नै सकिन्छ । समयलाई निरपेक्ष रूपमा टुक्राएर होइन् त्यलाई अघिपछिको अवस्था र प्रवृत्तिसँग सम्बन्धित तुल्याएर सापेक्ष रूपमा हेरिनुपर्दछ । यिनै कसीका आधारमा हेर्दा वि.स. २०२१ सालमा **रूपरेखा**मा *उनी देवता हुन्मा एकदृष्टि* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित गरेर आफ्नो समालोचनात्मक जीवन प्रारम्भ गरी मोहनहिमांशु थापा ३ दशक लामो सामालोचनायात्रा पुरा गरेका छन् । यस अवधिमा कहिले समालोचना क्षेत्रमा सक्रिय देखिन्छन् भने कहिले निष्कृय देखिन्छन् । निष्कृय रहेपनि हाल सम्म उनमा समालोचना साधना रहेको पाइन्छ । समालोचनात्मक कृति प्रकाशन सङ्ख्यात्मक रूपमा कम गरेपनि फुटकर समालोचना विभिन्न पत्रिका प्रकाशित गरेका छन् । यिनै आधारमा हेर्दा उनका समालोचनायात्रामा केही मोड वा घुम्तीहरू देखिन्छन् । वि.स. २०२१ सालदेखि हालसम्मको समयावधिमा प्रकाशित उनका समालोचनाहरूको अध्ययन गरी मोटामोटी रूपमा निम्न लिखित दुई चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छ :

१. पहिलो चरण (२०२१-२०३५ सम्म)

२. दोस्रो चरण (२०३५-हाल सम्म)

यसरी थापाको समालोचनायात्रालाई दुईचरणमा विभाजन गरिए तापनि कुनै एक चरणका प्राप्तिमा अर्को चरणको प्रभाव पटक्कै परेका छैन भन्नु चाहि अस्वभाविक हुन जान्छ । प्रथम चरण वा दोस्रो चरणको नामाकरण पनि त्यस चरणका केन्द्रीय प्रवृत्तिको आधारमा गरिएको हो । तापनि प्रत्येक चरणमा अन्य प्रवृत्ति पनि स्पष्ट रूपमा पनि आएका छन् । यहाँ थापाको समालोचनायात्राको सङ्क्षिप्त चरण विभाजन प्रस्तुत गरिएको छ :

## १. **पहिलो चरण** (**२०२१ देखि २०३५ सम्म**)

समालोचक थापाले कृतिगत रूपमा एउटामात्र **साहित्य परिचय** २०३६ र अन्य फुटकर समालोचना मात्र रचना गरेका छन् । उनका समालोचनात्मक लेखहरू सङ्ख्यात्मक वा परिमाणात्मक रूपमा थोरै भएपनि गुणात्मक रूपमा उच्चकोटिका छन् । सर्वप्रथम वि.स. २०२१ सालमा **रूपरेखा** पत्रिकामा *उनी देवता हुन्मा एक दृष्टि* समालोचनात्मक लेख प्रकाशित छ । जसमा उनले हृदयचन्द्रसिह प्रधानको एकाङ्की सङ्ग्रहको समालोचनात्मक टिप्पणी गरेका छन् । यस चरणमा सुरु सुरुमा समालोचना लेखनको प्रारम्भ भएको हुँदा प्रभाववादी समालोचकको रूपमा उनी देखिएका छन् । समालोचना लेखनका क्रममा फुटकर रूपमै विभिन्न पत्रपत्रिकामा छपाउने काम उनबाट भएको देखिन्छ । त्यसपछि उनको समालोचना लेखन केही वर्ष स्थिर रहेको र उनले काव्ययात्रालाई निरन्तरता दिएको पाइन्छ । २०३० सालमा **खुकरी माथि एकचौटा बादल** कविता सङ्ग्रह प्रकाशन गरेको पाइन्छ । प्राध्यापन, विभिन्न साहित्यिक सामाजिक सङ्घसंस्थाहरूमा आबद्धताका कारण उनले समालोचनालाई अगाडी बढाउने प्रयास गरेपनि लामो समय र निकै प्रौढ समालोचना लेख्न थालेको पाइन्छ । त्यसपछि २०३४ साल साउन २९ गतेको **गोर्खापत्र**मा *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* शीर्षकका समालोचनात्मक लेख प्रकाशन गरेको देखिन्छ । भाषिक प्रयोगका हिसाबले यस चरणमा सरल, सहज र बोधगम्य भाषाको प्रयोग गरेका छन् । संरचनात्मक रूपमा मध्यम आकारका समालोचनाहरू यस चरणमा लेखिएको पाइन्छ । उनको मुख्य रुचि क्षेत्र नै नाट्य विधा भएकोले यस चरणमा एकाङ्कीको विश्लेषणात्मक समालोचना *उनी देवता हुन्मा एक दृष्टि* र *रङ्गमञ्चमा तुवाँलोले ढोकेका वस्ती* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित भएको देखिन्छ । प्रथम चरणमा उनका समालोचनाहरूमा समालोचनात्मक सिद्धान्तको झलक कम भेटिन्छ । यद्यपि भाषाशैलीगत रूपमा सरल र सहज भाषाको प्रयोग गरेका छन् । प्रभाववादी रूपमा समालोचना लेख्ने कार्य भएको पाइन्छ । यस चरणमा उनका मध्यम आकारका समालोचना लेखिएको भेटिन्छन् । समालोचनामा मुख्य गरी कृतिका एक पक्षीय चित्रण गर्ने प्रवृत्ति भेटिन्छन् ।

## २. **दोस्रो चरण** (**२०३६ -हाल सम्म**)

वि.स. २०१८ देखि नै प्राध्यापन पेशामा संलग्न भएका हिमांशु थापा हाल प्राध्यापन पेशाबाट अवकाश जीवन बिताइरहेका भएपनि उनमा साहित्यिक व्यक्तित्व प्रखर नै देखिन्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न कलेजहरूमा नेपाली विषयको लामो

समय सम्मको अध्यापन तथा विभिन्न साहित्यिक गतिविधिबाट उनले निकै अनुभव प्राप्त गरेका छन् । त्यस्तै साहित्यिक एवं अन्य सिलसिलामा स्वदेशका विभिन्न भाग र छिमेकी राष्ट्र भारत लगायत रुस, उत्तरकोरिया, जापान, चीन जस्ता मुलुकहरूको भ्रमणले थापाले निकै अनुभव सङ्गालेका छन् । यिनै विविध अनुभवका कारणले गर्दा उनका समालोचनामा गुणात्मकताको वृद्धि र केही प्रवृत्तिगत प्रयोगमा उच्चता समेत थपिएकोले थापाको २०३६ सालदेखि हाल सम्मको समयावधिलाई दोस्रो चरणको रूपमा लिन सकिन्छ । साझा प्रकाशन बाट २०३६ सालमा उनको समालोचनात्मक कृति **साहित्य परिचय** प्रकाशन भएपछि सैद्धान्तिक समालोचकको रूपमा उनलाई स्थापित गराएको देखिन्छ । यस भन्दा पहिले उनका फुटकर समालोचना मात्र प्रकाशित भएका र २०३६ सालमा प्रस्तुत कृति **साहित्य परिचय**को प्रकाशनले थापालाई सैद्धान्तिक समालोचकको रूपमा चिनाएको पाइन्छ । प्रस्तुत कृतिमा उनले साहित्यको परिचय, परिभाषा, साहित्य हेतु, साहित्य प्रयोजन, कविता, गीत, गजल, महाकाव्य, खण्डकाव्य, नाटक, एकाङ्की, उपन्यास, कथा, निबन्ध, समालोचना, जीवनी, शब्दशक्ति, रस, अलङ्कार, छन्द जस्ता प्रयोजनपरक साहित्य, विधागत परिचय खण्ड र काव्यकला खण्डको सैद्धान्तिक परिचय प्रस्तुत गरेका छन् । प्रस्तुत **साहित्य परिचय** निकै उत्कृष्ट समालोचनात्मक कृति हो । जसमा पूर्वीय, पाश्चात्य समालोचनात्मक मान्यताको आधारमा नेपाली साहित्यका विधाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरएको छ । त्यसपछि उनले कृतिगत रूपमा समालोचना लेख्ने चाहना हुँदाहुँदै पनि कतिपय कारणले त्यो पुरा हुन सकेन् त्यसपछि उनका फुटकर समालोचनाहरू विभिन्न पत्रिकामा प्रकाशन भए । उनका यस चरणमा देखापरेका फुटकर समालोचनाहरूमा *नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी,* **अभिव्यक्ति** २०३९, *बालकृष्ण समका नाटकमा बालपात्र* **रश्मि** २०४०, *नेपाली नाट्य परम्परामा रिमालको नाट्यशिल्प* **बृहद् नेपाली समालोचना** २०४५, *नाटककार बालकृष्ण सम* **कुञ्जिनी** २०४९, *नाटककार बालकृष्ण समको नाट्य प्रवृत्तिको आधारभूमि* **रश्मि** २०४९, *बालकृष्ण समका साहित्यचेतना* **गोरखापत्र** २०५०, *नाट्यनिर्देशन र अभिनयमा समको योगदान* **गरिमा** २०५० प्रकाशित छन् । यस चरणका समालोचनाहरूमा प्रथम चरणभन्दा सिद्धान्त : बढी सचेतता अपनाइएको पाइन्छ । उनको विद्यावारिधि शोधप्रबन्ध **बालकृष्ण समको नाट्यशिल्प** भएकोले त्यसपछि समालोचनात्मक लेखहरू अधिकांश बालकृष्ण समका नाट्यविशेषतासँग निकटतम् विषयवस्तु संयोजन गरेका भेटिन्छन् । उनका दोस्रो चरणका समालोचनाहरूमा संवेदनशीलता भेटिन्छ । कृति रूप

साहित्य परिचय वा अन्य फुटकर समालोचना कृतिमा संवेदना, सहृदयता र सहानुभूति प्रकट भएको पाइन्छ । दोस्रोचरणका समालोचनाहरू नवीनताको बोधमा आकर्षक भावनायुक्त, विशेष कौशलयुक्त देखिन्छन् । दोस्रो चरणका समालोचना प्रथम चरणका तुलनामा बढी अध्ययनशील, व्यापक दृष्टि, अध्ययन चिन्तन, मनन्द्वारा लेखिएका पाइन्छन् । त्यस्तै वैज्ञानिक हेराइ, पूर्वीय पाश्चात्य सिद्धान्तको आधारमा समीक्षा, पाठक आर्कषित र प्रभावित रहने खालका छन् । विचार भावनालाई स्वभाविक र प्रभावात्मक रूपमा पुऱ्याउने खालका प्रेषणीयताको, रागात्मक भावको अभिव्यक्त भएका समालोचना प्रकाशित छन् । कुनै पक्ष माथि आग्रह, पूर्वाग्रह नराखी तटस्थ रूपले कृतिको विश्लेषण लेखरचना र कृतिकारको विश्लेषण यस चरणमा गरिएको पाइन्छ ।

यसरी समग्रमा समालोचक थापा नेपाली समालोचनाको क्षेत्रमा २०२० साल पछि देखा परेका प्रखर समालोचक हुन् । उनको समालोचनायात्रा २०२१ देखि २०५० सम्म मुख्य रूपमा र साहित्य साधना हाल सम्म नै रहेको पाइन्छ । तत्कालीन परिवेशमा देशको प्रजातन्त्रको बहाली छँदाको समयमा सुरुमा कविता विधाबाट सुरु भएको साहित्ययात्रा क्रमशः परिपक्वता हुदै जाँदा अनुवाद र अन्तिममा समालोचनामा आएर विश्राम लिएको छ । प्रथम चरणमा उनका विशेषगरी प्रभाववादी समालोचकको रूपमा फुटकर समालोचकको रूपमा, समालोचनाको सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक पक्षलाई समेटेर समालोचना लेखेको पाइन्छ । जसको कारणले गर्दा समालोचना एक पक्षीय र अपूर्ण भएको जस्तो भान हुन्छ । दोस्रो चरणमा भने **साहित्य परिचय** २०३६ सालमा प्रकाशित भयो । त्यसपछि उनको समालोचना लेखन अझै परिपक्व र सैद्धान्तिक रूपमा झन् सशक्त बन्न पुग्यो । दोस्रो चरणकै अवधिमा २०३९ सालमा थापाले **बालकृष्ण समको नाट्यशिल्प** शीर्षकमा विद्यावारिधी गरेपछि उनको समालोचनायात्रा बढीजसो बालकृष्ण समका नाट्यप्रवृत्ति, भूमिका, विशेषता जस्ता नाट्यविधा सम्बद्ध समालोचकका रूपमा देखिन थाले । उनी मुख्य रूपमा सैद्धान्तिक समालोचक, प्रयोगवादी समालोचक, नाट्यविधा सम्बद्ध समालोचक, संवदेनशील, प्रतिभावान्, अध्ययनशील, वैज्ञानिक दृष्टि, प्रेषणीयता, निष्पक्षता जस्ता गुणहरूले युक्त समालोचकको रूपमा नेपाली समालोचनाको क्षेत्रमा देखा परे । जे होस् नेपाली समालोचनाको फाँटमा मोहनहिमांशु थापा उनका गुणात्मक समालोचनाका विषयवस्तुले थोरैमा धेरै साबित भएका छन् ।

# चौंथो परिच्छेद

# मोहनहिमांशु थापाका समालोचनात्मक कृतिहरूको विश्लेषण

## ४.१ साहित्य परिचय कृतिको विश्लेषण

समालोचक मोहनहिमांशु थापा सैद्धान्तिक समालोचकको रूपमा नेपाली समालोचना क्षेत्रमा देखा परेको चर्चित नाम हो । उनले साहित्ययात्राको थालनी २००७ साल पछिको राजनीतिक परिवर्तनपछि आएको चेतनाको लहर र साहित्यिक सक्रियताको वातावरणसँग भिडदै २०११ पछि मात्र भएको पाइन्छ तथापि समालोचना लेखनको प्रारम्भ भने *उनी देवता हुनमा एक दृष्टि* शीर्षकमा **रूपरेखा** पत्रिकामा २०२१ सालमा प्रकाशित समालोचनाबाट भएको हो । त्यस्तै उनका अन्य थुप्रै समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका पाइन्छन् । ती मध्ये उनको **साहित्य परिचय** (२०३६) प्रकाशित कृति समालोचनाको शास्त्रीय र सैद्धान्तिक स्वरूपको परिचयात्मक प्रस्तुति दिने ग्रन्थ हो । प्रस्तुत कृति डिमाइ आकारमा निलो रङ्गयुक्त बनावट रहेको छ । साझा प्रकाशनबाट प्रकाशित प्रस्तुत कृतिको सुरुमा प्रकाशकीय शीर्षकमा मोहनहिमांशु थापालाई  साहित्यिक महत्ता र समृद्धिका अभिसुचक मानिएको छ । एउटा उत्तम कृतिको रचना एक महान् साहित्यकारको जन्मजत्तिकै प्रतिष्ठापूर्ण आर्जन ठहरिने विषय उल्लेख छ । **साहित्य परिचय** कृतिबारे उल्लेख गर्दै प्रस्तुत कृति साहित्यका विभिन्न विधाको सैद्धान्तिक तथा शास्त्रीय स्वरूपको परिचय दिने ग्रन्थको रूपमा चर्चा गरिएको छ । विशेष गरेर विश्वविद्यालयमा अध्ययन अध्यापन गर्ने विद्यार्थी, शिक्षक, एवं जिज्ञासु पाठक लाभान्वित हुने चर्चा गरिएको छ । दुईशब्द शीर्षकमा मोहनहिमांशु थापाको भूमिकामा उनले यसमा नेपाली साहित्यमा अत्यधिक लोकप्रिय रहेका विभिन्न विधाका परिचय प्रस्तुत गरिएको चर्चा गरेका छन् । अध्येतालाई सुविधा र सजिलो पर्ने तथा कृतिका परिवर्द्धित संस्करणमा विभिन्न परिवर्तन पनि हुन सक्ने तथ्यलाई ध्यानमा राख्दा उपयुक्तताको दृष्टिले आवश्यक विवरण सहित स्रोतलाई पादटिप्पणीमा नै समावेश गरिएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत समालोचनात्मक ग्रन्थमा समालोचक मोहनहिमांशु थापाका ३ खण्डमा १९ वटा शीर्षकमा विषयवस्तुको प्रस्तुति दिइएको छ । पहिलो खण्डमा प्रयोजनपरक खण्ड अन्तर्गत साहित्यको परिभाषा, साहित्य हेतु र साहित्यको प्रयोजन समावेश गरिएको छ भने दोस्रो खण्ड विधागत परिचय खण्ड विधागत परिचय

खण्ड अन्तर्गत कविता, गीत, गजल, महाकाव्य, खण्डकाव्य, नाटक, एकाङ्की, उपन्यास, कथा, निबन्ध, समालोचना तथा जीवनी जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । त्यस्तै तेस्रो खण्डमा काव्यकला शीर्षकमा अन्तर्गत शब्दशक्ति, रस, अलङ्कार, छन्द जस्ता विषयवस्तुहरू समावेश गरिएको छ ।

साझा प्रकाशनबाट प्रकाशित उक्त ग्रन्थमा नेपाली साहित्यमा लोकप्रिय रहेका आख्यान एवम् आख्यानेत्तर विधाहरूको परिचयात्मक चर्चा गरिएको छ । जम्मा २८६ पृष्ठको आयाममा संरचित प्रस्तुत ग्रन्थका तिन वटै खण्ड अन्तर्गतका शीर्षकहरूको छुट्टाछुट्टै विश्लेषण निम्नानुसार  गरिएको छ :

## ४.२ प्रयोजनपरक साहित्यको विश्लेषण

यस खण्ड अन्तर्गत ३ वटा एकाइहरू समाविष्ट छन् । ती एकाइहरूको छुट्टाछुट्टै विश्लेषण यस प्रकार गरिएको छ :

### ४.२.१ साहित्यको परिभाषा

साहित्यको परिभाषा विवेच्य ग्रन्थको पहिलो एकाइको रूपमा संरचित छ । यसमा समालोचक मोहनहिमांशु थापाले साहित्यको परिभाषा सम्बन्धी पूर्वीय र पाश्चात्य विद्वानहरूका परिभाषाहरू समावेश गरेका छन् । यस शीर्षक अन्तर्गत पृष्ठभूमि, व्युत्पत्ति र अर्थ, स्वरूपलाई स्पष्ट पारिएको छ । समालोचक थापाले साहित्यबारे चर्चा गर्दै भनेका छन् : साहित्यलाई सीमाङ्कन गर्ने हो भने साहित्यमा जीवन र जगतको भोगाइका क्रममा प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुन्छ । उक्त अभिव्यक्तिमा मानव मात्रको कल्याणकारी भावना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सन्निहित हुन्छ (पृष्ठ : ३) । त्यस्तै साहित्यको बारेमा थप चर्चा गर्दै थापाले साहित्य शब्द संस्कृतको सहित बाट बनेको हो । सहित शब्दमा यत् प्रत्यय लाग्नाले साहित्य शब्द बन्दछ । साहित्य शब्दले सहभाव अर्थात् सहितसँग हुने भाव बुझाउँछ । उनका अनुसार भामहको भनाइ उल्लेखनीय छ : शब्दाथौ सहितौ काव्यम् (पृष्ठ :४) त्यस्तै उद्रधरको भनाइ अनुसार साहित्य भनेको परम्परा सापेक्षित तुल्यकोटिका वस्तुहरूको सङ्ग्रह हो (पृष्ठ : ५) । आचार्य कुन्तक र राजशेखरले शब्द र अर्थको सुन्दर स्थिति र यथोचित संयोगलाई नै साहित्य मानेका छन् (पृष्ठ : ५) ।

साहित्यबारे पाश्चात्य परिचय चर्चा गर्दै समालोचकले अङ्ग्रेजी भाषामा साहित्यलाई लिटरेचर भनिन्छ । लेटरको अर्थ अक्षर हो । सोभ्फो अर्थमा विविध अक्षरहरूको समुदायलाई साहित्य भन्न सकिन्छ (पृष्ठ : ५) । त्यस्तै अङ्ग्रेजी साहित्यका विद्वान मेथ्यु आर्नोल्डले साहित्यलाई जीवनको समालोचनाका रूपमा लिएको चर्चा समेत गरेका छन् । अर्का विद्वान् हड्सनका विचारमा मूलतः भाषाको माध्यमद्वारा प्रस्तुति गरिएको अभिव्यक्ति नै साहित्य हो भनी बताएको चर्चा गरेका छन् । यसरी समालोचक मोहनहिमांशु थापाले साहित्यको परिभाषा शीर्षकमा साहित्यको वास्तविक अर्थ, व्युत्पत्ति, स्वरूप र विद्वानहरूका परिभाषाहरूको विश्लेषण गरेका छन् । साहित्य जीवनको भोगाइ हो जसमा जीवनकै आरोह, अवरोह, घटना, परिघटनाको चित्रण हुने कुरा समालोचक बताउँछन् । साहित्यमा शब्द र अर्थको योग हुन्छ र त्यसैमा उदात्त भावनाको संयोग हुन्छ । यसमा जीवन र जगतमा प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुन्छ । त्यसैले साहित्य त एउटा लोक हो । अनि आलोक हो जसमा विभिन्न वाद, सिद्धान्त र प्रवृत्ति समयका रङ्गहरूमा परिभाषित हुँदै जान्छन् भन्ने निष्कर्ष समालोचक थापाको रहेको छ ।

### ४.२.२ साहित्य हेतु

दोस्रो एकाइको रूपमा साहित्य हेतु शीर्षक संरचित गरिएको छ । यस शीर्षक अन्तर्गत समालोचक मोहनहिमांशु थापाले पूर्वीय, पाश्चात्य र नेपाली साहित्यसँग सम्बन्धित विभिन्न विद्वानहरूले प्रस्तुत गरेका साहित्य प्रस्फुटनका कारणहरूलाई हेतु नाम दिई शीर्षकीकरण गरिएको छ । साहित्य हेतु सम्बन्धमा चर्चा गर्दै समालोचक भन्दछन् : हेतु भनेको अभिप्राय वा कारण हो साहित्यमा भने साहित्य रचनाका लागि क्षमता उत्पन्न गर्ने साधन विशेषलाई साहित्य वा कारण भनिन्छ (पृष्ठ : ७) त्यस्तै उनका अनुसार काव्य हेतुको सम्बन्धमा चर्चा गर्ने आचार्य भामह हुन् । यिनले काव्य हेतुका रूपमा प्रतिभालाई विशेष महत्त्व दिएका छन् (पृष्ठ : ७) । दण्डीले प्रतिभा, शास्त्रज्ञान र अभ्यासको आवश्यकता छ भनेको बताएका छन्, रुद्रटका अनुसार शक्ति, व्युत्पत्ति र अभ्यासलाई मानेको चर्चा गरेका छन् ।

समालोचक थापाले पाश्चात्य विद्वान्हरूको साहित्य हेतु सम्बन्धमा उल्लेख गरिएका मान्यताहरूमा एरिस्टोटलले साहित्य सिर्जनाकालागि अनुकरणात्मक प्रवृत्तिलाई महत्त्व दिएका छन् । त्यस्तै होरेसले प्रतिभा, अध्ययन र अभ्यासलाई साहित्य रचनाका लागि आवश्यक

तत्वका रूपमा लिएको तथा लोन्जाइसका विचारमा प्रतिभा, अभ्यास र अध्ययन र फायडका विचारमा अतृप्त काममूलक भावनालाई काव्य हेतुको रूपमा साहित्यहेतु रहेको चर्चा गरेका छन् । त्यस्तै एडलर आत्मस्थापन र युङ्गले जीवनशक्तिको रूपमा साहित्य हेतुलाई लिएको चर्चा गरेका छन् (पृष्ठ : १४) । नेपाली विद्वान्हरूका साहित्य हेतु सम्बन्धी मान्यताहरूको चित्रण गर्दै थापाले बालकृष्ण समको विचारमा साहित्य हेतु प्रतिभा र कारुणिक भावना, सिद्धिचरण श्रेष्ठको विचारमा प्रत्यक्ष रूपमा प्रतिभालाई र अप्रत्यक्ष रूपमा व्युत्पत्ति, अभ्यास र समाधिलाई पनि हेतुको अर्थको रूपमा लिएको चर्चा गरेका छन् । त्यस्तै रामकृष्ण शर्माका अनुसार प्रतिभा, अनुभूति र अध्ययन निरीक्षणलाई एकातिर र अर्कोतिर चेतना, सम्झना र इच्छा तथा वेदनाको प्रस्तुतिलाई साहित्य हेतुको रूपमा लिएको देखिन्छ भनी समालोचक थापा बताउँछन् (पृष्ठ : १९) ।

यसरी मोहनहिमांशु थापाले साहित्य सिर्जनाको कारण वा अभिप्रायबारे विभिन्न पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूका मतमतान्तरहरूलाई केलाएको पाइन्छ । साहित्य प्रतिभाले, व्युत्पत्तिले, अभ्यास एवम् समाधिले सिर्जना हुने समालोचक बताउँछन् । साहित्य समाजको आधारशिला हो जसमा टेकेर समाज गतिशील बन्दछ । त्यस्तो साहित्य सिर्जनाको विविध कारणहरू हुन सक्दछन् । कसरी साहित्य सिर्जना हुन्छ भन्ने कुराको चित्रण साहित्य हेतु शीर्षक अन्तर्गत रहेर चित्रण गरेको पाइन्छ । साहित्य हेतु सम्बन्धमा पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूका मतहरू प्रस्तुत गरेर साहित्य हेतु बारे वस्तुगत चित्रण गर्न थापा सफल देखिन्छन् । समग्रमा हरेक विषयको उत्पत्तिमा कुनै न कुनै कारण वा अभिप्राय हुने हुँदा साहित्य सिर्जनाका पनि विविध कारण वा अभिप्राय हुने हुँदा तिनको विश्लेषण गरी समालोचक थापाले दोस्रो एकाइलाई सफल पूर्णता दिएका छन् ।

### ४.२.३ साहित्यको प्रयोजन

तेस्रो एकाइको रूपमा साहित्यको प्रयोजन रहेको छ । यस एकाइमा साहित्य के का लागि भन्ने प्रश्नको जवाफसँग सम्बन्धित साहित्यको प्रयोजनलाई संस्कृत, पाश्चात्य नेपाली साहित्यका परिपेक्ष्यमा सैद्धान्तिक चर्चा गरिएको छ । समालोचक थापाले साहित्यको अर्थ बारे चर्चा गर्दै साहित्यले शब्द र अर्थ, कल्पना र भावना तथा भाव र विचार आफु मै समाहित गरेको हुन्छ । यसको अतिरिक्त साहित्यले हितको सम्पादन गरेको हुन्छ । साहित्यमा पाइने कल्याणभिमुखी प्रवृत्ति नै यसको मुख्य लक्ष्य हो (पृष्ठ : २०) । संस्कृत साहित्यको

आफ्नो विशिष्ट धर्म र दर्शनद्वारा प्रभावित र प्रेरित भएको छ । अर्को शब्दमा धर्म र दर्शनको साहित्यसँग अविभाज्य सम्बन्ध छ (पृष्ठ : २०) । पूर्वीय विद्वान्हरूका साहित्य प्रयोजन सम्बन्धी मान्यताहरूको चित्रण गर्दै थापाले भामहले काव्यको उद्देश्य धर्म, अर्थ, काम र मोक्ष प्राप्ति हो भनेका छन् । त्यस्तै कुन्तकले धर्म, अर्थ, काम, मोक्ष र अन्तश्चमत्कारलाई काव्य प्रयोजनका रूपमा लिएको बताउँछन् । अर्का विद्वान् मम्मटले पनि साहित्य वा काव्यको उद्देश्य कीर्ति, अर्थ, व्यवहार, ज्ञान, रोगादीको नाश, आनन्दानुभूति र काव्यको समान उद्देश्यको प्राप्ति मानेको उल्लेख गरेका छन् (पृष्ठ : २१) ।

साहित्य प्रयोजन सम्बन्धी पाश्चात्य विद्वान्हरूमा मतहरूको चर्चा गर्दै समालोचकले प्लेटोको मतमा समाजको हित सम्बर्द्धन गर्ने अर्थमा नैतिक मूल्यलाई साहित्यको प्रयोजनको रूपमा लिएको पाइन्छ । त्यस्तै एरिस्टोटलको मतमा शिक्षा र आनन्दलाई साहित्यको प्रयोजनका रूपमा लिएका छन् । ड्राइडनको विचारमा आनन्दायी रूपमा शिक्षा दिनु नै कविताको प्रयोजन हो भनेका छन् । मेथ्यु आर्नोल्डको विचारमा आनन्द र नीतिको प्रदानलाई साहित्यको उद्देश्य भनेको चर्चा मोहनहिमांशु थापाले गरेका छन् (पृष्ठ : २२) । नेपाली साहित्यकारहरूका साहित्य प्रयोजन सम्बन्धी विचार तथा मतहरूको चित्रण गर्दै समालोचकले लेखनाथ पौड्यालको विचारमा समाज सुधार, नैतिक सन्देश, शिक्षा र अध्यात्मवादलाई साहित्य प्रयोजनका रूपमा लिएको बताएका छन् त्यस्तै धरणीधरको मतलाई मानव जीवन सुन्दर र सार्थक पार्न तथा परम्परामा वैरभाव र उचनीचको भाव हटाउनेलाई साहित्य प्रयोजन मानेको चर्चा गरेका छन् (पृष्ठ : २४) । बालकृष्ण समको साहित्य प्रयोजन सम्बन्धी मान्यतालाई यसरी व्यक्त गरिएको छ : आर्दश स्थापना, कारुणिक भावना, आनन्दको प्राप्ति तथा शिव र सुन्दरको सम्मिलनको भावना पाइन्छ (पृष्ठ : २६) देवकोटाको साहित्य सम्बन्धी मान्यतालाई आनन्द, सौन्दर्य र कलात्मक शिक्षा प्रदान गर्ने अर्थमा चिनाएका छन् । (पृष्ठ : २७) अर्का नेपाली विद्वान् रामकृष्ण शर्माको मतलाई उनले सौन्दर्य चेतना, अनुभूति, नैतिक मूल्यको अर्थमा चेतना, आर्दशको स्थापना, जिजिविषा जस्तै चेतना र इच्छालाई लिएको कुरा बताएका छन् (पृष्ठ : २९) ।

यसरी समग्रमा साहित्य केका लागि भन्ने प्रश्नको उत्तरसँग सम्बन्धित धारणा, मतहरू यस एकाइमा समावेश गरिएको पाइन्छ । यस सन्दर्भमा पूर्वीय, पाश्चात्य र नेपाली विद्वानहरूका साहित्य प्रयोजन सम्बन्धी मान्यताहरूलाई समालोचकले वस्तुपरक रूपमा

चर्चा गरेका छन् । साहित्यमा बाह्य र आन्तरिक सौन्दर्यको अवलोकन हुन्छ र विश्लेषण हुन्छ । यसैको अवलोकन र आस्वादनमा व्यक्ति आत्म सन्तुष्टिको अनुभव गर्दछ । यसरी सौन्दर्य चेतना र त्यसबाट प्राप्त हुने आत्म सन्तुष्टिलाई पनि साहित्यको उद्देश्यको रूपमा लिन सकिन्छ । मुख्य रूपमा साहित्यको प्रयोजनले हृदयको शुद्धिकरण भई आनन्दानुभूति प्राप्त हुन्छ र साहित्यको अध्ययन र मनन्बाट मनोजगत्को परिष्कृत र विस्तृति हुन्छ भन्ने कुरा समालोचक थापाले चर्चा गरेका छन् । समग्रमा साहित्य प्रयोजन के हो ? र साहित्य परिचय, हेतु र प्रयोजनसँग सम्बन्धित यस खण्डमा पूर्वीय, पाश्चात्य र नेपाली विद्धान्हरूका मतमतान्तरहरूलाई समावेश गरी समालोचनात्मक निष्कर्ष पनि उल्लेख गरिएको छ ।

## ४.३ विधागत परिचय खण्डको विश्लेषण

दोस्रो खण्डमा साहित्यिक विधासँग सम्बन्धित आख्यान र आख्यानेत्तर गरी १२ वटा शीर्षकहरूमा विषयवस्तुलाई शीर्षकीकरण गरिएको छ । यसमा कविता, गीत, गजल, महाकाव्य, खण्डकाव्य, नाटक, एकाङ्की, उपन्यास, कथा, निबन्ध, समालोचना र जीवनीसँग सम्बन्धित विषयवस्तुहरूको अनुक्रमिक प्रस्तुति दिइएको छ । ती एकाइहरूको छुट्टाछुट्टै विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.३.१ कविता

विधागत परिचय खण्डको पहिलो तथा कृतिको चौथो एकाइको रूपमा कविता शीर्षक समावेश गरिएको छ । यस एकाइमा कविताको व्युत्पत्ति, परिभाषा र कविता सम्बन्धी विभिन्न सम्प्रदायका मान्यताहरूको चर्चा गरिएको छ । त्यसो त संस्कृत पाश्चात्य र नेपाली साहित्यमा विवेच्य काव्यात्मक मान्यताहरू पनि उल्लेख गरिएका छन् । कविताको पृष्ठभूमि केलाउदै थापाले भनेका छन् : संस्कृत साहित्यमा अत्यधिक रूपमा काव्य शब्दको प्रयोग भएको पाइन्छ । त्यति मात्र होइन काव्यलाई साहित्यकै पर्यायका रूपमा पनि लिएको पाइन्छ तर अचेल कथात्मक गठन र गुम्फन भएको कविता विशेषलाई काव्य भन्ने चलन छ । त्यसैले खण्डकाव्य र महाकाव्यलाई संक्षेपमा काव्यको संज्ञा दिइन्छ । अचेल कविता भन्नाले कुनै भाव, विचार या अनुभूति विशेषलाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने बुझिन्छ । यसलाई स्फुट वा मुक्तक कविताको संज्ञा पनि दिन सकिन्छ । सिङ्गो कविता आफैमा प्रभावात्मक, तीव्र र सङ्क्षिप्त हुन्छ (पृष्ठ : ३३) । कविता शब्दको

व्युत्पत्तिगत अर्थ केलाउने सन्दर्भमा समालोचकले काव्य वा कविता शब्द 'कवि' बाट बनेको र संक्षेपमा कविको कर्मलाई काव्यको रूपमा लिएको बताउँछन् । कविताको सन्दर्भमा पूर्वीय विद्धान्हरूको परिभाषाहरूको चर्चा गर्दै थापाले भरतमूनिले कवितामा कोमल र सुन्दर पदविन्यास, गूढ शब्दार्थहीनता, सुबोधता, युक्ति पूर्णता, नृत्यका लागि उपयुक्तता र रस निष्पत्तिका लागि गुण र सन्धियुक्तता हुनुपर्दछ (पृष्ठ : ३४) । भामहले शब्द र अर्थयुक्त रचनालाई कविता भनेका छन् । मम्मटले दोषमुक्त र गुण तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो भनेका छन् । विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनी चर्चा गरेका छन् (पृष्ठ : ३५) । विभिन्न सम्प्रदायका मान्यताहरू केलाउने सन्दर्भमा थापाले अलङ्कार सम्प्रदायले अलङ्कारलाई कविताको आत्माको रूपमा लिएको र यस मतमा दण्डी, भामह, वामन र रुद्रट रहेका बताएका छन् (पृष्ठ : ३६) । त्यस्तै वक्रोति सम्प्रदायका मतमा वक्रोति नै कविताको प्राणको रूपमा रहेको चर्चा गरेका छन् (पृष्ठ : ३६) । रीति सम्प्रदायका विचारमा कविताकालागि पदविन्यासलाई महत्त्व दिएका छन् वामनका अनुसार विशिष्ट पद रचना नै रीति हो (पृष्ठ : ३७) । औचित्यवादी क्षेमेन्द्र र यस सम्प्रदायका अनुसार रसलाई काव्यको आत्मा मान्दै औचित्यलाई प्राणतत्व मानिएको छ (पृष्ठ : ३७) । ध्वनि सम्प्रदायको मान्यताका प्रमुख पक्षधर आनन्दवर्धन र यस सम्प्रदायको मान्यतानुसार ध्वनि नै काव्यको आत्मा हो भनेका छन् । त्यस्तै अर्को सम्प्रदाय रस सम्प्रदायको मान्यतानुसार रस नै काव्यको प्राण हो भरतमूनिका अनुसार रस विना कुनै पनि अर्थको प्रर्वतन हुदैन् (पृष्ठ : ३८) । भन्ने पूर्वीय विद्धान्हरू र सम्प्रदायको चर्चा समालोचकले गरेका छन् ।

त्यस्तै पाश्चात्य विद्धान्हरूको काव्य मान्यतालाई चर्चा गर्दै थापाले वर्डवर्स्थको विचारमा कविता प्रबल मनोवेगको स्वच्छन्द प्रवाह हो यसको उत्पत्ति शान्तावस्थामा सञ्चित अनुभूतिहरूबाट हुन्छ । हड्सनका विचारमा कवितामा कल्पना र भावनाको आवश्यकता रहने, कलरिजले कवितामा विशिष्ट पदविन्यास र सङ्गीतमा जोड दिएको र मेथ्यु आर्नोल्डले कवितालाई जीवनको समालोचनाको रूपमा लिएको चर्चा गरेका छन् (पृष्ठ : ३९) । नेपाली विद्धान्हरूका कविता सम्बन्धी मान्यताहरूलाई विश्लेषण गर्दै थापाले बालकृष्ण समले कविता भावनाको बौद्धिक कोमलता भएको, सिद्धिचरण श्रेष्ठले प्रतिभाको स्फुरण नै कविता मानेको, र कविता लागि अनुभूति र कल्पना आधारभूत तत्त्व नै मानेको चर्चा गरेका छन् (पृष्ठ : ४०) । अर्का नेपाली राष्ट्रकवि माधव घिमिरेले शब्द सङ्गीत, अर्थ

र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो भनेका छन् । केदारमान व्यथितको भनाइमा तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो (पृष्ठ :४१) । भन्ने जस्ता मतहरू नेपाली विद्धानहरूको रहेको चर्चा गरेका छन् ।

समग्रमा समालोचक थापाले कविता जीवनको क्रममा प्राप्त विविध अनुभूतिको अभिव्यक्ति हो भन्ने निष्कर्ष दिएका छन् । कविता सम्बन्धी व्युत्पत्तिगत अर्थ, परिभाषा दिदै समालोचकले कविता मानवीय जीवनको पाटोसँग जोडिएको विषय हो । जसमा रसात्मकता, आनन्दानुभूति, कल्पना, भावना अर्न्तनिहित हुन्छन् भन्ने चर्चा गरिएको पाइन्छ । संक्षेपमा विशिष्ट भाव, विचार र अनुभूति विशेषको कलात्मक र प्रभावात्मक अभिव्यक्तिलाई कविता मानि प्रस्तुत अध्याय टुङ्ग्याइएको छ । विशेष गरी पूर्वीय, पाश्चात्य र नेपाली विद्धानहरूका मत मतान्तरहरूलाई प्रस्तुत गरी समालोचक थापाले यस अध्यायमा वस्तुपरक र तथ्यपरक विषयवस्तु प्रस्तुत गरेका छन् ।

### ४.३.२ गीत

प्रस्तुत ग्रन्थको पाँचौ एकाइको रूपमा गीत शीर्षक संरचित गरिएको छ । जस अन्तर्गत गीतको व्युत्पत्ति, परिभाषा, गीति तत्व तथा गीति संरचनासँग सम्बन्धित सिद्धान्तलाई प्रस्तुत गरिएको छ । गीतको व्युत्पत्तिगत अर्थबारे चर्चागर्दै समालोचक भन्दछन् : ग धातुमा क्त प्रत्यय लागेर गीत शब्दको निर्माण भएको हो । यसरी नेपालीमा गीत शब्द संस्कृतबाट आएको हो । गीतलाई गाउनका लागि रचिएको पद्य रचना विशेषको रूपमा लिन सकिन्छ । अङ्ग्रेजी भाषामा गीतलाई सङ् र लिरिक भनिन्छ सङ्लाई सङ्गीतबद्ध गरिएको रचना विशेषको रूपमा लिइन्छ । लिरिक शब्दको निर्माण लायर बाट भएको हो । ग्रिस भाषामा यो एक प्रकारको वाद्ययन्त्र हो । वाद्ययन्त्रको आधारमा गीत गाउने प्रचलन भएकोले पछि यसैका आधारमा लिरिक शब्दको प्रयोग भएको हो । (पृष्ठ : ४३) । गीत सन्दर्भमा विभिन्न विचार वर्णनगर्दै थापाले गीतलाई निश्चित परिभाषामा बाँध्न सकिन्न । गीतमा जीवनको सुखदुख हुन्छ । जगत्को घातप्रतिघात हुन्छ देश र मानवप्रतिको आस्था र निष्ठा हुन्छ । गीतको भावपक्ष उत्कृष्ट भएअनुसार कलापक्ष पनि उत्कृष्ट भयो भने गीत अनुपम हुन्छ भनेका छन् (पृष्ठ :४३) । नेपाली विद्धान्हरूको गीत सम्बन्धी धारणाहरूको चर्चा गर्दै उनले सिद्धिचरण श्रेष्ठले जगत् र जीवनको गहिराइलाई जत्ति सरल र सुबोध पार्न

सकियो, त्यत्ति नै कलाको सार्थकता हो । गीत त्यो परम सत्यलाई भेट्टाउने परम सत्यलाई भेट्टाउने सबभन्दा नगिचको सिद्धि हो । गीतकार रत्न थापाको भनाइ अनुसार गीत मुटुको धुकधुकी सित बढी सम्बन्धित हुने हुदाँ संवेदनशील हुन्छ । गीतकार कृष्णप्रसाद पराजुलीको शब्दमा गीत कोमल अनुभूतिका लयात्मक लहर हुन् । ईश्वरबल्लभका विचारमा मनको कोमल भावना गीतमा हुन्छ । कालीप्रसाद रिजालका शब्दमा गीत मनको स्वर हो । गोपाल योञ्जनको शब्दमा जीवनका तीतामिठा अनुभूतिहरूको सरल गेयात्मक अभिव्यक्ति नै गीत हो भन्ने जस्ता नेपाली गीतकार र विद्वान्हरूको परिभाषाको चित्रण गरेका छन् । गीतको उदाहरणको रूपमा समालोचकले निम्न उदाहरण प्रस्तुत गरेका छन् :

पिउँदा पिउदै जिन्दगी यो रित्याउन चाहन्छु म

आज सारा व्यथाहरू सिद्याउन चाहन्छु म ।

जीन्दगीको सारा हार आजै हार्न चाहन्छु म

हरेक दिनको मृत्युलाई आजै मार्न चाहन्छु म । (पृष्ठ : ४५)

गीतबारे संक्षेपमा आफ्नो धारणा राख्दै समालोचक भन्दछन् : जीवनको भोगाइको क्रममा प्राप्त विभिन्न भाव र अनुभूतिहरूको कलात्मक, संवेगात्मक र गेयात्मक अभिव्यक्ति नै गीत हो । गीति रचनामा साहित्य र कलाको मिश्रित रूप हुन्छ । गीत आफैमा एउटा स्वतन्त्र र सफल विधा हो तर प्रस्तुतिका दृष्टिले यो कला पनि हो । भावपूर्ण गीत, सशक्त सङ्गीतकार र राम्रो गायकको बीच सहकार्य हुन्छ (पृष्ठ : ४४) । समग्रमा समालोचकले गीतको विभिन्न रूपहरूको चर्चा गर्दै विभिन्न उदाहरणहरू प्रस्तुत गरी विविध गीतकार, साहित्यकारहरूले गीत सम्बन्धमा दिएका मतहरूको समेत प्रस्तुति दिएका छन् । गीति शैली, पक्ति विधान, लयविधान, शब्द, अर्थको संयोजनमा ध्यान दिइ गीत रचना गरिनु पर्ने विचार समेत व्यक्त गरेका छन् । गीत भित्र सम्पूर्ण जीवन समेटिएको हुन्छ त्यसकारण जीवनको भोगाइ, विचारहरूको प्रस्तुति हुने गीतमा गीति संरचनामा एकोन्मुखताको निर्वाह हुनु आवश्यक हुने तर्क समालोचक गर्दछन्

### ४.३.३ गजल

साहित्य परिचय कृतिको छैठौ अध्यायको रूपमा गजल शीर्षक संरचित छ । जसमा गजलको व्युत्पत्ति, परिचय, स्वरूप र कला पक्षको चर्चा गरिएको छ त्यस्तै विभिन्न

गजलकारहरूका गजलहरूको उदाहरणहरू प्रस्तुत गरी गजल सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयास गरिएको छ । गजलको व्युत्पत्ति र परिचय दिदै समालोचक भन्दछन् : गजल शब्द अरबेली भाषाको संयुक्त शब्द हो । गजल शब्द तीन ओटा शब्दहरू संयुक्त भएर बनेको हो । ग को अर्थ बोली वा वाणी हो । अर्को शब्दमा वार्तालाप वा कुराकानी हो । ज को अर्थ नारी हो र अल को अर्थ सँग वा साथ हो । यसरी गजल शब्दले नारीका साथ हुने कुराकानी बुझाउँछ । पछि यो प्रेमिकासँग गरिने प्रणयभावना र याचनाको अभिव्यक्तिको रूपमा विकसित भयो । आधुनिक गजलमा क्रमशः प्रणयभावनाको मात्र नभएर युगबोधको साथै समसामयिक सञ्चेतना र संवेदनाका भाव पनि समावेश भएको पाइन्छ (पृष्ठ : ५१) । गजल परिचय बारे थप परिचय दिदै समालोचकले गजल एक प्रकारको गीतको अर्को रूप हो । गजलमा भाव र अनुभूति विशेषको कलात्मक र लयात्मक अभिव्यक्ति हुन्छ । भावपक्षका दृष्टिले गीत र गजलमा धेरै समानता पाइन्छ । शिल्पका दृष्टिले गीतको तुलनामा गजलमा बढी संयम र कठोर अनुशासनको आवश्यकता हुन्छ । गीतमा संरचनागत विविधता हुन्छ तर प्रचलनका दृष्टिले गजलमा सीमितता हुन्छ । गजलमा शब्द, ध्वनि र लयको कठोर पालना हुन्छ । गीतमा जस्तै गजलमा साहित्य र कलाको सम्मिश्रण पाइन्छ । (पृष्ठ : ५१) । थापाले गजलको उत्पत्तिबारे टिप्पणी गर्दै अरबेली र फारसेली हुँदै भारतमा उर्दू र हिन्दी भाषाका माध्यमबाट नेपाली साहित्यको माध्यमिक कालमा गजलको प्रवेश गरेको देखिन्छ । मोतीराम भट्ट नै यसका प्रमुख प्रयोक्ता हुन् भनी समालोचकले चर्चा गरेका छन् (पृष्ठ :५१) । गजलको संरचनात्मक सिद्धान्त र परिचय प्रस्तुत गर्दै थापाले भनेका छन् : गजलको पङ्क्तिलाई मिसरा भनिन्छ । त्यस्तै दुई पंक्तिको एउटा पाउ हुन्छ । यस्तो पाउलाई शेर भनिन्छ । गजलमा कुनै पनि शेरको पहिलो मिसरालाई मतला-ए-उला र दोस्रो पंक्तिलाई मिसरा-ए-सानी भनिन्छ । सुरुको पहिलो शेरलाई मतला भनिन्छ । मतलाको अर्थ उदय वा सुरु हुनु हो । पहिलो शेरका पंक्तिमा रदिफ मिलेको हुन्छ । रदिफ भनेको एक प्रकारको अन्त्यानुप्राश हो । पंक्तिको अन्त्यमा प्रयुक्त रदिफमा शब्द वा शब्दसमुहको आवृति मिलेको हुन्छ (पृष्ठ : ५२) । गजलको सिद्धान्तमा आधारित भएर लेखिएको उदाहरण थापाले यसरी प्रस्तुत गरेका छन् :

तिमी जे भन्छौ म त्यही गर्छु केवल माया देउ ।
राजी छु मर्न म तिम्रा लागि केवल माया देउ ।

उमेरले पनि नल्याएको बैँस तिमीले ल्याइदियौ

अब म तिम्रै बाटोमा हिँड्छु केवल माया देउ । (पृष्ठ : ५३) ।

गजलबारे सङ्क्षिप्त निचोड प्रस्तुत गर्दै समालोचकले गीत जस्तै गजलको गायनसँग अविभाज्य सम्बन्ध छ । यस अर्थमा गजल पनि एउटा मिश्रित कला हो । गजलमा साहित्य र कलाको सम्मिश्रण पाइन्छ । यस दृष्टिले शब्द विन्यासमा ध्यान दिनु आवश्यक छ । यसमा क्लिष्ट वा कष्टसाध्य शब्दको प्रयोग गर्नु हुदैन् । गजलको उर्दू वा फारसी परम्परासँग सम्बन्ध भएकोले उर्दू वा फारसी शब्दको प्रवेश पनि यसमा हुन सक्छ तर पनि गजलमा संस्कृत र उर्दू वा फारसीका अप्रचलित शब्द प्रयोग गर्नु हुदैन् । गजल संरचनामा सहज, सरल र सरस शब्दविन्यासको अद्वितीय भूमिका हुन्छ भनेका छन् (पृष्ठ : ५६) । समग्रमा समालोचकले गजल आजको युगको लोकप्रिय विधा हो । जसको रचना विशिष्ट प्रकृतिबाट हुन्छ । मिसरा, रदिफहरू यसका तत्वहरू हुन् जसको आधारमा गजल रचना भई साहित्यको कलात्मक विधाको रूपमा चिनिएको छ । उत्कृष्ट गजल रचना गर्नु व्यक्तित्वको निर्माण, पहिचान र ज्ञानको विस्तार गर्नुसँग निकट रहेको हुन्छ भन्ने जस्ता गजलको परिचय, प्रवृत्ति, र गजल सिद्धान्त तथा विविध खालका उदाहरणहरू प्रस्तुत गरी यस अध्यायलाई समापन गरेका छन् ।

### ४.३.४ महाकाव्य

विवेच्य कृतिको सातौँ अध्यायको रूपमा महाकाव्य शीर्षक शीर्षकीकरण गरिएको छ । यस शीर्षक अन्तर्गत महाकाव्यको परिचय, स्वरूप, कथास्रोत, गठन शिल्प, नायक, रस, उद्देश्य, भाषा जस्ता पक्षहरूको चर्चा गरेका छन् । समालोचकका अनुसार महाकाव्यलाई संस्कृत साहित्यमा प्रबन्ध काव्य अन्तर्गत राखिएको छ । आनन्दवर्धनले प्रबन्धकाव्यमा कथावस्तुको सुदृढ योजना प्रतिपादन भएको हुनुपर्दछ । कथावस्तु अन्तर्गत नाटकीय सन्धि र सन्ध्यङ्गको प्रयोग र यसमा पनि अनुकूल अलङ्कारहरूको प्रयोग हुनुपर्दछ । वास्तवमा प्रबन्धकाव्यमा एउटा कथात्मक ढाँचामा मानवजीवन र जगत्को विशद् पक्षको काव्यात्मक प्रस्तुति हुन्छ । प्रबन्धकाव्यलाई दुई भागमा विभाजन गर्न सकिन्छ : १) महाकाव्य २) खण्डकाव्य भनी आनन्दवर्धनले चर्चा गरेको बताएका छन् (पृष्ठ : ५७) । महाकाव्यको स्वरूप सम्बन्धमा विभिन्न विद्वान्हरूका मतहरूको चर्चा गर्दै समालोचकले भामहले

महाकाव्यमा वस्तुगठन, सर्गबद्धता र पञ्चसन्धिको निर्वाह हुनुपर्दछ, त्यस्तै दण्डीको विचारमा महाकाव्यमा कथावस्तु, नायक, रस, चर्तुवर्ग मध्ये एउटाको प्रयोग, प्राकृतिक वर्णन, अलङ्कारको प्रयोग, छन्दयोजना र सर्गबद्धता हुनुपर्दछ भन्ने कुरा वर्णन गरेका छन् (पृष्ठ : ५८) । महाकाव्यको कथास्रोतको गठनलागि समालोचकले महाकाव्यको लागि कथाको स्रोत ऐतिहासिक हुनुपर्दछ, यसको गठन र गुम्फनमा नाटकीय सन्धिको निर्वाह भएको हुनुपर्दछ । यसमा विभिन्न देवी देवताको स्तुति र आशिष् समावेश भएको हुनुपर्दछ । र महाकाव्यको वस्तु संकेत मंगलाचरणबाट सुरु हुनुपर्दछ भन्ने विषय चर्चा गरेका छन् ( पृष्ठ : ५९) । उनले महाकाव्यका थप विशेषताहरूको वर्णन गर्दै महाकाव्यको रचना सर्गमा बाँधिएको हुनुपर्ने, आठ सर्ग भन्दा कम हुनु नहुने, सर्ग ज्यादै ठुलो र ज्यादै सानो हुनु नहुने, सर्गको आगामी घटना वा कथाको सूचना हुनुपर्ने र प्रत्येक सर्गको अलग अलग शीर्षक हुनुपर्ने कुरा औंल्याएको पाइन्छ । नायक बारे चर्चा गर्दै उनले कुनै देवता वा धीरोदात्त गुण भएको, कुनै क्षत्री राजा महाकाव्यको नायक शूर, वीर र धीर हुनुपर्ने बताएका छन् । महाकाव्यमा श्रृङ्गार, वीर र शान्त रस मध्ये एउटा प्रमुख रूपमा आउनुपर्ने बताएका छन् । महाकाव्यको सन्दर्भमा विभिन्न विद्धान्हरूको बीच मतहरू रहेको हुँदा महाकाव्यको भाषा सहजता र सरलता भएको हुनुपर्दछ भन्ने कुरा थापाले चर्चा गरेका छन् (पृष्ठ : ६०) । महाकाव्य सम्बन्धी पाश्चात्य मान्यताहरूको समेत मोहनहिमांशु थापाले चर्चा गर्दै पश्चिममा सर्वप्रथम महाकाव्यको चर्चा गर्ने आचार्य एरिस्टोटल हुन् । उनले दुखान्त नाटकको वकालत गरेका र महाकाव्यका तत्वहरू कथावस्तु, चरित्र, विचार र पदावली मानेको बताएका छन् । पाश्चात्य साहित्यमा कथावस्तुको स्रोतको रूपमा दन्त्य कथालाई मानिएको, जीवन र जगतको पृष्ठभूमिमा महाकाव्यको कथावस्तुको गठन, कथावस्तुका तीन अवस्था प्रारम्भ, मध्य र अन्त्य, चरित्र वा नायक उच्चतर हुनुपर्दछ । ऐरिस्टोटलको दुखान्त नाटकका वैचारिक धरातलमा महाकाव्यको विवेचना र कलापूर्ण र गरिमापूर्ण भाषाशैली हुनुपर्ने चर्चा गरिएको बताएका छन् (पृष्ठ : ६२) । आजको सन्दर्भमा महाकाव्यको स्वरूप र विशेषता बारे चर्चा गर्दै थापाले बदलिँदो समय र विविध प्रयोगले गर्दा महाकाव्यमा इतिहास र पुराणमा कथा र विषय हुनुपर्दछ भन्ने कुनै अकाट्य नियम बनाउन नमिल्ने । देवकोटाको शाकुन्तल महाकाव्यमा पौराणिक परिवेश, कथा र कथ्य भएपनि आधुनिक विम्ब र प्रतिविम्ब पाइन्छ । बालकृष्ण समको चिसो चूल्हो महाकाव्य कथा र विषयबस्तुका दृष्टिले क्रान्तिकारी

सिद्ध भएको छ । सर्ग सम्बन्धमा यति नै सर्ग हुनुपर्ने नियम बनाउन नसकिने । छन्द सिलसिलामा पनि गद्य कविताको बहिष्कार गर्न नसकिने, रसका दृष्टिले पनि शास्त्रीय नियममा बाध्न नसकिने बताउँदै आधुनिक सन्दर्भमा महाकाव्यका लागि कथा, पात्र, भाषाशैली, वातावरण, जीवनदर्शनलाई आवश्यक तत्वका रूपमा लिनुपर्ने चर्चा समालोचक थापा गर्दछन् (पृष्ठ : ६३) ।

यसरी समग्रमा महाकाव्यको स्वरूप, गठन, पूर्वीय, पाश्चात्य मान्यताहरू र हाल बदलिँदो परिवेशमा महाकाव्य कस्तो हुनुपर्दछ भन्ने जस्ता विविध सन्दर्भहरू दिएर महाकाव्यको सैद्धान्तिक परिचय प्रस्तुत अध्यायमा थापाले गरेका छन् । पूर्वीय र पाश्चात्य मतमतान्तर केलाउँदा समग्रमा महाकाव्य जीवनको कुनै घटनालाई विविध सन्दर्भहरू दिएर सर्गबद्ध वा मुक्त, आवश्यक पात्रहरूको सम्मिलन गराइ गरिएको कविताको बृहद् रूपको रूपमा लिन सकिन्छ । महकाव्यको पूर्वीय र पाश्चात्य मान्यताले लगाएको लगाम भन्दा बाहिरआइ आजको समयको बदलिँदो परिवेशसँगै महाकाव्यगत मान्यतामा आएको परिवर्तनलाई वस्तुपरक ढङ्गले थापाले चर्चा गरेका छन् ।

### ४.३.५ खण्डकाव्य

साहित्य परिचय पुस्तकको आठौ एकाइको रूपमा खण्डकाव्य शीर्षक संरचित छ । प्रस्तुत एकाइमा खण्डकाव्यको परिचय, कथावस्तुको गठन र स्रोत, नायक, रस, उद्देश्य, भाषाशैली, आजको सन्दर्भमा खण्डकाव्य र खण्डकाव्यका तत्वहरूको चर्चा गरिएको छ । खण्डकाव्यको परिचय प्रस्तुत गर्दै समालोचक थापाले महाकाव्यपछिको प्रबन्धकाव्यको अर्को रूप खण्डकाव्य हो । खण्डकाव्यको स्वरूप र यसको सैद्धान्तिक पक्षलाई संस्कृत साहित्यमा ज्यादै कम विवेचना गरिएको छ । रुद्रटले सर्वप्रथम महाकाव्य र खण्डकाव्यलाई क्रमशः महान् काव्य र लघुकाव्यको रूपमा उल्लेख गरेका छन् । विश्वनाथको भनाइमा महाकाव्यको एक देशीय रूप नै खण्डकाव्य हो । बालचन्द्र शर्माको भनाइ अनुसार कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्काव्य हो (पृष्ठ : ६४) । खण्डकाव्य र महाकाव्यको तुलना गर्दै खण्डकाव्यको थप परिचय प्रस्तुत गर्दै समालोचक भन्दछन् : महाकाव्यमा जीवन र जगत्को विराट् रूप प्रस्तुत गरिएको हुन्छ । अर्को शब्दमा महाकाव्यमा मानव जीवनको सम्पूर्ण र सर्वाङ्गीण रूप अभिव्यक्त भएको हुन्छ । खण्डकाव्यमा जीवन र जगत्का कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ ।

खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण, एउटा तथ्यको उद्‌घाटन र एक सत्यको विश्लेषण हुन्छ । खण्डकाव्यमा मावन जीवनको एउटा खण्ड विशेषको रूपमा मात्र प्रस्तुति हुन्छ । खण्ड रूपमा भएपनि खण्डित भएको हुदैन् । यो आफैमा अखण्डित हुन्छ । अर्को शब्दमा यो आफैमा पूर्ण हुन्छ । यस प्रकार खण्डकाव्यका तत्त्वमा कथा, पात्र र उद्देश्य वा जीवनदृष्टिमा एक देशीयता हुन्छ (पृष्ठः ६४) । खण्डकाव्यको कथावस्तुको स्रोत र गठन बारे चर्चा गर्दै वस्तुको गठन वा अवस्थालाई आवश्यक र सार्थक विभाजन आवश्यक छ । सर्गको अन्त्यमा भावी घटनाको सूचना दिनु आवश्यक छैन् । मंगलाचरण आवश्यक हुन सक्छ । खण्डकाव्यमा मानसिक तीव्रता हुन्छ । कथामा गत्यात्मकता हुन्छ र वर्णन तथा विश्लेषणमा परिमितता हुन्छ । यसै पृष्ठभूमिमा खण्डकाव्यमा प्रकृतिवर्णन र विश्लेषणको सम्भावना रहदैन् तर प्रभावात्मकता र कलात्मकताका दृष्टिले आवश्यकता हेरी प्रकृति प्रयोगको उपयोग गर्न सकिन्छ (पृष्ठ : ६५) । नायकबारे चर्चा गर्दै थापाले कुनै देवता विशेष वा उदात्त गुणले युक्त क्षेत्री हुनुपर्दछ तर महाकाव्यमा जस्तो पात्रको चारित्रिक संरचना र विकासको सम्भावना खण्डकाव्यमा हुदैन् । रसवारे समालोचकले भनेका छन् महाकाव्यको शास्त्रीय लक्षणकै आधारभूमि हेर्ने हो भने खण्डकाव्यमा श्रृंगार, वीर र शान्त मध्ये कुनै एक रसको प्रयोग हुनु आवश्यक छ ।

खण्डकाव्यको उद्देश्यका सम्बन्धमा बताउँदै खण्डकाव्यमा हुनुपर्ने एकदेशीयताका दृष्टिले काव्यमा धर्म, अर्थ, काम, मोक्षमध्ये एउटाको सुक्ष्म रूपमा साङ्केतिक प्रस्तुति हुनु आवश्यक छ । खण्डकाव्यको भाषाशैली सहज र सरल हुनु आवश्यक छ । आजको सन्दर्भमा खण्डकाव्यको चर्चा गर्दै थापाले आज साहित्यमा विविध प्रयोग भइरहेको छ । साहित्यमा प्रयोग हुनु र प्रयोगलाई आत्मसात् गर्नु साहित्यको सशक्तता र जीवन्तताको द्योतक हो । युग र समय अनुसार साहित्य प्रतिको दृष्टि र सोचाइमा परिवर्तन हुन्छ । यस प्रकारको परिवर्तन साहित्यमा देखापर्ने गतिशीलताको सूचक हो । यसै दृष्टिले खण्डकाव्यका लागि आवश्यक पर्ने तत्वको विवेचना गर्न सकिन्छ । ती तत्त्व हुन् कथानक, चरित्र, भाषाशैली, वातावरण र जीवनदृष्टि (पृष्ठ : ६६) । थापाका अनुसार कथात्मक गठन र गुम्फन हुन्छ । कथात्मकतामा काव्यात्मकता हुन्छ र काव्यात्मकतामा कथात्मकता हुन्छ । पात्रको प्रयोग कथातत्वको सुत्रपात गर्ने आवश्यक भूमिका चरित्रको हुन्छ । यस दृष्टिले काव्यको पात्र सशक्त, जीवन्त र संवेद्य हुनु आवश्यक छ । त्यस्तै खण्डकाव्यमा प्रयोग गरिने भाषाशैली

सरल, सहज र सरस हुनु आवश्यक मानेका छन् । कथातत्वलाई सशक्त र जीवन्त बनाउनका लागि वातावरणको प्रमुख भूमिका हुने र खण्डकाव्यमा कथा, पात्र र वातावरणको माध्यमद्वारा रचनाकारले जीवन र जगत्लाई हेरेका हुन्छन् त्यो हेराइ नै जीवनदृष्टि हो भन्ने चर्चा समालोचकले गरेका छन् (पृष्ठ : ६९) । समग्रमा खण्डकाव्यमा जीवन र जगत्का कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ । जसमा एक तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । खण्डकाव्यगत मान्यता, स्वरूप, नायक, रस, तत्व, उद्देश्य, भाषाशैलीबारे समालोचकले वस्तुपरक चर्चा गरेका छन् ।

### ४.३.६ नाटक

विवेच्य ग्रन्थको नवौं एकाइसँग नाटक विधा सम्बन्धित छ । यस शीर्षकमा रहेर समालोचक थापाले नाटकको व्युत्पत्ति, प्रकृति, प्रकार, परिभाषा, स्वरूप, नाट्य तत्त्व तथा यससँग सम्बन्धित पूर्वीय र पाश्चात्य विद्धानहरूको अवधारणाहरूलाई उल्लेख गरेका छन् । नाटकको व्युत्पत्तिगत स्वरूप केलाउदै थापा बताउँछन् संस्कृत साहित्यमा नाटकलाई दृश्य काव्य अन्तर्गत राखिएकोछ । नाटकलाई रूपकका १० भेद मध्ये एउटा मानिएको छ । रूप धातुमा ण्वुल् प्रत्ययको योगबाट रूपक शब्दको निर्माण भएको छ । कसैको रूप आरोप गर्नु नै रूपक हो भन्ने चर्चा उनले गरेका छन् । नाटक सम्बन्धमा विभिन्न विद्धान्हरूका परिभाषाहरूको चर्चा गर्दै उनले संस्कृत साहित्यमा विश्वनाथको कथन अनुसार रूपको आरोप गर्नु रूपक हो । अवस्था विशेषको आरोप गर्नुलाई नाटक भनिन्छ । भरतमूनिले तिनै वटा लोकको भावको अनुकरण नै नाटक हो भनेको चर्चा गरेका छन् । संस्कृत साहित्यमा नाटकलाई पञ्चम वेद भनिने, देवताहरूको अनुरोधमा ब्रह्माले उनीहरूकै मनोरञ्जनका लागि पञ्चम वेद बनाएको समेत चर्चा गरेका छन् (पृष्ठ : ७२) ।

नाटक सम्बन्धमा पाश्चात्य परम्पराको चर्चा गर्दै थापाले पाश्चात्य नाट्परम्राको अभ्युदय ग्रीसबाट भएको हो । त्यहाँको परिवेश र परम्पराले गर्दा दुखान्त नाटकको उद्भव र समुचित विकास ग्रीसमा नै भयो । उनका अनुसार डायोनिससको उत्सवबाट प्रारम्भ भएको ग्रिसेली दुखान्त नाटक क्रमशः थेस्पिस, एस्किलस, सफोक्लिज र युरिपाइडिजमा विकसित भयो । पछि यसैलाई आधार मानेर एरिस्टोटलले नाट्य सिद्धान्तको निर्माण गरेको पनि चर्चा गरेका छन् । उनले नाटकका लागि ६ तत्व आवश्यक हुने बताएका छन् ।

नाटकको कथावस्तु बारे चर्चा गर्दै संस्कृत नाटकमा कथावस्तुका तीन ओटा स्रोत मानिएको छ ती हुन् प्रख्यात, उत्पाद्य र मिश्र । कथाको दृष्टिका हिसाबले उनले आधिकारिक कथावस्तु र प्रासङ्गिक कथावस्तु हुने समेत चर्चा गरेका छन् । त्यस्तै गठनका दृष्टिले विन्यस्त र शिथिल, कथावस्तुको अवस्थाका दृष्टिले आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम, त्यस्तै अर्थ प्रकृतिको आधारमा बीज, विन्दु, पताका, प्रकरी र कार्य हुने, कथावस्तुको अंशलाई सम्बद्ध गर्ने अर्को विषय सन्धि भएको र सन्धि मुख, प्रतिमुख, गर्भ, अवमर्श र निर्वहण भएको समेत चर्चा गरेका छन् । नाटकमा मूलतः दुई प्रकारका सामग्री समावेश भएका हुने दृश्य र सूच्य तथा सूच्य भित्रका अर्थोपक्षक पाँच प्रकारका विष्कम्भक, अकास्य, अकांवतार, चूलिका र प्रवेशक हुने बताएका छन् (पृष्ठ : ८४) । पात्र बारे चर्चा गर्दै थापाले नाटकमा चरित्रचित्रणलाई मूलभूत तत्वका रूपमा लिइन्छ । नाटक एउटा मिश्रित कला भएकोले यसमा दृश्य प्रत्यक्ष र अभिनेय रूपमा हुन्छ । नाटकमा पात्रहरू धेरै हुनु राम्रो होइन भन्ने उनको मत छ । नायक बारे उनले संस्कृत साहित्यमा धीर एवम् विशिष्ट व्यक्तिहरूलाई नै नायक बनाउने परम्परा रहेको र चार प्रकारका नायकहरू धीरोदात्त, धीरोद्धत, धीर ललित र धीरप्रशान्त हुने बताउँछन् । नायिकाका तीन भेद रहेका स्वकीया, परकीया र सामान्या रहेका चर्चा गरेका छन् (पृष्ठ : ९०) । नाटकको अर्को महत्त्वपूर्ण तत्त्व संवाद नाटकको अनिवार्य रहेको र नाटककारका लागि कथावस्तु रचना गर्ने आधार हो, चरित्रचित्रण गर्ने माध्यम हो र विचार प्रस्तुत गर्ने एउटा साधन हो भनी यसको अपरिहार्यता रहेको चर्चा गरेका छन् । संस्कृत साहित्यमा ३ प्रकारका संवाद सर्वश्राव्य, नियतश्राव्य र अश्राव्य रहेको बताएका छन् । भाषाको सन्दर्भका सरल सहज र सम्प्रेषणीय हुनुपर्ने बताउँछन् । वातावरणबारे चर्चा गर्दै उनले वातावरण वास्तविक र स्वाभाविक हुनु आवश्यक छ भनेका छन् (पृष्ठः ९७) । नाटकको उद्देश्यबारे चर्चा गर्दै संस्कृत नाटकमा रस प्रतिपादन नै साहित्यको मूल उद्देश्य रहेको र पाश्चात्यमा एरिस्टोटलका अनुसार त्रास र करुणाको स्थितिबाट मनोविकारको शुद्धीकरण गर्नु रहेको चर्चा गरेका छन् । नाटकको भेदहरूबारे थापाले चर्चा गर्दै सुखान्त नाटक पूर्वीय नाट्य साहित्यमा र दुखान्त नाटक पाश्चात्य साहित्यमा रहेको चर्चा गरेका छन् ।

समग्रमा समालोचक थापाले यस शीर्षकमा नाटकको व्युत्पत्ति देखि यसको परिचय, परिभाषा, पूर्वीय पाश्चात्य मान्यताहरूको विस्तृत चर्चा यसमा गरेका छन् । नाटक दृश्य

विधा हो जसका विविध रूपहरू पाइन्छन् । सुखान्त दुखान्त पात्रहरूका विविध रूपहरू पाइन्छन् । ती सम्पूर्णताको चर्चा गरी नेपाली साहित्य जगत्मा नाटक विधासँग सम्बधित रही नाटकको सैद्धान्तिक ज्ञान प्राप्त गर्ने पाठककालागि यो शीर्षक उपयोगी सावित भएको छ । नाटकमा जीवन जगत्का घटना, अनुभव, कार्यको प्रत्यक्षीकरणद्वारा यथार्थ चित्रण गरिने हुँदा नाटकको सैद्धान्तिक व्याख्यागर्न समालोचक सफल देखिन्छन् । नाटक के हो ? नाटकका तत्व के-के हुन् ? जस्ता थुप्रै नाटक सम्बद्ध प्रश्नहरूको समाधान समालोचक थापाले प्रस्तुत अध्यायमा चर्चा गरेका छन् ।

### ४.३.७ एकाङ्की

प्रस्तुत समालोचना कृतिको दशौं एकाइको रूपमा एकाङ्की शीर्षक समावेश गरिएको छ । यस शीर्षक अन्तर्गत समालोचक थापाले एकाङ्कीको पृष्ठभूमि, परिचय, स्वरूप, एकाङ्की तत्व समावेश गरी एकाङ्कीगत मान्यताहरूलाई उल्लेख गरिएको छ । एकाङ्कीको पृष्ठभूमिबारे चर्चा गर्दै थापाले वास्तवमा एकाङ्कीको वर्तमान स्वरूपको निर्माण र विकास इस्वीको बीसौ शताब्दीको प्रारम्भतिर भयो । त्यतिखेर लण्डनको एउटा नाचघरमा डब्ल्यू डब्ल्यू ज्याकबको बाँदरको पञ्जाको प्रदर्शन भयो । यो एक प्रकारको अभिनय प्रदर्शन मात्र थियो । छोटो मिठो कथावस्तु, मञ्चनका दृष्टिले सुगम भएकाले यसको विकास तीव्ररूपमा संसारभर फैलिएको चर्चा थापाले गरेका छन् (पृष्ठ : १०३ । जीवनमा घटेका स्मरणीय घटना, अविस्मरणीय स्थिति र प्रमुखपात्रको संवेद्य चरित्रचित्रण विशेषको एक पक्षीय र गतिशील अवस्थाको संवादात्मक प्रस्तुति नै एकाङ्की हो भन्दछन् । एकाङ्कीको स्वरूपबारे बताउदै समालोचकले एकाङ्कीमा एक अङ्क मात्र हुन्छ । नाटकका भने विभिन्न अङ्क हुन्छन् । एकाङ्कीलाई विभिन्न अङ्कमा लेख्दा नाटक हुदैन फेरी नाटकलाई एक अङ्कमा लेख्दा एकाङ्की हुदैन् । एकाङ्कीमा एउटा कार्य हुन्छ र एउटै उद्देश्य हुन्छ (पृष्ठ : १०३) । एकाङ्कीका तत्वहरूको चर्चा गर्दै थापाले कथावस्तु एकाङ्कीको महत्त्वपूर्ण तत्त्व हो जसमा विभिन्न घटनाहरूको समुचित र सन्तुलित प्रस्तुति हुन्छ । घटनाको सुनियोजित गठन र गुम्फन हुन्छ । एकाङ्कीमा ज्यादै कम घटनाहरूको आवश्यक र सार्थक उपयोग हुनु अत्यावश्यक छ भनी चर्चा गरेका छन् । (पृष्ठ : १०५) । कथावस्तुका अवस्थाहरूको चर्चा गर्दै थापाले प्रारम्भ, विकास, अन्त्य गरी तिन अवस्थाको चर्चा गरेका छन् । पात्रहरूको मितव्ययी प्रयोग हुनुपर्ने कुराको चर्चा यसरी गरेका छन् : एकाङ्कीमा पात्रहरू थोरै तर

आवश्यक मात्रामा प्रयोग गरिनुपर्दछ । कम पात्रको प्रयोगले एकाङ्कीलाई सङ्क्षिप्तता, परिमितता र गतिशिलता प्रदान गर्ने बताएका छन् (पृष्ठ : ११०) । अर्को महत्त्वपूर्ण तत्त्व संवादको चर्चा गर्दै थापाले संवाद एकाङ्कीको आधारभूत तत्व हो । संवादकै माध्यमबाट एकाङ्कीको कथात्मक गठन हुन्छ, पात्रको चरित्र चित्रण हुन्छ, र प्रतिपाद्य विषयको प्रस्तुतीकरण हुन्छ । एकाङ्कीमा प्रयोग हुने भाषाशैली बारे चर्चा गर्दै भाषाको प्रयोगमा सरलता, सहजता र सङ्क्षिप्तता हुनु आवश्यक हुन्छ । एकाङ्कीमा प्रयोगहुने वातावरण एकाङ्कीको सामाजिकताको र मानसिकताको अनूकुल हुनु आवश्यक छ । त्यस्तै एकाङ्कीको उद्देश्यबारे उनले जसरी कलाको आफ्नो मूल्य हुन्छ, त्यसरी नै एकाङ्कीको पनि आफ्नै मूल्य हुन्छ । यही अर्थको खोजी र मूल्यको स्थापना नै एकाङ्कीको अभीष्ट उद्देश्य हो ।

समग्रमा प्रस्तुत एकाङ्की शीर्षकमा समालोचक मोहनहिमांशु थापाले एकाङ्की जीवनमा घटेका घटना, अवस्मरणीय स्थिति र प्रमुख पात्रको संवेद्य चरित्र विशेषको एक पक्षीय र गतिशील अवस्थाको संवादात्मक प्रस्तुति हो भन्ने मत प्रकट गरेका छन् । एकाङ्कीको कथ्यमा एकता, कार्यमा तीव्रता, घटनामा क्षिपता, भावमा संलग्नता र संवेदनामा सुक्ष्मता हुनु आवश्यक मानेका छन् । संक्षेपमा भन्नुपर्दा एकाङ्की के हो ? यसको स्वरूप कस्तो हुनुपर्दछ ? एकाङ्कीका तत्वहरू के के हुनुपर्दछन् ? जस्ता प्रश्नहरूको जवाफ विविध प्रसङ्ग, उदाहरण तथा तथ्यपरक जानकारी यस शीर्षकमा थापाले दिएका छन् ।

### ४.३.८ उपन्यास

दोस्रो खण्ड अन्तर्गत कै एकाइ एघारमा आख्यान विधासँग सम्बन्धित उपन्यासको समावेश गरिएको छ । यस एकाइमा थापाले उपन्यासको परिचय, व्युत्पत्ति, परिभाषा, औपन्यासिक तत्वहरूलाई सुक्ष्म रूपमा समीक्षा गरेका छन् । उपन्यासको परिचय दिदै थापाले उपन्यास शब्द उप र नि उपसर्ग, अस् धातु र घञ् प्रत्ययको संयोगबाट निर्माण भएको हो । जसको अर्थ कुनै वस्तुलाई नजिक राख्नु हुने जनाएका छन् (पृष्ठ : ११९) । संस्कृत साहित्यका विभिन्न विद्धान्हरूको विचार प्रस्तुत गर्दै भरतमूनिले कुनै अर्थलाई युक्तियुक्त प्रस्तुत गर्नु नै उपन्यास हो भनेका छन् । पाश्चात्य साहित्यमा प्रचलित नोबेलको प्रर्यायको रूपमा नेपाली साहित्यमा उपन्यासको प्रयोग भएको बताएका छन् । गुराल्निकको विचार प्रस्तुत गर्दै थापाले लामो काल्पनिक गद्यात्मक विवरणलाई उपन्यासका रूपमा लिएको चर्चा गरेका छन् । जेम्सले उपन्यासलाई जीवनको प्रतिनिधित्व गर्ने प्रयासको अर्थमा

लिएका छन् । हिन्दी उपन्यासकार प्रेमचन्दले उपन्यासलाई मानव चरित्रको चित्र मानेका छन् । चक्रपाणि चालिसेको शब्दमा लामो साहित्यिक कथा नै उपन्यास हो भनेका छन् । बालचन्द्र शर्माका विचारमा उपन्यास भनेको धेरै अध्याय वा खण्डहरूमा लेखिएको लामो साहित्यिक कथा हो भनी विभिन्न विद्वानहरूका उपन्यास सम्बन्धी मतहरूको चित्रण गरेका छन् (पृष्ठ : १२०) ।

औपन्यासिक तत्वहरूको चर्चा गर्दै थापाले कथावस्तु उपन्यासको महत्त्वपूर्ण तत्त्व भएको र कथावस्तुको कारण नै घटनाहरूको कार्य र कारणको सुव्यवस्थित शृङ्खला मिलाइएको हुन्छ । उपन्यासको लागि पुरानो र जीर्ण भइसकेको विषयवस्तु हुनु हुदैन् । औपन्यासिक गठन रोचक र कौतुहलवर्द्धक हुनु आवश्यक छ भनी चर्चा गरेका छन् (पृष्ठ : १२२) । कथावस्तुको गठनका दृष्टिले विन्यस्त र शिथिल, कथातत्वका दृष्टिले प्रधान कथावस्तु र उप कथावस्तु, प्रस्तुतिका दृष्टिले कथात्मक, आत्मकथात्मक, पत्रात्मक, दैनिकी आदि भेदमा बाडिएको चर्चा गरेका छन् । चरित्र बारे चर्चा गर्दै थापाले घटना वा वस्तुरचनाका आधार नै उपन्यासका पात्र हुन् । उपन्यासमा पात्र स्वतन्त्र, सक्रिय र जीवन्त हुनु आवश्यक छ । उपन्यासमा भूमिका निर्वाह गरेको आधारमा प्रमुख र गौण गरी दुई भागमा पात्रहरूको विभाजन गर्न सकिने बताएका छन् (पृष्ठ : १२६) । चरित्र बारे थप चर्चा गर्दै थापाले चरित्रका दृष्टिले व्यक्ति प्रधान र वर्ग प्रधान, कार्य वा भूमिका दृष्टिले गतिशील र स्थिर, चरित्र चित्रण गर्ने आधारको रूपमा वर्णनात्मक, नाटकीय र विश्लेषणात्मक गरी गर्न सकिने तथ्य प्रस्तुत गरेका छन् (पृष्ठ : १२९) । अर्को तत्व संवादको बारेमा उनले संवाद बिना पनि उपन्यासको रचना हुने तर उपन्यासलाई विविधतामय बनाउन आवश्यक रहन सक्ने, प्रयोग गरिएमा संवाद सङ्क्षिप्त, सहज र परिमित हुनुपर्दछ । भाषाशैलीको प्रयोग सरल, सहज हुनुपर्ने र उपन्यासमा मूलतः संस्कृत तत्सम प्रधान र साधारण चल्तीको भाषाप्रयोग गरिनु पर्दछ भन्ने तर्क गर्दछन् । वाक्य गठन गुम्फित र सरल शैलीमा हुनुपर्ने, तथा मानव समाजको सशक्त र जीवन्त रूप प्रस्तुत हुने वातावरणको प्रयोग हुनपर्ने समेत तर्क गर्दछन् । उपन्यास रचनाको उद्देश्य माथि प्रकाश पार्दै थापाले विविध जीवन र जगतको अभिव्यक्ति प्रस्तुतगर्नु रहेको र जीवन प्रतिको दृष्टिकोण दुई रूपमा अभिव्यक्त भएको विश्लेणात्मक र नाटकीय भनी चर्चा गरेका छन् (पृष्ठ : १४०) । समग्रमा प्रस्तुत एघारौ अध्यायको रूपमा उपन्यासको समग्र विवेचना गरी उपन्यास के हो ? औपन्यासिक

तत्व के के हुन् ? जस्ता प्रश्नहरूको जवाफ प्रस्तुत गरेको पाइन्छ । समालोचक थापाले जीवन र जगत प्रतिको लेखकको हेराइ र सोचाइ, जीवनप्रतिको धारणा, दृष्टि, चरित्र, घटना, परिवेश तथा वातावरणमा समायोजन गरेर प्रस्तुत गर्नु पर्दछ भन्ने निष्कर्ष दिएका छन् । विषयवस्तुलाई सौभै वा प्रत्यक्ष रूपले भन्दा कलात्मक वा प्रभावात्मक हुदैन । उपन्यासमा वस्तु पक्ष र कलापक्षको आवश्यक समन्वय र सन्तुलन हुनु आवश्यक मानेका छन् । उपन्यास सम्बन्धी सैद्धान्तिक ज्ञान बटुल्न चाहने, बुझ्न चाहने, पढ्न चाहने जो कोही पाठक, अध्येतालाई यो एकाइ उपयोगी साबित हुने देखिन्छ ।

### ४.३.९ कथा

बाह्रौं एकाइको रूपमा कथाको सैद्धान्तिक परिचय उल्लेख गरिएको छ । यस एकाईमा कथाको परिचय, स्वरूप, कथातत्व जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । कथाको परिचय दिँदै थापाले कथाको जन्म सृष्टिको प्रारम्भ देखि नै भएको हो । कथा भन्ने र सुन्ने परम्परा मानन जीवनको अभिन्न अङ्ग र सहज प्रवृत्तिका रूपमा विकसित भएको हो । यो कथाको व्यापकता, प्रभावकारिता र लोकप्रियताको घोतक हो (पृष्ठ : १४४) । कथाको स्वरूपबारे चर्चा गर्दै थापाले यसलाई निश्चित स्वरूपमा बाध्न गाह्रो छ, भनेका छन् वेल्सले बीस मिनेटमा पढि सकिने सानो काल्पनिक कथा मानेका छन्, गुराल्निकको विचारमा कथा भनेको वास्तविक या काल्पनिक घटनासँग सम्बद्ध श्रृंखला मानेका छन्, एडगर ऐलन पो ले एकै बसाइमा पढि सकिने सानो इतिवृतिका रूपमा लिएका छन् भनी समालोचक चर्चा गर्दछन् (पृष्ठ : १४५) । कथातत्वहरूको चर्चागर्दै समालोचकले कथावस्तु नै कथाको मुख्य तत्व भएको र आवश्यक घटनाहरूको श्रृङ्खलावद्ध र कलात्मक गठन र गुम्फन नै कथावस्तु हो र यसको प्रयोग र प्रस्तुतिमा नौलोपन हुनु यसका आवश्यकता र विशेषता हुन् भनेका छन् । कथावस्तुमा सङ्क्षिप्तता, तीव्रता र क्षिप्रता हुनु आवश्यक हुने उनी बताउँछन् । ती कथावस्तुका पनि प्रारम्भ, विकास र उत्कर्ष गरी तीन अवस्था रहने चर्चा समालोचक गर्दछन् । कथावस्तुको चरित्रबारे चर्चा गर्दै उनले अचेल कथा साहित्यमा कथावस्तुको ठाँउ चरित्रले लिएको बताएका छन् । त्यसमा पनि मनोविश्लेषण शास्त्रको विकास र आजको मानवजीवनमा बढ्दो विषमता र जटिलताले गर्दा चारित्रिक स्थिति स्थूलबाट सूक्ष्मतातिर विकसित हुदै गएको छ । पात्रको चरित्र चित्रण विश्लेषणात्मक र नाटकीय दुई तरिकाले गर्न सकिने उनको विचार छ (पृष्ठ : १५६) । संवादबारे उनले

कथामा अनिवार्य तत्त्वको रूपमा नलिए पनि कथाको परिवेश हेरी संवादको उपयोग गर्न सकिन्छ । संवादको प्रयोगले कथामा विविधता, नाटकीयता र रोचकता थपेको हुन्छ भन्ने चर्चा गरेका छन् । भाषाशैलीबारे चर्चा गर्दै थापाले कथाको भाषाशैली पात्रगत अल्पता, विषयगत परिमितता र वस्तुगत तीव्रता हुने हुनाले तदनुकूल भाषा सङ्क्षिप्त, सहज र सरस हुनु आवश्यक रहेको बताएका छन् । शैलीको प्रयोग भने सरल वा अलङ्कृत शैलीको प्रयोग हुने बताएका छन् (पृष्ठः १५९) । कथामा प्रयोग हुने वातावरण बारे चर्चा गर्दै समालोचकले वातावरणले कथालाई सजीव र स्वभाविक बनाउँछ । सजीवता र स्वभाविकताको अभावमा कथा अविश्वसनीय बन्छ । यसरी विश्वसनीयता र जीवन्तताका लागि आवश्यक र सार्थक वातावरण आवश्यक हुन्छ । वातावरणले गर्दा कथाले आफ्नो समय र स्थानको निर्माण गर्दछ । त्यस्तै उद्देश्य बारे बताउँदै कुनैपनि कथाको आफ्नो उद्देश्य हुन्छ । कथामा विचार अनुभूतिको प्रस्तुति अप्रत्यक्षरूपमा हुनु अत्यावश्यक हुन्छ भनी चर्चा गरेका छन् । समग्रमा कथालाई सर्वाधिक लोकप्रिय र सर्वप्राचीन विधाको रूपमा मानिएको चर्चा गरेका छन् ।

प्रस्तुत शीर्षक अन्तर्गत समालोचकले कथाको परिचय, परिभाषा, कथातत्व बारे चर्चा गरेका छन् । जस अनुसार कथा भन्ने र सुन्ने परम्परा मानव जीवनको अभिन्न अङ्ग र सहज प्रवृत्तिका रूपमा विकसित भएको पाइन्छ । यो कथाको व्यापकता, प्रभावकारिता र लोकप्रियताको घोतक भएको बताएका छन् । कथा सम्बन्धी विभिन्न विद्धान्हरूका परिभाषाहरू केलाउँदा कथा मानव जीवनको सजीव चित्र गर्ने कलात्मक छोटो र पूर्ण आख्यान हो भन्ने निष्कर्ष दिएका छन् । यसको संरचना विविध तत्व मिलेर बनेको र जसको पूर्णताबाट सिङ्गो कथा सिर्जना हुने चर्चा गरेका छन् । कथा सम्बन्धी सैद्धान्तिक ज्ञानको पूर्ण प्रस्तुति गर्न समालोचक यस शीर्षकमा सफल भएका छन् ।

### ४.३.१० निबन्ध

तेह्रौँ एकाइको रूपमा निबन्ध शीर्षक समावेश गरिएको छ । जस अन्तर्गत निबन्धसँग सम्बन्धित पूर्वीय र पाश्चात्य विद्धान्हरूका परिभाषाहरू यसको वर्गीकरणका आधारहरू, निबन्ध लेखनका शैलीहरू तथा निबन्धमा वाक्य गठनको स्थितिलाई पनि समालोचकले चर्चा गरेका छन् । निबन्धको परिचय दिदै समालोचकले निबन्धको स्वरूप र विकासमा पाश्चात्य साहित्यको ठूलो प्रभाव परेको छ । संस्कृत साहित्यमा निबन्धको अर्थ बाँध्नु हो । निबन्धलाई अङ्ग्रेजीमा एसे भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ बाट आएको हो

भनी चर्चा गरेका छन् (पृष्ठ : १६५) । निबन्धको परिभाषा प्रस्तुत गर्दै थापाले निबन्धको श्रेय फ्रान्समा मोन्तेन र बेलायतमा बेकनलाई छ । जन्सनको विचारमा मनको विशृङ्खल, अनियमित र अपरिपक्व रचनाको रूपमा लिए । मरेले विस्तारमा सिमितता र शैलीमा धेरथोर अलङकृत भएको रचना विशेषका रूपमा लिएका छन् । हड्सनले वास्तविक निबन्ध पूर्णतः वैयक्तिक हुन्छ । गीति कविता जस्तै भएकोले यो आत्मभिव्यक्तिको साहित्य अन्तर्गत पर्दछ । शोधप्रबन्ध वस्तुपरक हुन्छ तर निबन्ध आत्मपरक हुन्छ । नेपाली विद्धान् महाकवि देवकोटाको विचारमा यो टेबिल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, नत बमन बेदान्त । यसमा ठर्रोपना हुदैन, यो लच्किन्छ र घनिष्ठातिर ओर्लिन्छ भनी बताएका छन् ( पृष्ठः १६७) । निबन्धको बारेमा सङ्क्षिप्तमा उनले निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो । त्यसैले साहित्यमा अन्य विधाको तुलनामा निबन्ध मुक्तक कविताको धेरै नजीक हुन्छ । निबन्धमा एकोन्मुखता हुन्छ, एकाङ्कीको तीव्रता हुन्छ र समालोचनाको सम्यक् दृष्टि हुन्छ । सबभन्दा बढी एकातिर गीतको सरस, सरल र कोमल रूप हुन्छ भने अर्कातिर त्यही गीतिशिल्पको कलात्मक, तीव्र र प्रभावोत्पादक पक्ष हुन्छ । अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता, कल्पनाको तीव्रतालाई निबन्धका आवश्यक गुणको रूपमा लिन सकिने तथ्य प्रस्तुत गर्दछन् (पृष्ठ : १६८) ।

निबन्धका विविध रूपहरूको चर्चा गर्दै थापाले आत्मपरक निबन्धमा व्यक्ति प्रधान भइ निबन्धकारको स्वत्व र व्यक्तित्वको छाप यस प्रकारको निबन्धमा पर्दछ । वस्तुपरक निबन्धमा विषय प्रधान हुन्छ र व्यक्ति गौण हुन्छ भनी चर्चा गरेका छन् । प्रचलित र व्यावहारिक रूपमा निबन्धलाई ४ प्रकारमा बाड्न सकिने थापाको तर्क छ । समालोचक थापाका अनुसार वर्णनात्मक निबन्धमा स्थित्यात्मक वस्तु र ठाँउ विशेषको वर्णन हुन्छ । विवरणात्मक निबन्धमा जीवन र जगत्का गतिशील पक्षको विवरण हुन्छ । विचारात्मक निबन्धमा जीवन र समाजका विभिन्न पक्ष र समस्यालाई वैचारिक रूपमा प्रस्तुत गरिएको हुन्छ त्यस्तै भावात्मक निबन्धमा जीवनका विभिन्न यावत् पक्षलाई भावपूर्ण दृष्टिले विवेचना गरिने चर्चा समालोचकले गरेका छन् । थापाका अनुसार निबन्धको भाषाशैली आगमनात्मक र निगमनात्मक शैली दुई तरिकाबाट हुने बताएका छन् । आगमनात्मक शैलीमा कुनै पनि अनुच्छेदको प्रारम्भमै निबन्धकारले आफ्नो सारभूत कुरा प्रस्तुत गरेको हुन्छ भने निगमनात्मक शैली अन्तर्गत विभिन्न तथ्य, तर्क, प्रमाण, उदाहरण आदिको आधारमा

आफ्नो भाव र विचार अभिव्यक्त प्रारम्भमै गरिएको हुन्छ । उनले निबन्धको वर्णन शैली बारे चर्चा गर्दै वर्णन विधिका दृष्टिले शैली दुई प्रकारको हुने समास शैली र व्यास शैली (पृष्ठ : १७७) । उनका अनुसार समास शैलीमा छोटो, छिटो छरितो अभिव्यक्ति हुन्छ भने व्यास शैलीमा आफ्नो विचार र भावलाई विस्तारित रूपमा अभिव्यक्त गरिएको हुन्छ त्यस्तै उनले अन्य ३ प्रकारका शैलीहरू धारा शैली, तरङ्ग शैली, विक्षेप शैली हुने समेत बताएका छन् (पृष्ठ : १७८) । निबन्धका वाक्य गठन सम्बन्धी पनि समालोचकले २ प्रकारका शैली हुने बताएका छन् । सरल शैली र गुम्फित शैली । उनका अनुसार सरल शैलीमा वाक्य योजनामा सरलता हुन्छ, यसमा साना साना वाक्यहरूको प्रयोग हुन्छ । त्यस्तै गुम्फित शैलीमा एउटै वाक्यका विभिन्न वाक्यांशहरू जोडिएका हुन्छन् । त्यस्तै उनका अनुसार अलङ्कृत शैलीमा शब्द र अर्थमा आधारित विभिन्न अलङ्कारको प्रयोग गरिएको हुन्छ ।

समग्रमा प्रस्तुत अध्यायमा मोहनहिमांशु थापाले निबन्धको परिचय दिदै निबन्धलाई गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो भनी चर्चा गरेका छन् । जस अनुसार निबन्धमा कथाको एकोन्मुखता, एकाङ्कीको तीव्रता र समालोचनाको सम्यक् दृष्टि रहने समेत बताएका छन् । जसमा अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता, कल्पनाको तीव्रता रहेका हुन्छ भनेका छन् । त्यसैले प्रस्तुत एकाइमा समालोचक थापाले निबन्ध के हो ? निबन्धका तत्वगत परिचय, परिभाषा जस्ता यावत् विषयको चर्चा गर्दै निबन्धको सैद्धान्तिक परिचय प्रस्तुत गर्न समालोचक थापा सफल भएको पाइन्छ ।

### ४.३.११ समालोचना

साहित्यिक विधाहरूको मूल्याङ्कनसँग सम्बन्धित समालोचना शीर्षकलाई चौधौं अध्यायमा समेटिएको छ । यस अध्यायमा थापाले समालोचनाको व्युत्पत्ति, परिभाषा, समालोचकका गुण, पूर्वीय, प्राचीन समालोचना विधि, समालोचनाका प्रकारहरू जस्ता विषयहरू समावेश गरेका छन् । समालोचनाको व्युत्पत्ति बारे चर्चा गर्दै थापाले समालोचनालाई आलोचना र समीक्षा पनि भनिने र यी दुवैको अर्थ एउटै हुने समेत बताएका छन् । आलोचन शब्द संस्कृत भाषाको लुच् धातुबाट बनेको हो । लुच् को अर्थ हेर्नु हो । त्यही ल्यु प्रत्यय जोडिएपछि लोचना शब्दको निर्माण भएको र लोचनामा आ उपसर्ग जोडिइ आलोचना बनी कुनै विषयलाई चारै तिर बाट हेर्ने काम भएको बताएका छन् (पृष्ठ : १८४) । समालोचना सम्बन्धी पूर्वीय र पाश्चात्य विद्धान्हरूका परिभाषाहरूको चर्चा गर्दै

थापाले कार्लाइलले समालोचनालाई मानसिक प्रतिक्रियाको अभिव्यक्तिका रूपमा लिएको बताएका छन् । आइ.ए. रिचर्डस्का विचारमा समालोचनामा मूल्य निर्णयको काम हुन्छ (पृष्ठ : १८५) । त्यस्तै नेपाली विद्वान् चक्रपाणि चालिसेका शब्दमा समालोचना भनेको कुनै पदार्थको गुण र दोषहरूको निष्पक्ष र ठिक ठिक विवेचना हो । कमल दीक्षितका विचारमा पनि कुनै पूर्वराग नलिइकन राम्रो लाई राम्रो र नराम्रोलाई नराम्रो भनी दिन सक्नेलाई नै समालोचक भनेको चर्चा गरेका छन् (पृष्ठः १८६) । मोहनहिमांशु थापाले समालोचक बारे समेत चर्चा गरेको पाइन्छ । उनका अनुसार संस्कृत साहित्यमा आचार्य वामनले दुई प्रकारका समालोचकको चर्चा गरेका छन् । आरोचकी र सतृणाभ्यवहारी । उनले समालोचकका गुणहरूको किटानी गर्दै समालोचकमा संवेदशीलता, प्रतिभा, अध्ययनशीलता, वैज्ञानिक दृष्टि, प्रेषणीयता र निष्पक्षता हुनु पर्ने बताएका छन् (पृष्ठ : १८८) ।

समालोचक थापाले पूर्वीय प्राचीन समालोचना विधिहरूको समेत चर्चा गरेका छन् । उनले संस्कृत साहित्यमा टिका, भाष्य, शास्त्रार्थ र निर्णयात्मक गरी ४ प्रकारका विधि हुने बताएका छन् (पृष्ठ : १८९) । उनका अनुसार टिका विधिमा कुनै वाक्य, पद, ग्रन्थको अर्थ स्पष्ट हुने गरी लेखेको वाक्य हो । त्यस्तै भाष्य विधिमा कुनै मूल ग्रन्थको गम्भीर विश्लेषण हुन्छ भने शास्त्रार्थ विधिमा कुनै पनि आशङ्का, प्रश्न, जिज्ञासा र समस्याको शास्त्रीय ढाँचामा समाधान प्रस्तुत गरेको हुन्छ । त्यस्तै समालोचनात्मक प्रतिक्रियालाई प्रशंसात्मक दृष्टिले संक्षेपमा व्यक्त गरिएको भए त्यो निर्णयात्मक विधि हुने तर्क उनी गर्दछन् । समालोचनाका विभिन्न ९ वटा प्रकारहरू उल्लेख गर्दै थापाले शास्त्रीय समालोचनाका लागि शास्त्रीय लक्षण ग्रन्थ नै मूल आधार हुने र समालोचकले आफ्नो परिष्कृत रुचि, मौलिक दृष्टिकोण र आलोच्य कृतिबाट पाइने सुनिश्चित प्रभावलाई केन्द्रीय आधार नबनाएर शास्त्रीय लक्षणग्रन्थलाई मूल आधारभूमि मान्ने बताउँछन् । सैद्धान्तिक समालोचना कुनै सिद्धान्त विशेषमा आधारित भइ समालोचना गरिन्छ । त्यस्तै व्याख्यात्मक समालोचनामा कृतिगत सौन्दर्यको समुद्घाटन र वैशिष्ट्यको प्रकाशन हुन्छ । निर्णयात्मक समालोचनामा सिद्धान्त वा रुचि विशेषका आधारमा निर्णय दिने काम हुन्छ । ऐतिहासिक समालोचनामा युग परिवेश र परिस्थतिका आधारमा कुनै पनि कृतिको विश्लेषण र मूल्याङ्कन हुन्छ । प्रभावात्मक समालोचनामा व्यक्तिको अभिरुचि र कृतिको अध्ययनबाट आफुमा परेका प्रभावका आधारमा समालोचना हुन्छ । मनोविश्लेषणात्मक समालोचनामा लेखक र कृतिगत

पात्रको मनोस्थितिको अध्ययन र विश्लेषण हुन्छ । प्रगतिवादी समालोचनामा द्वन्द्वात्मक भौतिकवाद र वर्गसङ्घर्षलाई आधारभूमिका रूपमा विवेचना गरिन्छ भने तुलनात्मक समालोचनामा तुलनात्मक आधारभूमिमा विवेचना गरिएको हुन्छ भनी समालोचकले विस्तृत चर्चा गरेका छन् ।

समग्रमा समालोचनाको सैद्धान्तिक रूपको विस्तृत विवेचना गरिएको प्रस्तुत एकाइमा समालोचनाको व्युत्पत्ति, परिचय, परिभाषा, गुणहरू, प्रकारहरू बारे तथ्यपूर्ण विवेचना गरिएको छ । थापाका अनुसार समालोचना साहित्यिक रचनाप्रति व्यवस्थित र सन्तुलित रूपमा गरिएको रचनात्मक प्रतिक्रियाको सम्यक विवेचना हो । समालोचनाको सर्न्दभमा नेपाली, पाश्चात्य विद्धान्हरूका मतहरू समेत प्रकट गरी थापाले प्रस्तुत अध्यायलाई थप वस्तुगत बनाएका छन् ।

### ४.३.१२ जीवनी

प्रस्तुत ग्रन्थको पन्ध्रौ अध्यायको रूपमा जीवनी शीर्षक शीर्षकीकरण गरिएको छ । समालोचकले प्रस्तुत एकाइमा जीवनीको परिचय, यसको इतिहास, जीवनी लेखनकालागि स्रोत, जीवनी तत्त्व जस्ता विषयवस्तुहरू समावेश गरी जीवनीको सैद्धान्तिक परिचय प्रस्तुत गरेका छन् । जीवनीको परिचय प्रस्तुत गर्दै थापाले जीवनी शब्द जीवन बाट बनेको हो । अङ्ग्रेजीमा जीवनीलाई बायोग्राफी भनिन्छ । बायो ले जीवन र ग्राफियाले लेखन लाई जनाउँछ । यसरी यसले कुनै पनि व्यक्ति विशेषको जीवनको लेखनलाई अर्थ्याउछ । (पृष्ठ : २०२) । थापाका अनुसार जीवनी भनेको एउटा व्यक्ति विशेषको जीवन वृतान्त हो । अर्को शब्दमा जीवनभर गरेका कामकुराको क्रमबद्ध लेखन वा कथन हो । जीवनी इतिहासको सम्बन्धको चर्चा गर्दै थापाले जीवनीको इतिहाससँग नजिकको सम्बन्ध छ । इतिहासमा जातीय वा राष्ट्रिय जीवनको प्रधानता हुन्छ भने जीवनीमा व्यक्ति विशेषको व्यक्तिगत जीवनको प्रधानता हुन्छ । इतिहासको वर्णन निर्जीव र नीरस हुन्छ भने जीवनीमा व्यक्ति विशेषको विवरण धेरै सजीव र सरस हुन्छ (पृष्ठ : २०३) । जीवनी लेखनका लागि स्रोतको चर्चा गर्दै थापाले कविता, काव्य, कला, उपन्यास, एकाङ्की आदिको संरचनाको मूल आधार मौलिक कल्पना हो भने चरित्र नायकको जीवनमा घटेका घटनाहरू नै जीवनी लेखनका आधार हुन् । उनले जीवनी लेखनका आवश्यक स्रोतको रूपमा सम्बद्ध गन्थ, पत्र, दैनिकी, संस्मरण, अन्तर्वार्ता र सम्बद्ध स्थलको निरीक्षण भ्रमण आदि भएको बताएका छन् (पृष्ठः

२०३) । समालोचक थापाले जीवनीका तत्वहरूमा पात्र नै केन्द्रीय तत्त्व रहेको र उसको सामाजिक, राजनीतिक, साहित्यिक, सांस्कृतिक जीवनमा महत्त्वपूर्ण योगदान रहेको हुने तथा चरित्र नायक विशिष्ट हुनु पर्ने समेत चर्चा गरेका छन् । जीवनीमा विभिन्न किसिमका घटनाहरू हुनुपर्ने र घटनाकै आधारमा जीवनी सक्रिय र गतिमय रूपमा विकसित हुने बताएका छन् । जीवनीको परिवेश भने व्यक्तिको आफ्नो सामाजिक धरातल र त्यसको कलात्मक र प्रभावात्मक रूपमा परिवेश हुनुपर्ने बताएका छन् । जीवनीमा जीवनप्रतिको सोचाइ र हेराइ अन्तर्निहित रहेको हुन्छ । अप्रत्यक्ष प्रस्तुतिमा नै जीवनी कलापूर्ण र प्रभावपूर्ण हुने उनले बताएका छन् । जीवनी लेखनको भाषाशैली बारेमा उनले भाषाशैली पूर्ण रूपमा जीवनीकारको भाषिक र शिल्पगत क्षमतामा निर्भर रहने र अध्ययन, अभ्यास र अध्यवसायबाट जीवनीकारको लेखनमा प्रौढता र परिपक्वता प्राप्त हुने चर्चा समेत समालोचक थापाले गरेका छन् ।

समग्रमा प्रस्तुत पन्ध्रौ अध्यायमा समालोचकले जीवनी के हो ? त्यसको इतिहाससँगको सम्बन्ध कस्तो छ ? त्यसका स्रोतहरू के के हुन ? जस्ता प्रश्नहरूको वस्तुगत समाधान प्रस्तुत गरेका छन् । वास्तवमा समालोचकले जीवनी जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन वा कथन हो जसमा व्यक्तिका विविध आयामहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । जीवनी सम्बद्ध सैद्धान्तिक ज्ञान लिन चाहने व्यक्ति, पाठक, अध्येताको लागि यो अध्याय उपयोगी साबित हुने देखिन्छ ।

निष्कर्षत : १७३ पृष्ठको आयाममा संरचित विधागत परिचय खण्डमा १२ वटा एकाइहरूको संयोजन गरिएको छ । जुन सैद्धान्तिक समालोचनाको उत्कृष्ट नमूना बन्न पुगेको छ । साहित्यकार, समालोचक, साहित्यका विद्यार्थी, शोधकर्ता, खोजकर्ताहरूकालागि विधागत सैद्धान्तिक परिचय खण्ड उत्कृष्ट बन्न पुगेको देखिन्छ । साथै साहित्यका सामान्य सिकारु देखि उच्च स्तरीय बौद्धिक क्षमता भएका विद्वान्हरूका लागि समेत विवेच्य खण्ड बोधगम्य, ग्रहणीय, मननीय तथा पठनीय छ ।


### ४.४ काव्य–कला खण्डको विश्लेषण


पूर्वीय साहित्यशास्त्रमा अत्यधिक चर्चा गरिएका शब्दशक्ति, रस, अलङ्कार र छन्दगत प्रकारलाई तथा मान्यताहरूलाई क्रमिक रूपमा समावेश गरी काव्यकला नामक

तेस्रो खण्डलाई पूर्णता दिइएको छ । जम्मा जम्मी ७७ पृष्ठको आयाममा संरचित प्रस्तुत खण्ड अन्तर्गतका एकाइहरूलाई निम्नानुसार छुट्टाछुट्टै विश्लेषण गरिएको छ :

### ४.४.१ शब्दशक्ति

तेस्रो खण्डको प्रथम तथा पुस्तकको १६ औ एकाइको रूपमा शब्दशक्तिलाई समाविष्ट गरिएको छ । जस अन्तर्गत अभिधा, लक्षणा र व्यञ्जना जस्ता शब्दार्थ शक्तिका भेदोपभेदको उदाहरण सहित प्रस्तुति दिइएको छ । शब्दशक्तिको स्वरूपबारे चर्चा गर्दै थापाले विभिन्न अक्षरहरूको समुहबाट शब्दको निर्माण हुन्छ । शब्दहरूको गठन र गुम्फनबाट वाक्यरचना हुन्छ । यसरी शब्दको आफ्नो अर्थ हुन्छ । त्यस्तै कुनै शब्दबाट अर्थ बुझाउनेलाई शक्ति भनिन्छ । सारांशमा शब्द र अर्थको पारस्परिक सम्बन्धलाई शक्ति भनिन्छ (पृष्ठः २०९) । शब्दशक्तिको मुख्यगरी तिनवटा भेद हुने चर्चा गर्दै थापाले अभिधा भन्नाले साधारण वा सोझो अर्थ बुझाउने शब्द जस्तै : राम र लक्ष्मण बनवासका लागि प्रस्थान गरे । त्यस्तै लक्षणा भन्नाले मुख्यार्थ देखि भिन्न तर त्यसै शब्दार्थसँग सम्बद्ध अन्य अर्थ बुझाउने शब्दशक्तिलाई लक्षणा भनिन्छ । जस्तैः कस्तो गोरु रहेछ जत्ति भने पनि लाग्दैन् । लक्षणाका प्रकारहरूको उनले निम्न तालिकामा प्रस्तुत गरेका छन् :



व्यञ्जना भन्नाले वाच्यार्थ र लक्ष्यार्थ बाट अभीष्ट अर्थ नखुलेपछि तेस्रो शक्तिद्वारा अर्थ खुल्छ भने त्यो व्यञ्जना हो । जस्तै : मेरो वाग्मतीमा छ । व्यञ्जना पनि २ प्रकारमा शाब्दी व्यञ्जना र आर्थी व्यञ्जना हुने समेत थापाले चर्चा गरेका छन् (२१५) ।

समग्रमा सोह्रौ अध्यायमा शब्दशक्तिको परिचय तथा यसका भेदहरूलाई वस्तुपरक ढङ्गबाट मोहनहिमांशु थापाले चर्चा गरेका छन् । शब्दशक्ति सम्बन्धी पूर्वीय विद्वान्हरूका मान्यताहरूलाई नेपाली भाषामा अवतरण गरी नेपाली मौलिक उदाहरणद्वारा पुष्टि गर्नु जस्तो जटिल कार्य समालोचक थापाले निकै सरल रूपमा गरेका छन् । शब्दशक्तिको सैद्धान्तिक ज्ञान हासिल गर्न चाहने जो कोही विद्वान्, अध्येताको लागि प्रस्तुत एकाइ उपयोगी साबित हुने देखिन्छ ।

### ४.४.२ रस

संस्कृत वाङ्मयका विभिन्न सन्दर्भमा र अर्थमा प्रयोग हुने रसलाई सत्रौ अध्यायमा शीर्षकीकरण गरिएको छ । प्रस्तुत अध्यायमा रसको परिचय, रस सामग्री, रसका प्रकार, रस निष्पत्तिका सम्प्रदायहरूको चर्चा गरिएको छ । रसको परिचय दिदै थापाले रस संस्कृतको रस धातुबाट बनेको हो । जसबाट आस्वाद पाइन्छ त्यसैलाई रस भनिएको हो । अर्को शब्दमा साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूतिनै रस हो । साहित्यमा यसलाई महत्त्वपूर्ण र विशिष्ट तत्वका रूपमा लिइएको छ (पृष्ठ : २१७) । स्थायी भावबारे चर्चा गर्दै समालोचकले मानिसमा संस्कार वा वासनाका रूपमा बिभिन्न भावहरू रहेका हुन्छन् । संस्कृत साहित्यमा ९ वटा रसहरूलाई नै स्थायी भाव मानिएका छन् । उनले विभावको बारे गरेको टिप्पणी अनुसार वाचिक, आङ्गिक र सात्विक अभिनयका माध्यमले चित्तवृतिको ज्ञापन गराउने कार्य हो भनेका छन् । विभावलाई आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुने चर्चा गरेका छन् । साथै उद्दीपन पनि दुई प्रकारको परकीय र स्वकीय हुने चर्चा गरेका छन् (पृष्ठ : २१८) । रस सामग्री अर्न्तगतकै अनुभावका सन्दर्भमा थापाले स्थायी भावको उदयपछि विभिन्न क्रिया प्रतिक्रिया र शारिरीक विकारलाई अनुभाव मानेका छन् । अनुभावका पनि ४ भेदहरू कायिक, वाचिक, आहार्य र सात्विक रहेका बताउँछन् (पृष्ठ : २१९) । अर्को रस सामग्री अर्न्तगत सञ्चारी भावलाई चिनाउँदै समालोचक थापाले सञ्चारी भाव क्षणिक हुने र यो निश्चित रसमा सीमित र केन्द्रित नहुने बताउँछन् । उनले सञ्चारी भावलाई ३३ प्रकारका रहेको चर्चा गरेका छन् (पृष्ठः २२०) । समालोचक थापाले प्रस्तुत

शीर्षकमा रसका प्रकारहरूको समेत चर्चा गरेका छन् । उनले ९ वटा साहित्यिक रसहरूको उदाहरण सहित चर्चा गरेका छन् पहिलो रसको रूपमा श्रृंगार रस मानिएको छ । कामोद्रेकको अवस्था नै श्रृंगार रस मानिएको छ । जस अन्तर्गत सम्भोग र विप्रलम्ब गरी २ प्रकारमा बाँडिएको छ । नायक नायिकाको मिलनलाई सम्भोग र विछोडलाई विप्रलम्ब मानिएको छ (पृष्ठ : २२०) । दोस्रो रसको रूपमा हास्य रसको चर्चा गरेका छन् । उनले रूप, आकार, पहिरन र विभिन्न कार्यमा विकृति भएपछि हास्य रसको सिर्जना हुने गरेको बताएका छन् (पृष्ठ : २२२) । तेस्रो रसको रूपमा वीर रसको चर्चा गर्दै युद्ध, दया, दान र धर्म सम्बन्धी कार्य आदिमा विशेष उत्साह र सक्रियतापूर्वक काम हुँदा वीर रस उत्पन्न हुने बताएका छन् (पृष्ठ : २२३) । चौथो रसको रूपमा करुण रसको चर्चा गर्दै मनपरेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुने चर्चा गरेका छन् (पृष्ठ : २२४) । पाँचौं रसको रूपमा भयानक रसको चर्चा गर्दै डरलाग्दो वस्तु वा दृश्य देख्नाले, सुन्नाले, वा सम्झनाले भयानक रस उत्पन्न हुने बताएका छन् (पृष्ठ : २२४) । छैठौं रसको रूपमा वीभत्स रसको चर्चा गर्दै रगत, मासु, आदि घृणित वस्तु देखेर र सुनेर उत्पन्न हुने रसबाट वीभत्स रस उत्पन्न हुने बताएका छन् (पृष्ठ : २२५) । सातौं रसको रूपमा अद्भूत रसको चर्चा गर्दै कुनै पनि व्यक्ति, वस्तुको विचित्र रूप देखेर हुने आश्चर्यान्वित भावबाट अद्भुत रसको प्रार्दुभाव हुने बताएका छन् (पृष्ठ : २२६) । आठौं रसको रूपमा रौद्र रसको चर्चा गर्दै शत्रुको अपमानपूर्ण व्यवहार, देश र धर्मको अपकार एवम् अपमानबाट रौद्र रसको उत्पत्ति हुने बताएका छन् (पृष्ठ : २२७) । नवौ रसको रूपमा शान्त रसको चर्चा गर्दै शान्त रसमा समानताको भाव रहने विषय उल्लेख गरेका छन् (पृष्ठ : २२८) ।

समालोचक थापाले यसै अध्यायमा रस निष्पत्ति सम्बन्धी संस्कृत साहित्यमा रहेका चारवटा वाद वा सम्प्रदायको समेत चर्चा गरेका छन् । उनका अनुसार प्रथम वादको रूपमा उत्पत्तिवाद रहेका छ । जसका प्रवर्तक भट्टलोल्लट हुन् । भट्टलोल्लटले निष्पत्तिलाई उत्पत्ति र संयोगलाई कार्यकारण सम्बन्धको अर्थमा लिएका छन् । त्यस्तै दोस्रो वादको रूपमा अनुमितिवादको चर्चा गर्दै यस वादका प्रवर्तक शङ्कुक रहेका र शङ्कुकले निष्पत्तिलाई अनुमान र संयोगलाई अनुमाप्य-अनुमापक सम्बन्धको अर्थमा लिइएको बताएका छन् । तेस्रो वादको रूपमा भुक्तिवादको चर्चा गर्दै यसका प्रर्वतक भट्टनायक र यिनले निष्पत्तिलाई भोग

र संयोगलाई भोज्य-भोजक सम्बन्धका रूपमा विवेचना गरेको बताएका छन् । अन्तिम र चौथो वादका रूपमा अभिव्यक्तिवादको चर्चा गर्दै यसका प्रवर्तक अभिनव गुप्त भएका र यिनले निष्पत्तिलाई अभिव्यक्ति र संयोगलाई व्यङ्ग-व्यञ्जक सम्बन्धको रूपमा लिएको चर्चा गरेका छन् । समग्रमा प्रस्तुत एकाइको परिचय, परिभाषा, प्रकार, वाद तथा सम्प्रदायको विस्तृत चर्चा गरेका हिमांशु थापाले रस सम्बन्धी सैद्धान्तिक ज्ञानको उजागर गर्न प्रस्तुत एकाइमा सफल भएका छन् ।

### ४.४.३ अलङ्कार

प्रस्तुत पुस्तकको अठारौ शीर्षक अन्तर्गत अलङ्कार शीर्षकको चर्चा गरिएको छ । समालोचक थापाले प्रस्तुत अध्यायमा अलङ्कारको व्युत्पत्ति, स्वरूप एवम् काव्यमा अलङ्कारको स्थानलाई उल्लेख गरिएको छ साथै शब्दालङ्कार एवम् अर्थालङ्कारका विभिन्न भेदहरूको सोदाहरण चर्चा गरिएको छ । अलङ्कारको व्युत्पत्तिबारे चर्चा गर्दै थापाले अलङ्कार शब्द अलम् र कृ धातुबाट बनेका हो । अलम् भनेका भूषण हो । त्यसकारण जसले भूषण गर्दछ त्यो नै अलङ्कार हो भनेका छन् । अलङ्कारको स्वरूपको बारे बताउँदै शब्दमा विभूषित गर्ने उपादान नै अलङ्कार हो । संस्कृत साहित्यमा काव्यको आत्मा वा मूल तत्त्व सम्बन्धमा ठुलो विवाद छ । उनका अनुसार भामहले शब्द र अर्थको वैचित्रय अलङ्कार मानेका छन् त्यस्तै दण्डीले काव्यलाई शोभा दिने धर्मका रूपमा अलङ्कार मानेको बताएका छन् (पृष्ठ : २३१) । काव्यमा अलङ्कारको स्थान कस्तो हुनुपर्दछ भन्ने विचारमा समालोचकले साहित्यमा अलङ्कारको प्रयोग स्वभाविक र आवश्यक रूपमा हुनु आवश्यक छ । अन्यथा प्रबल र बहुल स्थितिले गर्दा साहित्यिक रचना कृत्रिम र निष्प्राण हुन सक्छ ( पृष्ठ : २३३) । अलङ्कारका प्रकारहरूलाई उनले ३ भागमा बाड्दै शब्दालङ्कार, अर्थालङ्का र उभयालङ्कार भएको चर्चा गरेका छन् (पृष्ठ : २३३) । उनका अनुसार शब्द प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हुन्छ । जस अन्तर्गत अनुप्राश हुदाँ वाक्यका शब्दमा एउटा वा धेरै अक्षर कमैले दोहोरिने हुन्छन् । यमक हुँदा धेरै अर्थ बुझाउने एउटै शब्द दोहोरियो भने, श्लेष हुदाँ श्लिष्ट पदहरूद्वारा अनेक अर्थ व्यक्त हुन्छ र बक्रोक्ति हुँदा बाङ्गो भनाइ हुँदा शब्दालङ्कार हुने चर्चा गर्दछन् । अर्थालङ्कारको चर्चा गर्दै समालोचकले शब्दको अर्थमा मात्र सौन्दर्य र चमत्कार सिर्जना भयो भने अर्थालङ्कार हुने चर्चा गरेका छन् । जस अन्तर्गत १९ वटा अवस्थाको चर्चा समालोचकले गरेका छन् । उनका अनुसार

उपमा भनेको एउटा वस्तुको छेउमा अर्को वस्तु राखेर त्यसको समानता प्रस्तुत गर्नु हो । जसमा उपमान, उपमेय, सादृश्यवाचक र धर्म गरी ४ तत्व हुनुपर्ने बताएका छन् । रूपकको चर्चा गर्दै उपमेयमा उपमानको आरोपलाई मानेका छन् । दृष्टान्तलाई उपमेय र उपमानमा साधारण धर्म, विम्ब, प्रतिविम्बको अर्थमा व्यक्त हुँदा दृष्टान्त अलङ्कार हुने बताएका छन् । भ्रान्तिमान् भनेको वास्तविक वस्तुलाई अर्को ठानी भ्रममा पर्नु, सन्देह अन्तर्गत शंका भावले हेर्नु, उत्प्रेक्षामा उपमेयमा उपमानको सम्भावना हुनु, अतिशयोक्तिमा साधारण कुरा वा वस्तुको असाधारण रूपमा वर्णन, समासोक्ति अर्न्तगत छोटो भनाइ व्यक्त हुनु, लोकोक्तिमा संसारमा चल्ती भएको भनाइ, व्याजोक्तिमा छलकपटपूर्ण भनाइ, विरोधाभास अन्तर्गत विरोधको झझल्को हुनु, अपन्हुति मा अर्थ लुकाउनु, अनन्वयमा कसैको कसैसँग सम्बन्ध नहुनु, प्रतिवस्तुपमा कुनै वस्तुको रूप गुण आदिसँग मिल्ने अर्को वस्तु, दीपकमा छर्लङ्ग देखिनु, तुल्यकोटिमा समान सम्बन्ध, अर्थान्तरन्यासमा एउटा भनाइलाई अर्को भनाइले पुष्टि गर्नु, अप्रस्तुत प्रशंसामा वर्णन नगरिएको जस्ता १९ वटा अर्थालङ्कारको चर्चा गरेका छन् ।

उभयालङ्कारको चर्चा गर्दै थापाले शब्द र अर्थ दुवैमा सौन्दर्य र चमत्कार भयो भने उभयालङ्कार हुन्छ, भनेका छन् । जस अन्तर्गत संसृष्टिको चर्चा गर्दै संयोग वा मेल हो यसमा एकैठाँउमा विभिन्न अलङ्कारहरूको समावेश हुनु हो । त्यस्तै संकर अर्न्तगत विभिन्न अलङ्कारहरूलाई छुट्ट्याउन नसकिने हुन्छ, भन्ने चर्चा हिमांशु थापाले गरेका छन् ।

समग्रमा प्रस्तुत एकाइमा पूर्वीय काव्यपरम्परामा रहेको अलङ्कार विधानको सैद्धान्तिक चर्चा गरिएको छ । अलङ्कार के हो ? यसको स्वरूप कस्तो हुन्छ ? काव्यमा अलङ्कारको स्थान कस्तो हुन्छ ? शब्दालङ्कार, अर्थालङ्का र उभयालङ्कारका विभिन्न भेद उपभेदहरूलाई उदाहरण दिई चर्चा गरिएको प्रस्तुत अध्याय उत्कृष्ट सैद्धान्तिक समालोचना शीर्षक बनेको छ ।

### ४.४.४ छन्द

काव्यकला खण्डको अन्तिम तथा प्रस्तुत ग्रन्थको उन्नाइसौँ एकाइको रूपमा छन्द शीर्षक समाविष्ट छ । यस अन्तर्गत छन्दको व्युत्पत्ति, छन्दको स्वरूप, छन्दको स्थान, छन्दका भेदहरू जस्ता विषयमा चर्चा गरिएको छ । पूर्वीय साहित्यमा अत्यधिक प्रचलित

छन्दको व्युत्पत्ति र स्वरूपबारे वर्णन गर्दै समालोचकले छन्द शब्द संस्कृतको छद् धातुबाट बनेको हो । छद् धातुमा असुन प्रत्यय लाग्नाले छन्द शब्द बन्दछ । छद्को अर्थ प्रसन्न गर्नु, बाध्नु, र रक्षा गर्नु हो । छन्दको माध्यमले कविताले प्रसन्नता प्राप्त गर्दछ, छन्दले भावलाई निश्चित सीमामा बाध्छ (पृष्ठः २५४) । छन्दको स्थानबारे चर्चा गर्दै समालोचले संस्कृत साहित्यमा छन्दको महत्त्वपूर्ण स्थान रहेको र नेपाली साहित्यमा पनि प्राथमिक काल र माध्यमिक कालमा छन्दलाई अनिवार्य अङ्गको रूपमा लिएको पाइन्छ (पृष्ठ : २५४) । छन्दका दुई भेदहरू वार्णिक र मात्रिक छन्दको उल्लेख गर्दै वार्णिक छन्दको प्रत्येक पाउमा लघु र गुरु वर्ण वा अक्षरको क्रम हुन्छ । त्यसको सङ्ख्या सुरु देखि अन्त्य सम्म समान हुन्छ, र वर्ण र अक्षरमा आधारित छन्द भएकोले यसलाई वार्णिक छन्द भनिएको बताएका छन् (पृष्ठ : २५५) । उनले लघु र गुरुबारे चर्चा गर्दै उच्चारण गर्दा थोरै समय लाग्ने वर्ण र लामो समय लाग्ने वर्णलाई गुरु भनिने संकेत गरेका छन् । गणको परिचय र संरचना बताउँदै थापाले तीनवटा वर्ण वा अक्षरको समुहलाई गण भनिने र गणहरू निम्न आठ प्रकार हुने बताएका छन् :

| | |
|---|---|
| भगण | SII |
| जगण | ISI |
| सगण | IIS |
| मगण | SSS |
| यगण | ISS |
| रगण | SIS |
| तगण | SSI |
| नगण | III |

(पृष्ठ : २५७)

समालोचक थापाले गण छुट्टयाउन चिन्ह, चरण (पाउ), वर्ण, गति, यति बारे विशेष ध्यान दिनुपर्ने बताएका छन् । छन्दहरू मध्ये पनि वार्णिक छन्द २८ प्रकारका रहेका बताएका छन् । तोटक, अनुष्टुप्, सग्रधरा, मन्दक्रान्ता, इन्द्रबज्रा, उपेन्द्रबज्रा, उपजाति, बसन्ततिलका,

मालिनी, शिखरिणी, भुजंगप्रयात, शार्दूलविक्रीडित, बशंस्थ, वियोगिनी, द्रुत विलविम्वत, स्वागता, शालिनी, स्रग्वगी, पृथ्वी, पञ्चचामर, इन्द्रबंशा, पुष्पिताग्रा, रथोद्धता, प्रहर्षिणी, हरिणी, मत्तमयुर, विधुन्माला र मालती उल्लेख गरेका छन् । मात्रिक छन्दबारे समालोचकले मात्रिक छन्द मात्राबाट बनेका र यो पूर्णत : मात्रामा आधारित हुन्छ । मात्रिक छन्दमा मात्राको समानता हुन्छ (पृष्ठ : २७०) । मात्रिक छन्दका प्रकारबारे उनले चौपाइ जसमा चारपाउ हुने, आर्या जसमा पहिलो र तेस्रो पाउमा बाह्र मात्रा हुने र दोहा जसमा पहिलो र तेस्रो पाउमा तेह्र मात्रा र चौथो पाउमा एघार मात्रा हुने चर्चा गरेका छन् । समालोचकले जातीय छन्दको परिचय दिदै नेपाली धरातलमा सिर्जना भएको, नेपाली लोक जनजीवनमा भिजेको र नेपाली लोकमानसमा प्रचलित भएको आफ्नै लय र तालमा आधारित छन्द विशेष नै जातीय छन्द भएको समेत चर्चा गरेका छन् । जातीय छन्द अन्तर्गतको झ्याउरे छन्द लोकलय वा लोकगीतको एक प्रकार भएको र गण वा मात्राका रूपमा यसको सीमाङ्कन गर्न नसकिने र मूलत : दुई पाउको एक श्लोक हुने उनले चर्चा गरेका छन् (पृष्ठ : २७३) । सवाईको बारेमा उनले यो नेपाली समाजमा ज्यादै प्रचलित छन्द र यसमा महत्त्वपूर्ण ऐतिहासिक घटनाको वर्णन गरिएको हुन्छ । सेलोमा तामाङ जातिले मुख्य रूपमा गाउने र यसको प्रयोग नृत्य र गीत दुवैमा हुने बताएका छन् । अरबी र फारसी हुदै उर्दूमा प्रचलित रुवाई प्रसिद्ध छन्द हो जसलाई नेपालीमा मुक्तक भन्ने गरिन्छ भन्दै यसका प्रवर्तक कवि भीमदर्शन रोका हुन भनी उल्लेख गरेका छन् ।

मुक्तक छन्दबारे छोटो परिचय दिदै समालोचकले शास्त्रीय छन्दमा नलेखिएको, गद्य विशेषमा लेखिएको कवितालाई मुक्तक छन्दको संज्ञा दिइएको चर्चागरेका छन् । मुक्तक छन्दको स्वरूपबारे उनले यसमा निश्चित वर्ण या मात्रा हुदैन् त्यस्तै सीमित गति र यति पनि हुदैन् । कविताको परिवेश र भाव भूमि अनुसार कविताको आफ्नै स्वरूप र शिल्प संयोजन हुन्छ (पृष्ठ : २७७) । समालोचकका अनुसार हालको समयको गद्य कविताको प्रयोग र रचना बढ्दै गइरहेको र शास्त्रीय बन्धनबाट मुक्त रहेर सिर्जनामा सहजता उत्पन्न समेत भएको चर्चा गरेका छन् । समग्रमा विवेच्य ग्रन्थको अन्तिम एकाइको रूपमा रहेको प्रस्तुत एकाइमा छन्द के हो ? यसको स्वरूप कस्तो हुन्छ ? काव्यमा छन्दको स्थान कस्तो हुन्छ ? यसका प्रकार तथा गण संकेत सहित उदाहरण प्रस्तुत गरी निकै सरल एवम् वस्तुगत रूपमा छन्दको सोदाहरण विश्लेषण गर्न समालोचक थापा प्रस्तुत अध्यायमा सफल देखिन्छन् ।

निष्कर्षत : प्रस्तुत **साहित्य परिचय** कृति समालोचक मोहनहिमांशु थापाको उत्कृष्ट समालोचना ग्रन्थ हो । वि.स. २०३६ सालमा प्रकाशित यस समालोचना कृति तत्कालीन समयमा अभाव पूर्ति ग्रन्थको रूपमा आएको पाइन्छ । नेपाली साहित्यमा धेरै साहित्य नलेखिएको अवस्था र विश्वविद्यालय पठनपाठन, अध्ययन, खोज गर्न समेत त्यो समयमा प्रर्याप्त साहित्य समालोचनासँग कृतिहरूको अभाव रहेको बेला थापाको यस कृतिले महत्त्वपूर्ण स्थान हासिल गरेका पाइन्छ । हालसम्म पनि यस कृतिको उत्तिकै महत्त्व रहेको पाइन्छ । साहित्यको परिचय, परिभाषा, हेतु, प्रयोजन, साहित्यिक विधाहरूको वस्तुपरक चर्चा, काव्यकला सम्बद्ध साहित्यको परिचय आदिको पूर्वीय पाश्चात्य मान्यताहरूको आधारमा तुलनात्मक अध्ययन, प्रर्याप्त सान्दर्भिक उदाहरण सहित समालोचक थापाले प्रस्तुत ग्रन्थलाई निकै मेहनतका साथ रचना गरको पाइन्छ । भाषिक प्रयोगमा सरलता, नवीनता र सहज सम्पेषणीयता जस्ता कारणहरूले गर्दा साहित्य परिचय ग्रन्थ साहित्य समालोचनाको सैद्धान्तिक परिचय प्रस्तुत गर्न उत्कृष्ट र सफल कृति मान्न सकिन्छ ।

## ४.५ मोहनहिमांशु थापाका फुटकर समालोचनाहरूको विश्लेषण

समालोचक मोहनहिमांशु थापाले कृतिगत समालोचना भन्दा सङ्ख्यात्मक रूपमा फुटकर समालोचना बढी लेखेका छन् । उनले विभिन्न साहित्यिक पत्रिकाहरू तथा अन्य पत्रिकाहरूमा फुटकर समालोचनाहरू प्रकाशन गरेका छन् । उनका फुटकर समालोचनाहरू निम्नानुसार तालिकीकरण गरिएका छन् :

| क्र.स. | समालोचना शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | *उनी देवता हुनमा एक दृष्टि* | **रूपरेखा** २०२१, वर्ष ४, **अङ्क** १२, पृ. १०७ -१२१ |
| २ | *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* | **गोरखापत्र** २०३४ साउन २९ गते पृ.५ |
| ३ | *नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी* | **अभिव्यक्ति,** २०३९,भाद्र गीष्म, वर्षा ऋृतुअङ्क, पृ. ६४-६९ |
| ४ | *बालकृष्ण समका नाटकमा बालपात्र* | **रश्मि** २०४० वर्ष १, **अङ्क** ३ माघ, फागुन र चैत्र पृ. ६-११ |

| | | |
|---|---|---|
| ५ | *नेपाली नाट्प परम्परामा रिमालको नाट्य शिल्प* | **बृहत नेपाली समालोचना** ई.१९८९ पृ. ९१ -१०१ |
| ६ | *नाटककार बालकृष्ण सम* | **कुञ्जिनी** २०४९, **वर्ष** १, **अङ्क** १, पृ. २१-२८ |
| ७ | *नाटककार बालकृष्ण समको नाट्य प्रवृत्तिको आधारभूमि* | **रश्मि** २०४९ पृ. ३९-४५ |
| ८ | *बालकृष्ण समका साहित्यचेतना* | **गोरखापत्र** २०५० माघ २३ पृ.६ |
| ९ | *नाट्य निर्देशन र अभिनयमा समको योगदान* | **गरिमा** २०५० पृ. ८१-८४ |

### ४.५.१ 'उनी देवता हुन्मा एक दृष्टि' को विश्लेषण

**रूपरेखा** नेपाली मासिक पत्रिका २०२१ को वर्ष ४, अङ्क १२ मा पृष्ठ १०७ देखि १२१ सम्म मोहनहिमांशु थापाको *उनी देवता हुन्मा एक दृष्टि* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । समालोचक थापाले प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानको **उनी देवता हुन्** एकाङ्की सङ्ग्रहको समालोचनात्मक टिप्पणी गरेका छन् । थापाका अनुसार : बालकृष्ण सम र पुष्कर सम्शेरले उठान गरेको एकाङ्कीलाई हृदयचन्द्रसिंह प्रधानले नयाँ दिशा प्रदान गरी विकासोन्मुख यथार्थवादको समावेश प्रधानले गरेको कुरा उल्लेख गरेका छन् (पृष्ठ : १०७) । हृदयचन्द्रसिह प्रधानले सर्वप्रथम २००६ सालमा **छेउ लागेर**, २०११ सालमा **गंगालालको चिता**, २०१६ सालमा **कीर्तिपुरको युद्धमा** र २०१६ सालमै **उनी देवता हुन्** एकाङ्की सङ्ग्रह प्रकाशन गरेको कुरा थापाले चर्चा गरेका छन् (पृष्ठ : १०८) । उनका अनुसार **उनी देवता हुन्** हृदयचन्द्रसिंह प्रधानको चौथो र अन्तिम एकाङ्की सङ्ग्रह हो, उनले उसमा पाँचवटा एकाङ्कीहरू समावेश गरेका छन् । जस मध्ये पहिलो एकाङ्कीको रूपमा *डोला* रहेको छ (पृष्ठ : १०८) । *डोला*को चर्चा गर्दै समालोचकले यसको पृष्ठभूमि दरवारिया रहेको र राणाहरूको दरवारमा हुने केटीहरूको बलिदानको सजीव चित्रण रहेको बताएका छन् । जसमा कायर र वासना पीडित जग सम्शेरको चरित्र र छोरी बेटी दरवारमा राखेर

लप्टन, कप्तान र रानी साहेब बन्ने सपना र यसबाट जीविका चलाउन खोज्ने तत्कालीन व्यक्तिहरूको चित्रण यसमा गरिएको छ भन्ने उल्लेख समालोचकले गरेका छन् (पृष्ठ : १०८) । समालोचक थापाका अनुसार *डोला*को कथावस्तुको गुम्फन सुसङ्गठित छैन् अर्को शब्दमा कथावस्तुको केन्दविन्दु नै शिथिल छ । अर्को एकाङ्कीको चर्चा गर्दै थापाले *राजनीतिको रङ्गमञ्चमा* एकाङ्कीमा सात सालपछि र चुनाव अघि र पछिको पृष्ठभूमिमा लेखिएको यसमा तत्कालीन धमिलो वातावरणको चित्रण र तथाकथित नेताको भष्ट्राचार र दुराचारको दिग्दर्शन गराइएको समालोचक बताउँछन् (पृष्ठ : १०९) ।

अर्को *एकाङ्की सय रुपियामा* नेताको बेचविखन भएको र नेतानै राणाको राजनीतिक हतियार भएको विषयवस्तु समावेश गरिएको कुरा समालोचकले उल्लेख गरेका छन् । समालोचकका अनुसार यस एकाङ्कीमा २०१७ साल पौष अघिको नेपालको अनुहार देख्न सकिन्छ । जसमा चिया, रक्सी, मोह, सुकामा मानिसको मोल, नेताहरूको हत्या, पार्टीमा फुट गराउने षड्यन्त्रको वर्णन गरिएको र यो तत्कालीन राजनीतिक समाज र अर्थको स्पष्ट ऐना भएको उल्लेख समालोचकले गरेका छन् । (पृष्ठ : १०९) । अर्को एकाङ्की *कीर्तिपुरको युद्धमा* कीर्तिपुरका वीरङ्गाना कीर्तिलक्ष्मी र पृथ्वीनारायण शाहको चरित्रको एक पक्षमा प्रकाश पारिएको बताएका छन् । (पृष्ठ : १११) । थापाका अनुसार यस एकाङ्कीमा दुवै पक्षका वीरता, धीरता र सुरता देखाउने एकाङ्कीकारको उद्देश्य रहेको चर्चा गरेका छन् । यसमा कीर्तिपरको युद्धको पृष्ठभूमिमा एकातिर वीरता र देशभक्तिको यशोगान गाइएको छ भने अर्को तिर अन्यायी र देश घातकलाई मृत्यु दण्ड दिइएको छ र एकाङ्कीमा वस्तु भन्दा चरित्रमा एकाङ्कीकारको ध्यान गएको चर्चा गरेका छन् (पृष्ठ : १११) । समालोचक थापाले प्राच्य सिद्धान्त अनुसार नाटकको चरित्रमा उदात्त किसिमका गुणहरू हुनुपर्दछ । नायकका गुणहरूको प्रकाश र दोषहरूको गोप्यता हुनुपर्दछ । मानव जीवननै सुखदुख, घातप्रतिघात, क्रियाप्रतिक्रिया तथा भावना र कामनाको पुञ्ज भएको हुँदा एकाङ्कीकारले वास्तविकता ल्याउन खोजेको चर्चा समेत गरेका छन् । चौथो एकाङ्कीको रूपमा *उनी देवता हुन्* एकाङ्की समाविष्ट रहेको बताएका छन् । यसको जन्म सात सालपछिको पृष्ठभूमिमा भएको र बैगुनीलाई बदलाले होइन् गुनले मार्नुपर्छ भन्ने भावना यसमा रहेको चर्चा गरेका छन् (पृष्ठ : ११३) । उनका अनुसार प्रस्तुत एकाङ्कीमा नयन बहादुर खड्काकी बहिनीलाई कुनै राणाद्वारा अपहरण गरेको र त्यसैको बदलामा राणा

परिवारकी विवाहिता स्त्री दिव्यराज्य लक्ष्मीलाई जबरजस्ती खड्काका साथीहले ल्याएका हुन्छन् तर खड्काले तिनको जीवन रक्षा गर्दछ, र उसलाई देवताको रूपमा देखाइएको चर्चा गरेका छन् । (पृष्ठ : ११४) । समालोचक थापाका अनुसार एकाङ्की सङ्ग्रहको अन्तिम एकाङ्की *खैराती मास्टर* हो । यसमा मास्टरको जीवनको एक अङ्गको दयनीय चित्रण गरिएको, वस्तु र शिल्पको दृष्टिकोणले एकाङ्की सफल भएको चर्चा गरिएको छ । तथापि प्रचारको पुट रहेको तथा वस्तुको गुम्फनमा नाटकीयता, तीव्रता र गत्यात्मकता आउन नसकेको बताँउछन् । उनका अनुसार एकाङ्कीमा कुनै पनि विषयवस्तुको उद्देश्य अप्रत्यक्ष रहनुपर्दछ । प्रत्यक्ष भयो भने त्यो प्रभावोत्पादक र आस्वादक हुन सक्दैन् (पृष्ठ : ११५) । समालोचकले हृदयचन्द्रसिह प्रधानको प्रवृत्ति उल्लेख गर्दै जसरी अङ्ग्रेजी साहित्यमा कार इब्सनले स्वच्छन्दतावादी नाटकको विद्रोह गरेर यथार्थवादको प्रतिपादन गरे, हिन्दी साहित्यमा जयशंकरप्रसादको विरोधमा लक्ष्मीनारायणले गरे, त्यस्तै यहाँ प्रधानले सामाजिक विषयवस्तुमा विकासोन्मुख यथार्थवादको प्रतिपादन गर्नुभयो (पृष्ठ : ११५) । उनलाई गोविन्द भट्टले वैज्ञानिक दृष्टिकोण भएका जनवादी भावना भएको यथार्थवादी लेखक भनेको बताएका छन् । समालोचकले थापाले प्रधानका विशेषता केलाउदै उहाँको विचार वा दर्शन मानवतावादमा आधारित छ । अनि यो मानवतावाद अरू केही नभएर उपयोगितावाद र सुधारवादको परिमार्जित र परिष्कृत रूप हो (पृष्ठ : ११५) । उनले जसरी पाश्चात्य साहित्यमा इब्सनले नारी समानता र स्वतन्त्रताको समर्थन गरे त्यसरी नै नाट्य साहित्यमा प्रधानले गरे भनी चर्चा गरेका छन् (पृष्ठ : ११७) ।

समालोचक थापाले हृदयचन्द्रसिंह प्रधानलाई चिनाउँदै उनका नाटकमा भावना वा विचार प्रधान, यथार्थोन्मुख प्रवृत्ति भएका, वाह्य जगतका लेखक, समाजको मध्यम वर्ग र निम्न वर्गका विषयवस्तु समावेश गर्ने, देशभक्ति र स्वतन्त्रता प्रेमलाई समर्थन गर्ने, आशावादी जीवन चेतना, नैतिकताको विषय, पात्रहरू स्वाभिमानी र साहसी छनौट, देशकाल र वातावरणको सफल निर्वाह, उपयुक्त संवाद, सरल सहज र ओजपूर्ण भाषाशैली, कहिकतै काव्यात्मक अभिव्यक्ति पाइन्छ भनी चिनाएका छन् ।

समग्रमा प्रस्तुत *उनी देवता हुन्मा एक दृष्टि* शीर्षकको समालोचनात्मक लेखमा मोहनहिमांशु थापाले यस एकाङ्की सङ्ग्रह भित्र रहेका ५ वटा एकाङ्कीहरूको सङ्क्षिप्त विश्लेषण गरेका छन् । ती एकाङ्कीका विशेषता समेत केलाएका छन् । साथै हृदयचन्द्र सिह

प्रधानका एकाङ्कीगत विशेषताहरूको निरूपण समेत गरेका छन् । एकाङ्कीगत सन्दर्भहरू तथा उदाहरण दिई लेखलाई थप वस्तुगत बनाएका छन् साथै मोहनहिमांशु थापाले प्रस्तुत समालोचनामा भाषिक प्रयोगमा सफल र सक्षम देखिएका छन् । कलात्मक र सहज तथा सम्पेषणीय भाषाको प्रयोगले प्रस्तुत समालोचना ज्यादै उपयोगी साबित भएको छ ।

### ४.५.२ 'रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती' को विश्लेषण

**गोरखापत्र** २०३४ साल साउन २९ गते मोहनहिमांशु थापाको *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा समालोचक थापाले अशेष मल्लद्वारा २०३१ सालमा रचित *तुवाँलोले ढाकेको बस्ती* नाटकको समालोचनात्मक टिप्पणी गरेका छन् । रङ्गमञ्चीय दृष्टिले यस नाटकका सफलता, असफलता उनले केलाएका छन् । थापाका अनुसार राजकीय प्रज्ञा प्रतिष्ठानले धनकुटाका नवकलाकार सांस्कृतिक समुदायले *तुवाँलोले ढाकेको वस्ती* नाटक मञ्चन कार्यक्रम राजधानी बाहिर समेत भएको बताएका छन् । दोस्रो नाटक महोत्सवमा भने पश्चिमाञ्चल क्षेत्र पनि सहभागीका रूपमा प्रस्तुत भएको तथा पूर्वमा धनकुटाले पनि नाट्यमञ्चनको माध्यमद्वारा नाट्यविधा प्रति आफ्नो विशेष अभिरुचि र आकर्षण प्रस्तुत गरेको चर्चा गरेका छन् । समालोचक थापाले धनकुटाको साहित्य, नाटक जीवनको प्रशंसा गर्दै भनेका छन् : विभिन्न सांस्कृतिक जीवनमा धनकुटाले महत्त्वपूर्ण स्थान ओगटेको छ । उनका अनुसार धनकुटाको सांस्कृतिक गतिविधिमा त्यहा कै सांस्कृतिक प्रतिष्ठानले पनि केही चहलपहल ल्याउन खोजेको हो तर हाल त्यो मुर्छित अवस्थामा छ । धनकुटाको नवकलाकार सांस्कृतिक समुदायले आफ्नो सांस्कृतिक गरिमा र महिमालाई *तुवाँलोले ढाकेको वस्ती*को माध्यमद्वारा परिचय दिने प्रयास गरेको चर्चा गरेका छन् । समालोचक थापाले तुवाँलोले ढाकेको वस्तीको विषयवस्तु बारे चर्चागर्दै दाजु, भाउजु र भाइको एउटा परिवार हुन्छ । पारिवारिक जीवनको मूल आधार गाँउको परम्परागत खेती हुन्छ । खेतीबाट उनको जीवन धान्न मुस्किल परिरहेको हुन्छ । त्यस्तैमा गाँउ घरका सरमानन्द बाजेको षडयन्त्रको शिकार त्यो परिवार हुन्छ । फलस्वरूप परिवारको स्थिति बिग्रदै जान्छ । सरमानन्दकै कुचक्रले दाइ र भाइ पनि छुट्टिन्छन् । यसै बीच पैसा कमाउने लालच र विवशतामा परेर भाइ सिरमान विदेशिन्छ र दाइ भक्ते चाहि बेदनाले पछारिन्छ । समालोचकका अनुसार नाटकीय वस्तुको गठन र गुम्फन ज्यादै शिथिल छ । घटनाक्रममा सम्बद्धता र सार्थकताको नितान्त अभाव छ । घटनापूर्ण रूपले समानान्तर रेखामा एकोहोरिदै गएको छ । दाइ, भाइ र सरमानन्द बाजेमा

मात्र नाटक केन्द्रित छ । त्यसमा पनि सरमानन्द बाजेका कुचक्रमा नाटक केन्द्रित भएको छ । तथापि नाटकमा जीवन र जगत्‌को विस्तृति र प्रस्तुति पाइन्छ । वस्तु र शिल्प पक्षको दृष्टिकोणले पनि प्रस्तुत नाटक एकाङ्की मै सिमित भएको चर्चा गरेका छन् । प्रस्तुत नाटकमा प्रस्तुत गरिएका शंक्रीको दृश्य, थाली नाच र च्याब्रुङ नाच ले नाटकीय मूल्यप्रदान गरेका अनुभव हुदैन् । गाँउले जगतेको भूमिका निर्वाह गर्ने श्री उपेन्द्रको दुखीको अभिनय जीवन्त र सशक्त छ । धनकुटाको सामाजिक र सांस्कृतिक जीवनमा उपेन्द्रको सक्रिय भूमिका रहेको छ । आसामी भाइ सिरमाने हुने श्री अशेष मल्लमा सजीव भएको छ । कोशी अञ्चलको साहित्यिक गतिविधिमा कविता र लघुनाटकका माध्यमद्वारा परिचित हुन पुगेका अशेष मल्लको नाटकीय दिशामा प्रारम्भिक प्रयास हो । यसै प्रारम्भिकताले गर्दा पनि नाट्यवस्तु र शिल्पमा परिष्कार र परमार्जनको अभाव हुन पुगेको छ । दाजु र भाउजु हुने क्रमशः गोपी श्रेष्ठ र शारदा लक्ष्मीको अभिनय प्रशंसनीय छ । गोपी र शारदालाई मुखाकृति र शारिरीक गठनले पूर्ण रूपमा साथ दिएको छैन् । गाँउले केटीको भूमिका निर्वाह गर्ने जानकी प्रस्तुत नाटककी कमजोर पात्र हुन् भनी समालोचकले समग्र विषयवस्तुको छोटकरीमा चर्चा गरेका छन् । समालोचकले यस लेखबारे भनेका छन् । *तुवाँलोले ढाकेको वस्ती*लाई नाट्य महोत्सवको क्रममा एउटा उपलब्धिको रूपमा लिन सकिन्छ । अनि नेपाली रङ्गमञ्चमा नेपाली लोक नाटक शैलीको बढ्दो लोकप्रियताको सन्दर्भमा पनि प्रस्तुत नाटकलाई परिचायकको रूपमा लिन सकिन्छ । कतिपय त्रुटि हुँदाहुदै पनि वस्तु, संवाद, भाषा र अभिनयको दृष्टिले छोटो समयको पूर्वाभ्यास र सीमित साधनको दृष्टिले मञ्चित नाटक प्रशंसनीय छ । यसको अतिरिक्त सांस्कृतिक गतिविधि र नाट्य प्रर्दशनको दृष्टिले अधिराज्यको चार विकास क्षेत्रमा यस्ता सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनकालागि सम्बद्ध क्षेत्रले केही सोच्नुपर्ने र केही गर्नुपर्ने तथ्य प्रति *तुवाँलोले ढाकेको वस्ती*को मञ्चनले ध्यानाकर्षण गरेको छ भनी उल्लेख गरेका छन् ।

समग्रमा २०३४ सालको **गोरखापत्र**मा प्रकाशित प्रस्तुत लेखमा एकातिर समालोचकले अशेष मल्लको नाटयकारिताको विवेचना गरेका छन् भने अर्कोतिर *तुवाँलोले ढाकेको वस्ती* नाटकको विश्लेषणात्मक टिप्पणी गरेका छन् । भाषिक रूपमा सरल सहज र बोधगम्य भाषाका प्रयोक्ता थापाले प्रस्तुत लेखमा वस्तुपरक रूपमा नाट्य समालोचनाको चित्रण गरेका छन् ।

### ४.५.३ 'नाटककार बालकृष्ण सम'को विश्लेषण

**कुञ्जिनी** वर्ष १ अङ्क १ वि.स. २०४९ सालमा प्रकाशित साहित्य समालोचना विशेषाङ्कमा पृष्ठ २१ -२८ सम्म *नाटककार बालकृष्ण सम* शीर्षकमा मोहनहिमांशु थापाको समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा समालोचक थापाले बालकृष्ण समको समग्र साहित्यिक योगदानको चर्चा गरेका छन् । समालोचक थापाले बालकृष्ण समलाई चिनाउदै भनेका छन् : बालकृष्ण सम नेपाली साहित्यमा एक सर्वतोमुखी प्रतिभा हुन् । काव्यबाट साहित्य जीवन सुरु गरेका सम सम्पूर्णतः नेपालीका महान् नाटककारका रूपमा प्रतिष्ठापित भएका छन् । एकातिर उनको व्यक्तित्व कवि, नाटकाकार, कहानीकार, निबन्धकार आदि सबैका रूपको समाहार भएको छ भने अर्कातिर साहित्यका विभिन्न विधाहरूको चरम परिणति पनि उनमा देख्न पाइन्छ । पारिवारिक स्थिति, देशीय वातावरण, राष्ट्रिय आकांक्षा र आवश्यकताको पृष्ठभूमिबाट नाटककार समका जन्म भएको हो (पृष्ठ : २१) । थापाले समको योगदान बारे चर्चा गर्दै भनेका छन् : आधा शताब्दी भन्दा बढी समयदेखि नाट्य साधनामा लागेका सर्वश्रेष्ठ अभिनेता र महान् नाट्य निर्देशकको रूपमा समको आधुनिक नेपाली नाटकको निर्माण र विकासमा अद्वितीय स्थान रहेको छ (पृष्ठ : २१) ।

समका विशेषताहरूको चर्चा गर्दै थापाले सम आफ्ना नाटकमा मानवीय चेतनाको प्रतिपादन, अतीतको पुनरावलोकन, दर्शनको पुर्नविश्लेषण, संस्कृतिको पुर्नमूल्याङ्कन र राष्ट्रियताको सम्बर्द्धन गरेका छन् । समालोचकका अनुसार विशाल नेपालको एकीकरण पछिमात्र नेपाली भाषामा नाट्य रचनाको लागि विविध प्रयास भएको बताएका छन् । वि.स. १८५५ मा शक्तिबल्लभले हास्यकदम्बको अनुवाद गरे त्यस्तै विशाखादत्तले मुद्राराक्षसको अनुवाद गरे त्यसपछि मोतिराम को शाकुन्तलाई देवशम्सेरले प्रर्दशन गरे । जब मोतिरामको निधन भयो केही समय नाट्य रचना रोकियो त्यसपछि सङ्गीतका ठुला ठुला जमघटहरू राजधानीमा हुन थाले । जसको प्रभाव तत्कालीन जनरल डम्बर सम्शेरमा परेको चर्चा गरेका छन् (पृष्ठ : २३) । थापाले नेपाली नाट्य परम्पराको इतिहासको चर्चा गर्दै भनेका छन्: डम्बर सम्शेर १९५० मा कलकत्ता गए र त्यहाँ फारसी थिएटरको रसास्वादन गरे । नेपाल फर्केपछि थिएटर कालको सुरुवात गरे । १९५० मा राजदरवारमा स्थापित इम्पिरियल अपरा हाउसमा सर्वप्रथम शाह बहराम प्रदर्शन भयो । उसको निर्देशन डम्बर शाहले गरेको चर्चा गरेका छन् । त्यसै क्रममा १९७७ मा मोहन तारा थिएटर र १९७८ मा नुरुद्दीन रचित

सती मातावती नाटक प्रदर्शन भएको चर्चा गरेका छन् । त्यसपछि थिएटर खोल्ने होडबाजी नै चलेको समेत चर्चा गरेका छन् (पृष्ठ : २३) । सुरु सुरुमा थिएटर प्रविधिमा अरब देशमा प्रसिद्ध भएका आख्यान, उपाख्यानलाई आधार मानिएको र पछि हिन्दू जगतका प्रसिद्ध पौराणिक कथालाई थिएटरको वस्तु रचनाको स्रोत मानिएको चर्चा गरेका छन् । पश्चिमी नाट्य शिल्पको प्रारम्भिक प्रयोग उपशीर्षक अन्तर्गत थापाले चर्चा गर्दै भनेका छन् : अनुवाद र रूपान्तरणलाई मौलिक नाट्य विधाको रूपमा लिन मिल्दैन् । मौलिक नाटकको प्रार्दूभाव वि.स. १९६२ मा पहलमानसिंह स्वारको **अटलबहादुर** नाटकबाट प्रारम्भ हुन्छ । यो मौलिक नाटक मात्र नभएर नेपाली नाटकको पहिलो वियोगान्त नाटक पनि हो । व्यङ्गको प्रखर स्वर नाटकको विशिष्ट प्राप्ति हो । यही नै राणातन्त्रको विरोधमा र व्यङ्ग परिवेशमा लेखिएको नेपाली साहित्यको पहिलो नाट्य कृति हो भनी चर्चा गरेका छन् । उनका अनुसार नाटकमा प्रयुक्त दृश्य विधान र यसको वियोगान्त रूप पश्चिमी नाट्य शिल्पको प्रवेश हो ( पृष्ठ : २५) ।

समालोचक थापाले बालकृष्ण समको पारिवारिक वातावरणको चर्चा गर्दै उनको बाल्यकाल विस्मयपूर्ण रहेको, जंगबहादुर पछिका दोस्रो प्रधानमन्त्री रणोद्विप सिहको हत्याका प्रमुख सुत्रधारहरूमध्ये एक जना समका बाजे डम्बर सम्शेर पनि थिए । भाइहरूमा माइला छोरा भएपनि अविवाहिता पट्टिका छोरा भएकाले रणोद्विपसिह पछिका प्रधानमन्त्रीका ओहदामा मात्र होइन मर्यादित र सम्मानित स्थान समेत उनले पाउन सकेनन् । २०४२ सालको पर्व पछि भाइहरूकै पारस्परिक अविश्वास र आशंका उत्पन्न हुन थाल्यो । वीर सम्शेरले उनलाई हजुरिया जनरल समेत दिए तर उनमा छट्पटि रहिरह्यो । डम्बर सम्शेर कलकत्ताबाट फर्केर थिएटरको सुरुवात गरेपछि उनमा नाटकप्रति प्रेरणा र प्रभाव बढेको पाइन्छ । समको काव्य चेतनाबारे टिप्पणी गर्दै थापाले समका दाजु पुष्कर सम्शेर सानै देखि पक्षघातका रोगी भएकाले सबैको माया पाउथे । तर उनी आफुलाई निरीह पाउथे । त्यसपछि उनी आफुपनि विरामी होउ भनी प्राथना गर्थे (पृष्ठ : २६) । घरमा रामायण, महाभारतका पाठहरूले घर नै सङ्गीतमय हुन्थ्यो । यसरी समको घर नाटकमय मात्र होइन, कवितामय पनि हुन्थ्यो । समका पिता पाल्पाबाट फर्केपछि कविता लेख्न थालेका थिए । पिताको काव्य रचना देखेर उनले पनि आठ वर्षको उमेरमा दुई पंक्तिको र नौ वर्षको उमेरमा **इस्सोर** कविता रचना गरे । रामायण, महाभारतका विषयवस्तु पछि आएर लेखनाथ,

दरवार हाइस्कुलका हेडमास्टरबाट सेक्सपियरका कविताको चर्चा सुन्दा उनमा काव्य प्रेरणाको प्रभाव समेत परेको देखिन्छ (पृष्ठ : २७) । बालकृष्ण सम मुख्य रूपमा नेपाली नाटक जगत्का प्रमुख हस्ती हुन् । उनको नाट्य प्रेरणा बारे आफ्नो लेखमा थापाले समले काव्य सिर्जनाको प्रेरणा आफ्ना पिता समरसम्शेरबाट प्राप्त गरे भने नाटक सिर्जनाको प्रेरणा आफ्ना बाजे डम्बर सम्शेरबाट प्राप्त गरे तर आफ्नो विशिष्ट शैली शिल्प भने अङ्ग्रेजी साहित्यका विश्वप्रशिद्ध साहित्यकार विलियम सेक्सपियरको प्रभाव र प्रेरणा रहेको चर्चा गरेका छन् ।

उनको घरायशी वातावरणको चर्चा गर्दै थापाले समको घरमा थिएटर परम्परा थियो जसको भाषा उर्दू थियो । एक पटक समका साथी रुद्रराज समको घरमा आएको बेला नेपाली नाटक नभएर हिन्दी भएकोमा दुःख प्रकट गरे । कविता जस्तै नाटक पनि नेपालीमा हुँदा नेपाली भाषाको उत्पत्ति हुने कुरा गरे तर समका दाजु पुष्कर सम्शेरले नेपालीमा नाटक हुन सक्दैन भन्ने कुरा गरे तर रुद्रराज र पुष्कर सम्शेरका तर्कवितर्कका क्रममा उनलाई रुद्रराजको कुराबाट प्रभावित भए । समले विद्यालय भित्र तारापद मुकर्जीबाट सर्वप्रथम सेक्सपियरको नाटक रोमियो, जुलियटको आस्वादन गर्ने अवसर पाए । त्यसै बीच हेडमास्टर शारदाबाबुको सेक्सपियर र उनको व्याल्याङ्क भर्सको महत्ता र विशेषताबाट अत्यधिक प्रेरित भएको पाइन्छ । कोष र टिकाको आधारमा समले राजा लियर, हेमलेट, म्याकबेथ, ओथेलो र रोमियो जुलियटको पनि घरमा अध्ययन गरेपछि समलाई नाटक लेख्न साह्रै मन लागेको पाइन्छ । (पृष्ठ : २८) । समालोचकका अनुसार वि.स. १९७७ मा रोमियो र जुलियट हेरी यसको फलस्वरूप **मिलिनद** नाटक रचना गरे । यसको एकै वर्षपछि **तानसेनको झरी** नाटकको रचना गरेको छन् । कलकत्तामा **मर्चेन्ट भेनिस** र **ओथेलो** हेरेपछि उनमा गहिरो प्रभाव परयो । त्यसपछि त्रिचन्द्र कलेज प्रवेशपछि पाश्चात्य नाट्य साहित्यको गम्भीर अध्ययन गरे जसको फलस्वरूप नेपाली नाट्य जगत्को यो महान् उपलब्धि हासिल भएको चर्चा हिमांशु थापाले गरेका छन् ।

समग्रमा प्रस्तुत **कुञ्जिनी** साहित्यिक पत्रिकामा बालकृष्ण समको नाट्यकारिता, काव्यप्रेरणा, पारिवारिक वातावरण, नाट्यप्रेरणा जस्ता विषयमा मोहनहिमांशु थापाले सटिक चर्चा गरेका छन् । बालकृष्ण समको नाट्य प्रवेश देखि उत्कर्ष र सम्पूर्ण यात्राको सङ्क्षिप्त परिचय प्रस्तुत समालोचनात्मक लेखमा प्रस्तुत भएको पाइन्छ । भाषाशैलीको प्रयोगमा उनी

निकै सचेत देखिन्छन् । भाषिक प्रयोगमा सरलता, सहजता र सामान्य पाठकदेखि उच्च विद्वान्हरू सम्मका लागि प्रस्तुत समालोचनात्मक लेख उपयोगी साबित भएको छ ।

### ४.५.४ 'नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी' को विश्लेषण

**अभिव्यक्ति** साहित्यिक पत्रिकाको २०३९ भाद्र, पूर्णाङ्क ३६, ग्रीष्म वर्षा ऋतु अङ्क, साम्बभक्त स्मृति अङ्कमा पृष्ठ ६४-६९ सम्म मोहनहिमांशु थापाको *नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा नेपाली काव्ययात्राका विशिष्ट प्रतिभा साम्बभक्त शर्मा सुवेदीको सङ्क्षिप्त परिचयात्मक टिप्पणी गरिएको छ । समालोचक थापाले साम्बभक्त शर्मा सुवेदीको परिचय दिँदै पूर्वी नेपालको लोक जीवन र परिवेशमा कवि साम्बभक्त शर्मा सुवेदीको जन्म भएको हो । स्थानीय समाजका विविध धार्मिक र सामाजिक पर्वहरूमा साम्बभक्तको सक्रिय र अग्रणी भूमिका रहन्थ्यो । तीव्र स्मरण शक्ति भएका, त्यस्तै धारा प्रवाह र आकर्षक रूपमा सिलोक भन्न सक्ने क्षमता र दक्षताले गर्दा सानै उमेरमा नै साम्बभक्त शर्मा सुवेदीको प्रसिद्धि फैलिएको हो । जसको कारण उनी जिरे खुर्सानी र सिलोके केटोको रूपमा परिचित भए (पृष्ठ : ६४) । साम्बभक्तको प्रेरणाको स्रोतबारे चर्चा गर्दै थापाले आफ्नै दिदी धर्मकुमारीद्वारा प्राप्त रेवतिरमण न्यौपाने लिखित **विवाह लीला** पुस्तकको आफ्नै महत्त्व र विशेषता रहेको उनमा होमनाथ र रेवतीरमणको प्रभाव परेको पाइन्छ भने राजधानी आएपछि शम्भूप्रसाद ढुङ्गेल र कृष्णलाल अधिकारी नै प्रेरणाका स्रोत रहेको चर्चा गरेका छन् (पृष्ठ : ६४) । समालोचक थापाले साम्बभक्तको साहित्ययात्राको चर्चा गर्दै भनेका छन् : श्रृंगारिक धाराको मूलस्रोत सुक्तिसिन्धुको विरुद्ध वि.स. १९७४ मा **मकैको खेती** प्रकाशन भयो । यो नेपाली साहित्य जगतमा सबभन्दा पहिले उठेको आक्रोश र विद्रोहको पहिलो कदम थियो र १९७७ सालमा मकै पर्व मच्चियो र सुवेदीका आफ्ना भिनाजु ना.सु. कृष्णलाल पनि थुनामा परे, जसको कारण १९ वर्षीय साम्बभक्तलाई नराम्ररी आहत परयो । जसले गर्दा उनी ग्रामीण शिक्षक बन्न पुगेको र साहित्यिक जीवनमानै चोट परेको चर्चा गरेका छन् । (पृष्ठ : ६५) । जसले गर्दा साम्बभक्तले अगुल्टाले हानेको कुकुर विजुली देखी चम्किन्छ भने झै लेख्नै छोडे । लेखिहालेपनि आफ्नो नाममा छपाउन छोडे (पृष्ठ : ६६) । त्यस्तै साम्बभक्तको जीवनमा मुख्य तीन घटना घटेको चर्चा हिमांशुले गरेका छन् । पहिलो घटनामा जन्मदात्री आमाभन्दा बढ्ता माया गर्ने दिदी धर्मकुमारीको असामयिक निधन, दोस्रो

मैकपर्व जसले गर्दा कृष्णलाल थुनामा परी थुनामै निधन भएको र तेस्ले राजधानीमा पढ्न बसेको कविलाई रामेछापबाट बोलाहट भयो । जसले गर्दा कवितामा निहित सुक्ष्म राजनितिक चेतनामा साङ्घातिक हमला भयो (पृष्ठ : ६६) । जसको परिणाम स्वरूप नेपाली साहित्यमा धरणीधर कोइरालाले फुकेको शंखनादमा सहधर्मी कविको पलायन भयो । जसरी १९७१ मा इष्ट इण्डिया कम्पनीसँगको युद्धको स्थितिले गर्दा नेपाली साहित्यलाई अर्न्तमुखी दिशामा प्रवृत गरायो त्यसरी नै मकै पर्वले कवि सुवेदीलाई अर्न्तमुखी मार्गको माध्यमद्वारा आध्यात्मिक चेतनाप्रति उन्मुख गरायो । थापाका अनुसार तत्पश्चात् १९८२-१९८४ सम्म समस्यापूर्तिको रूपम पद्य रचना गरेको पाइन्छ ।

मकै पर्वको विष्फोटले हल्लेका कवि यस चरणमा १९८२ मा दोलखाका सिद्धिबहादुर, रामेछापका समरबहादुर र ओखलढुङ्गाका भक्तलालका नाउमा गोरखापत्रमा विभिन्न कविताहरू प्रकाशन गरेको पाइन्छ । यो एकातिर मकैपर्वबाट तर्सेका र भयभीत भएका कविको अप्रत्यक्ष तर हार्दिक प्रस्तुतीकरण थियो भने अर्का तिर साम्बभक्त सुवेदीको कवि जीवनको र काव्ययात्राको प्रतिकात्मक रूप थियो भनी थापाले बताएका छन् । साम्बभक्तले रचना गरेका १९८५ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरको विषयमा रचना गरिएको कविता र १९९१ म प्रकाशित अनित्यमा नित्य छ समस्यापूर्तिलाई पनि कवि सुवेदीको आभ्यासिक रूप र १९९४- १९९६ सम्म कवि सुवेदी मधुधाराको रूपमा कवितारित हुन्छन् । १९९४ मा उनको स्त्री जीवन उल्लेख्य विद्रोहात्मक स्वर प्रतिध्वनित भएको कविता हो भनी बताएका छन् (पृष्ठ : ६७) । त्यस्तै साम्बभक्त शर्माको १९९४ मै माहुरी र अबोलालेखनी र हामी अबला, उनै मधुधाराको नाँउमा १९९६ मा धुम्र उडानको प्रकाशन भएको छ । समालोचकका अनुसार यही अवस्था कवि सुवेदीको विकासावस्था हो । यहानिर आएर कवि सुवेदी आफ्ना कवितामा मात्र होइन नेपाली काव्य क्षेत्रमा समेत मधुधारा प्रभावित गर्न सक्षम भएका जसमा उनको सामाजिक सचेतनाको नवीकरण र काव्यचेतनाको अभिमुखीकरण भएको पाइन्छ । जसको कारण माधव घिमिरेका बाल्यकालका प्रियकवि हुन पुगेका समेत थापाले चर्चा गरेका छन् । (पृष्ठ : ६८) । साम्बभक्त सुवेदीको प्रवृत्तिहरूबारे समालोचकले उनलाई मकैपर्वकालीन कविता, समस्यापूर्तिकालीन कविता र मधुधाराकालीन कविताको पृष्ठभूमिमा साम्बभक्त एक विशिष्ट प्रतिभाशाली कविको रूपमा प्रस्तुत भएको देखिन्छन् । मकैपर्वमा उनी दुर्घटनाग्रस्त नभएका भए ६ दशक भन्दालामो समयको काव्य साधना, अध्ययनशीलता र वैचारिक ग्रहणशीलताको पृष्ठभूमिका सुवेदी आफ्नै एक युग

स्थापित गर्न सक्षम र सशक्त कविका रूपमा प्रस्तुत हुनसक्थे । लेखनाथको आध्यात्मिक चेतना, ढुङ्गेलको आशुकवित्व र धरणीधरको उद्‌बोधन जस्ता मूल प्रवृत्ति साम्बभक्त सुवेदीको एउटा सिङ्‌गो कवित्वको रूपमा समाहित भएको पाइन्छ (पृष्ठ : ६८) । उपर्युक्त विवेचनाका आधारमा कविवर सुवेदीलाई लेखनाथ र धरणीधर पछिका एक विशिष्ट काव्य प्रतिभाको रूपमा विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने चर्चा हिमांशुले गरेका छन् । समग्रमा थापाले **अभिव्यक्ति** साहित्यिक पत्रिकामा साम्बभक्त सुवेदीको सङ्क्षिप्त परिचयात्मक प्रस्तुति, उनको काव्ययात्रामा उतार चढाव, उनको स्थान निरूपण र सम्भाव्यता समेत प्रकट गरेका छन् । हिमांशु थापाले भाषिक रूपले प्रस्तुत लेखलाई निकै सरल, सहज र सम्प्रेष्य रूपमा प्रस्तुत गरी अब्बल सावित भएको पुष्टि गरेका छन् ।

### ४.५.५ 'बालकृष्ण समका नाटकमा बालपात्र' को विश्लेषण

**रश्मि** साहित्यिक त्रैमासिक २०४० को वर्ष १, अङ्क ३ माघ, फागुन र चैत्रको अङ्कको पृष्ठ ६ देखि ११ मा समालोचक मोहनहिमांशु थापाको *बालकृष्ण समका नाटकमा बालपात्र* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत नाटकमा बालकहरूप्रति बालकृष्ण समको रुचि र उनका विभिन्न नाटका बालपात्रको भूमिका बारे चर्चा गरि समका नाट्यकारिताको सार्थक मूल्य र समालोचक थापाका मौलिक प्रस्तुति समावेश गरिएको छ । समालोचक थापाले समका नाटकमा बालपात्रको भूमिका केलाउँदै नाटककार समका नाटकमा बालपात्रको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । समसँग जोडिएको बालकृष्ण शब्दले सममा मनोवैज्ञानिक प्रभाव पारेको देखिन्छ । सम बालकहरूलाई ज्यादै मन पराउँछन् । त्यसैले पनि सम बालपात्रलाई नाटकीय मूल्य र प्रतीकात्मक अर्थमा प्रयोग गरेका छन् (पृष्ठ : ६) । समालोचकले **तानसेनको झरी**को उदाहरण दिँदै त्यसमा आफ्ना भाइ कोमलसँग निर्मलीले शोमनसँगको प्रणय भावनाको उद्‌घाटन गर्छिन, कोमल निर्मलीको पत्रबाहकको रूपमा शोमन कहाँ जान्छन् । पवन भने षड्‌यन्त्र रच्न संलग्न हुन्छन् । एकपल्ट शोभनको रूपमा पवन निर्मलीसँग प्रणयालाप गरिरहेको बेला कोमल पवनलाई चिन्दछ र तिमि शोभन होइन् भन्ने उद्‌घाटन गर्छिन् । यसरी नाटकीय वस्तु र पात्रसँग बालपात्रको रूपमा कोमलको अविभाज्य सम्बन्ध र सक्रिय भूमिका रहेको स्पष्ट हुन्छ भनी थापाले चर्चा गरेका छन् (पृष्ठ : ६) ।

त्यस्तै अर्को नाटक **मुटुको व्यथा**मा बालपात्रको चित्रण गर्दै थापाले यसमा ठुलीलाई प्रस्तुत गरिएको छ । उनका अनुसार तृतीय अङ्कको पहिलो दृश्यमा मेघ गर्जदा र पानी

दर्कदाको क्रममा ठुलीका विभिन्न प्रश्नहरू, जिज्ञासापूर्ण र उत्सुकतापूर्ण हुन्छन् । यसले एकातिर वस्तुलाई रोचक र आकर्षक बनाएको छ भने अर्कातिर शनकको दृष्चरित्रको क्रममा निष्कपट हृदयको प्रस्तुतिले पतिपाद्य संवदेनालाई उदीप्त अवस्थामा पुऱ्याएको छ (पृष्ठ : ६) । समको **धुव्र** नाटकको चर्चा गर्दै थापाले **धुव्र** नाटकको नायक भएको धुव्र र उनकी माता सुनितिको निष्काशन पछि नाटक प्रारम्भ भएको हुन्छ । धुव्रको अभीष्ट प्राप्तिपछि नाटकको पर्यवसान हुन्छ । नाटकीय वस्तुमा उत्तमको अस्तित्व र उनी प्रतिको माता सुरुचिको बात्सल्यपूर्ण भावना र आकांक्षाले गर्दा नाटक गतिमान् हुन्छ । धुव्र उदात्त भावनाले उत्प्रेरित हुन्छन् र सुरुचिको महत्त्वाकांक्षामा उत्तम अभिप्रेरित हुन्छन् तर दुवैका हृदयमा निष्कपट र निर्दोषता हुन्छ । यसरी दुईबालपात्र धुव्र र उत्तमको केन्द्रीयतामा नाटकको संरचना र परिसमाप्ति हुन्छ । यस पृष्ठभूमिमा **धुव्र**मा बालपात्रको अद्वितीय र सक्रिय भूमिका रहेको चर्चा गरेका छन् (पृष्ठ : ७) ।

**मुकुन्द इन्दिरा** नाटकमा बालपात्रको भूमिका हेर्दै सिम्भु सरस्वती स्थानको प्रदक्षीणा गर्दा स्कुलका बालकहरूलाई थ्योरम र भूगोलबारे वादविवाद गराएको चर्चागरेका छन् (पृष्ठ : ७) । यसक्रममा बालकहरूको मनोरम संसार प्रस्तुत गरेको पाइन्छ । यसमा जबपुग्यो एक भुइमा खुट्टा टेक भन्न लगाएर मुकुन्दको कारणबाट र आफ्नो स्वास्थ्य स्थितिबाट निराश भएका रूपनारायणलाई आशाको सञ्चार गराइएको छ भनी थापाले चर्चागरेका छन् । अर्को नाटक **प्रल्हाद**मा बालक प्रल्हाद नै नायक हुन्छन् । प्रल्हाद अध्यात्म चिन्तन, ज्ञानको भावना, आस्थापूर्ण जीवनको प्रतिनिधित्व गर्दछन् । ठीक यसको विपरीत चिन्तनमा उनका पिता हिरण्यकश्पू सक्रिय हुन्छन् । यसरी प्रल्हादलाई मूलपात्रको रूपमा र नायकको रूपमा प्रस्तुत गरेर नाट्यरचना भएको छ भनी चर्चा गरेका छन् (पृष्ठ : ८) । त्यस्तै **अन्धवेग** नाटकमा बालपात्रको वर्णन गर्दै थापाले नाटकको प्रारम्भ नै बालगीत र नाचबाट भएको बताएका छन् । बालकहरूको रमणीय संसार र निष्कपट हार्दिक जगतकै उपयुक्त र कलात्मक पृष्ठभूमिमा दमाइको उपस्थिति गराइएको छ । पम्फाको टिम्के चोलो र गरुडध्वजको धोके सुरुवालमा दमाइको सानो टिप्पणीले दुवैको चरित्रमा वाञ्छित प्रकाश पार्छ र भावी घटनाको सूचना पनि प्रदान गरेको कुरा समालोचक बताउँछन् (पृष्ठ : ८) । दोस्रो दृश्यको सुरुमा बाल सुलभ दन्त्यकथा सुनाएको घटनाबाट हुन्छ । कथामा बालोचित जिज्ञासा र उत्सुकता भानु र चिचि दुवैमा हुन्छ । द्वितिय अङ्कको चौथो दृश्यको आरम्भमा भानु र चिचिको

पुतली खेल हुनु, यसको लगत्तै जयवीर र पम्फाको एकादशीमा पशुपति जाने कुरालाई लिएर तनाव हुनु, वैद्य, धुरारी र गरुडध्वजको स्वास्थ्यबारे विभिन्न मानसिक स्थितिको प्रस्तुति रहेको कुरा हिमांशु थापाले चर्चा गरेका छन् (पृष्ठ : ९) ।

त्यस्तै समको अर्को नाटक **भक्तभानुभक्त**मा बालपात्रको चित्रण गर्दै थापाले मोतिराम भट्टलाई शिशुको रूपमा समावेश गरिएको, उनको अन्नप्राशनमा भानुभक्तले भात खुवाएको घटना जोडिएको तथा भानुभक्तीय रामायण प्रचारको क्रममा बालकहरूले रामायण गाएको र गजाधर सोतीको घर बुढीलाई लिइ श्लोक गाउँदै हिडेको बालकहरूको गतिविधि रोचक, आकर्षक र सजीव भएको समेत चर्चा गरेका छन् (पृष्ठ : ९) । अर्को नाटक **म** मा बालपात्रको रूपमा सानु नामक एउटा बालपात्र छन् । उनी गनेसका भाइ हुन, कलकत्ता तर्फ प्रस्थान गर्नु अघि गनेसले भाइ सानुलाई माध्यमबनाएर देशभक्ति र मानवताको हार्दिक सन्देश दिएको, नाट्य वस्तुको विकासमा तथा इन्द्रवीर र मायाबारे मनोहरबहादुरलाई जानकारी दिने उपक्रममा सानुको पात्रत्व महत्त्वपूर्ण सिद्ध भएको चर्चा गरेका छन् (पृष्ठ : ९) । अर्को नाटक **प्रेमपिण्ड**मा समालोचक थापाले पात्र संयोजनमा अनेकरूपता रहेको बताएका छन् । नाटकमा चारवर्षका राजु नाटककार समको वाह्य रूप हुन् । ठाँउठाँउमा राजुलाई उपस्थित गराएकाले राजुको पात्रत्वले घटना र प्रसङ्ग सजीव भएको छ । नवम् अङ्कको आठौ दृश्यमा बालकहरूको खेल प्रस्तुत गरिएको छ भनी समालोचकले चर्चा गरेका छन् (पृष्ठ : १०) । **अमरसिंह** नाटकमा मारुनी र पुर्सुङ नाच्छन् । त्यसका सँगसँगै केटाकेटीहरूलाई पनि पछि लगाएको देखाएर बालपात्रको योजनामा समले सजीवता प्रदान गरेका छन् भन्ने टिप्पणी थापाको छ (पृष्ठ : १०) । **स्वास्नी मान्छे** नाटकमा बालपात्र खोज्दै समालोचक थापाले प्रारम्भ मै वाग्मतीमा पौडी खेलिरहेका बालकहरूको प्रस्तुति गरिएको छ । बालकहरूले कंक्रिनी बुढीलाई जिस्क्याइरहेको देखाइएको छ । नारी प्रति असामान्य व्यवहार गर्ने पुरुषवर्गको सोचाइ र दृष्टिकोणको केन्द्रविन्दु बालकहरूलाई बनाएको चर्चा गरिएको छ । यस नाटकमा बालपात्रको नाटकीय र कलात्मक मूल्यको स्थापना प्रभावकारी रूपमा भएको चर्चा थापाले गरेका छन् (पृष्ठ : १०) । **अमितवासना** नाटकको समीक्षा गर्दै थापाले वासनाले अभिभूत भएकी गुँरासको मानसिक परिवर्तनको लागि सुनियोजित पृष्ठभूमि सिर्जना गर्न अधवैँसे स्वास्नी मान्छेलाई ठिटाहरूले जिस्क्याएको, यातना दिएको र हैरानी गरेको, अधवैँसे आइमाइको बालकहरूसँगको झगडा प्रस्तुत गरी रोचक, आकर्षक र जीवन्त

भएको विवेचना थापाले गरेका छन् (पृष्ठ : ११) । **भीमसेनको अन्त्य**मा समालोचक थापाले श्री ५ युवराज सुरेन्द्र विक्रम बालपात्रको रूपमा समावेश भएका र सुरेन्द्रको बालसुलभ, चञ्चलता र निश्चलताले नाटकमा जीवन्तता प्रदान गरेको छ । सुरेन्द्रको जंगबहादुरलाई कप्तानी दिने आग्रह, एक देव वैद्यसँग पाचक मागी चाट्दै दौडेको घटना रोचक र कलात्मक रूपमा प्रस्तुत गरिएको घटनाले नाटकमा हृदयस्पशिर्यता, निष्कपटता र गतिमयता एकै साथ प्रकट भएको कुरा समालोचकले वर्णन गरेका छन् (पृष्ठ : १०) । अर्को नाटक मोतिराममा समालोचक थापाले दिव्यदेव र हरिहर राजीवलोचनको घरमा खोज्दै आँउदा बालक र बालिका काग दाज्यै काग भनेर खेलिरहेका हुन्छन् । जसले गर्दा घटनालाई सजीव बनाएको चर्चा थापाले गरेका छन् (पृष्ठ : १०) ।

समालोचक थापाले पात्र योजनामा बालपात्रको संरचना र तिनको नाटकीय भूमिका नेपाल चरित्र शिल्पमा नाटककार बालकृष्ण समका प्रदान भएका बालपात्रको संयोजनमा समका नाट्यकारिताको सार्थक मूल्य र आफ्नो मौलिक स्वरूप सुरक्षित रहेको तथा यसको प्रभाव समका समवर्ती र उत्तरवर्ती नाटककाहरूमा नाट्यपद्धतिमा समेत रहेको निष्कर्ष निकालेका छन् । समग्रम प्रस्तुत **रश्मि** पत्रिकामा प्रकाशित मोहनहिमांशु थापाले समका नाटकहरूमा बालपात्रको स्थान निरूपण, बालपात्रको प्रयोगले कथानक, घटनाको उत्कृष्ठता, हृदयस्पर्शीयता, जीवन्तता जस्ता विषयको उठान गरेका छन् । भाषिक प्रयोगमा सरलता, बोधगम्य शैलीको प्रयोगले प्रस्तुत समालोचनात्मक लेख उत्कृष्ट रहेको पाइन्छ ।

### ४.५.६ 'बालकृष्ण समका नाट्य प्रवृत्तिको आधारभूमि' को विश्लेषण

**रश्मि** २०४९ वाङ्मय विशेषाङ्कको पृष्ठ ३९- ४५ मा समालोचक मोहनहिमांशु थापाको *बालकृष्ण समका नाट्य प्रवृत्तिको आधारभूमि* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । जसमा समालोचक थापाले बालकृष्ण समका नाट्य प्रवृत्तिको आधारभूमि वा पृष्ठभूमि केलाउने प्रयास गरेका छन् । समालोचक थापाले समको काव्य चेतनाको अभ्युदय हुनुमा दुखको तीव्र अनुभूति, बाल्यवस्थामा आफ्ना रोगी दाईले सबैबाट पाएको ममता र स्नेहको प्रतिफलले समलाई नराम्ररी प्रभाव पारेको तथा दुखकै सचेतना र संवेदनाबाट समको भावभूमि निर्माण भएको चर्चा गरेका छन् (पृष्ठ : ३९) । थापाका अनुसार धाइका रूपमा रहेकी दिदीको असामयिक निधनले एक प्रभात स्मरण र आफ्नो मुमाको निधनले आर्यघाट काव्य प्रणयनको सुभारम्भ भएको देखिन्छ । उनको आफ्नो दिदी र छोरासँगको

वियोगान्त घटनाले समलाई निकै प्रभाव पार्‍यो । बौद्धिक सचेतना नै समको लागि आस्वस्त र विस्वस्त हुने एउटा सवल आधारभूमी निर्माण भई भावुकता भन्दा चैतन्यमा समको आस्था केन्द्रीत हुन गएको विषय हिमांशु थापाले चर्चा गरेका छन् (पृष्ठ : ४०) ।

समको नाट्यसिर्जनाको चर्चा गर्दै समालोचकले भनेका छन् । समका जीवनमा आइपरेका दुखात्मक घटना र महाविद्यालयमा प्राप्त विज्ञानको अध्ययन नै यसको मुख्य परिणाम हो । यसरी दुखानुभूति र वियोगान्त चेतनाको बौद्धिक र वैज्ञानिक रूपमा शल्यक्रिया गर्ने सममा विकसित भयो । ह्यामलेटमा जस्तो जीवन र मृत्युलाई ओल्टाइ पल्टाइ हेर्ने प्रकारका अथवा ह्यामलेट नै हुने कि नहुने जस्ता दार्शनिक प्रवृत्तिको कविताहरूले खिच्न लागेको समेत चर्चा गरेका छन् (पृष्ठ : ४०) । उनले समका नाट्य सिर्जनाको आधारभूमि केलाउदै समको जीवनमा बयालिस सालको पर्व पछि समको परिवारलाई संशयको दृष्टिले हेर्ने गरेको र चन्द्रशम्सेरले आफ्ना छोराहरूलाई समरे देख्दा कान नसुन्ने, गोज्याङ्ग्रो जस्तो देखिन्छ तर तिमीहरू नछलिनु त्यो बढो डरलाग्दो छ भन्ने जस्ता विषय समेतले समको जीवनमा संशयी प्रवृत्ति, पारिवारिक, व्यक्तिगत र तात्कालिक देशीय स्थितिबाट बौद्धिक दार्शनिक भावभूमिको संरचना गरेको कुरा समालोचकले औल्याएका छन् । समको दार्शनिक पृष्ठभूमिको निर्माण भौतिकवाद र आध्यात्मवाद बाट भएको छ । भौतिकवादी दर्शनको प्रभावमा समलाई महाविद्यालयको अध्ययन बाट भयो । सम विशुद्ध भौतिकवादी पनि होइनन् न कट्टर अनीइश्वरवादी उनी भौतिकवादको अन्तश्चेतनामा अध्यात्मवादी संवेदनामा रहेका कुरा उनले आफैले यसरी अध्यात्मवादीहरू सद्भाव सहित भौतिकवादको सुक्ष्मता मलाई आध्यात्मवाद हो भन्ने लाग्छ, सुक्ष्मातिसुक्ष्म भूत आत्मा हो । भुत देखि भित्र आत्मा छैन् भनी समको मिश्रित चेतनाको चर्चा गरेका छन् (पृष्ठ : ४२) । उनले सम अचेल ब्रह्मवादी भएका उनले वह्मलाई ईश्वरको रूपमा लिएका र यस सम्बन्धमा उनी दीर्वतामाबाट अत्यधिक प्रभावित र उत्प्रेरित भएका छन् । समले आफ्नो नियमित आकस्मिकता ग्रन्थलाई संशोधन, परिवद्धित र सम्बद्धित रूप दिन चाहेको जसको कारण अध्यात्मवादी चिन्तनको बीज रूप प्रल्हाद नाटकमा र त्यसको विकसित र परिष्कृत रूप स्वास्नीमान्छेको भाव भूमिमा प्राप्त भएको कुरा थापाले चर्चा गरेका छन् (पृष्ठ : ४३) । समको राष्ट्रवादी चिन्तनबारे टिप्पणी गर्दै समालोचक लेख्दछन् : सम पाँच दशक अघि नै राष्ट्रवादी चिन्तकको रूपमा देखापरेका छन् । उनले हामी नेपाली हौ, हाम्रो आँखा

नेपाली हुनुपर्दछ । हाम्रो हृदय नेपाली हुनुपर्दछ, भन्ने भनाइ प्रस्तुत गरेका छन् । समको राष्ट्रवादी चिन्तन जीवन दर्शनलाई इतिहासकार सूर्यविक्रम ज्ञवालीले समेत पहिल्याएको कुरा यसरी उल्लेख गरेका छन् : त्यो स्वदेशाभिमानले पूर्ण जातीयताले भरिपुर तथा प्रेमले ओतप्रोत छ तथा अन्त्यन्त राम्रौ औ चिताकर्षक छ (पृष्ठ : ४३) ।

समको रङ्गधर्मिता बारे लेख्दै समालोचक भन्दछन् : बालकृष्ण सम अर्धशताब्दी भन्दापनि बढी समय देखि राष्ट्रिय चेतनाका महान् र प्रबुद्ध रङ्गकर्मीको रूपमा प्रस्तुत भएका छन् । उनको राष्ट्रिय चिन्तनको आधारशिला दर्शन र इतिहास भएका छन् । समको भनाइमा दार्शनिक भए उड्न सकिन, राष्ट्रवादी भए घेरा नाघ्न सकिन । मानवीय चिन्तनको नाटकीय द्वन्द्व प्रल्हादमा उपलब्ध छ । राष्ट्रिय गरिमा र महिमाको वैभव अमरसिहमा पाइन्छ । प्रेमको उदात्त रूप प्रेमपिण्ड नाटकमा पाइन्छ । सात दशक देखिको निरवच्छिन्न नाट्यसाधनाबाट समले नेपाली जातिलाई राष्ट्रिय चिन्तनको निष्कर्ष रूप नेपाली दर्शनको निर्माण गरेका छन् भन समालोचक टिप्पणी गर्दछन् (पृष्ठ : ४४) । समको साहित्यिक व्यक्तित्वबारे चर्चा गर्दै उनले समको साहित्यिक व्यक्तित्वको प्रारम्भिक विद्रोहको रूप कुण्ठित रह्यो । कालान्तरमा आफ्ना रचनामा बौद्धिक विद्रोहकोरूपमा अभिव्यक्त भएको पाइन्छ । विद्रोहको रूप छन्द विधान, शिल्पविधान, भावभूमिको संयोजन, बौद्धिक सम्प्रेषण आदिमा पाइन्छ (पृष्ठ : ४४) । समको प्रेरणा र प्रभाव बारे चर्चा गर्दै सममा बाल्ट, हिवट्म्यान, टीएस इलियट, एज्रा पाउण्डको प्रभाव पर्दै गएपछि उनको बौद्धिक विद्रोहमा निहित उक्ति वैचित्रय र वैविध्यले गर्दा तत्कालीन जनमानसका लागि नितान्त नवीन तर दूर्बोध्यको रूपमा प्रस्तुत भयो भनी समालोचकले वर्णन गरेका छन् (पृष्ठ : ४४) । समको कठिनाइ बारे प्रष्ट पार्दै थापाले भनेका छन् । प्रल्हादको प्रर्दशनको क्रममा समलाई कट्टर नास्तिकको आरोप लाग्यो । यही निहुँमा त्यसबेलाका जल्दाबल्दा राणाहरू समलाई देशनिकाला गर्न चाहन्थे । योजनाअनुसार निष्काशन गर्ने प्रल्हादको प्रर्दशन स्थगित गर्नाले सम बचेका समेत हिमांशुले चर्चा गरेका छन् (पृष्ठ : ४५) ।

समको विद्रोह साहित्यको वौद्धिक परिवेशमा मात्र सीमित र केन्द्रित भएको कुरा औंल्याउदै थापाले न म राणाहरूको प्रिय शान्तिवादी नै बन्न सके न राणा विरोधी दलको क्रान्तिकारी नै हुन सके, अतः म बीचमा परे भनी समको समन्वयात्मक प्रवृत्तिको विकास भएको चर्चा गरेका छन् (पृष्ठ : ४५) । यसै भाव धारामा समन्वयात्मक जीवन शैलीको मात्र

होइन्, साहित्यको नयाँ शैलीको मात्र होइन् समको नाट्य शैलीको पनि निर्माण भएको तथा समको समन्वयवादी प्रवृत्तिमा उनको आफ्नै जीवन दर्शनको मितिमा संरचना भएको र त्यसलाई त्यसबेलाको आफ्नो पारिवारिक स्थिति र राजनैतिक कारणले पनि प्रष्ट पारेको निष्कर्ष थापाले प्रस्तुत गरेका छन् (पृष्ठ : ४५) । समग्रमा **रश्मि** वाङ्मय विशेषाङ्कमा प्रकाशित प्रस्तुत लेखमा बालकृष्ण समको साहित्ययात्रा, नाट्ययात्रा, नाट्ययात्राको पृष्ठभूमि, उनका प्रभाव र प्रेरणाका स्रोतहरू, जीवनका उतारचढाव, भोगाइहरूलाई थापाले संक्षेपमा सटिक वर्णन गरेका छन् । भाषिक प्रयोगमा प्रस्तुत लेखमा सरल, सहज र बोधगम्यताको ख्यालगरी उत्कृष्ट समालोचनात्मक लेख सावित भएको देखिन्छ ।

### ४.५.७ 'नाट्यनिर्देशन र अभिनयमा समको योगदान'को विश्लेषण

**गरिमा** २०५० माघको पृष्ठ ८१ -८४ मा समालोचक मोहनहिमांशु थापाको *नाट्य निर्देशन र अभिनयमा समको योगदान* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा थापाले नाट्य निर्देशन र अभिनयमा बालकृष्ण समले गरेका योगदानको सङ्क्षिप्त समीक्षा गरिएको छ । बालकृष्ण समको नाट्यशिल्पलाई चिनाउदै समालोचक भन्दछन् : नेपाली नाट्य साहित्यमा नाटककार बालकृष्ण समले आफ्नो विशिष्ट युगको संरचना गरेका छन् । करिव ६ दशक लामो नाट्ययात्राको क्रममा नाट्य लेखन, निर्देशन, मञ्चन र अभिनयद्वारा उनले आफुलाई एक महान् रङ्गकर्मीको रूपमा प्रस्तुत गरेका छन् (पृष्ठ : ८१) । उनको नाट्यप्रेरणा बारे चर्चा गर्दै थापाले वि.स. १९७१ मा आफ्नै दाजु पुष्कर शम्सेरको कोठामा प्रर्दशित थिएटरमा सर्वप्रथम बालकृष्ण समले राजकुमारीको अभिनय गरेका हुन् । १९७८ मा म्याट्रिक परिक्षा दिन कलकत्ता पुगेका सम अल्फ्रेड थिएटरमा प्रर्दशित **मर्चेन्ट अफ भेनिस** र **ओथेलो** बाट प्रभावित भएका थिए र इम्पायर थिएटरको स्वभाविक अङ्ग्रेजी नाचले अभिनय सम्बन्धी समको धारणामा धेरै प्रभाव परेको देखिन्छ । त्यस्तै १९८६ मा **ब्ल्याङ्क भर्स**मा जस्तै समले नाटकीय ढङ्गले नेपाली बोल्ने अभ्यास गरेको थाहा पाइन्छ भनी थापाले चर्चा गरेका छन् (पृष्ठ : ८१) । समको नाट्य निर्देशन सुरुवातको वर्णन गर्दै थापाले वि.स. १९९३ मा सर्वप्रथम अङ्ग्रेजी नाटक **कोलम्वस**को निर्देशन गरेको जसमा एक जना पात्रको भूमिकाको रूपमा गंगालालले लेखेका छन् । १९९४ मा **प्रेम**को मञ्चन भएको जसमा कृष्णप्रसाद रिमाल र श्यामकृष्ण भट्टराइले अभिनय गरेका चर्चा गरेका छन् (पृष्ठ : ८१) । अर्को नाटक प्रेमको नाट्यनिर्देशन समले नै

गरेका थिए । त्यस्तै **मुकुन्द इन्दिरा**को दरवार स्कुलका छात्राहरूले १९९५ मा सार्वजनिक रूपमा प्रदर्शन गरेका थिए । जसमा कृष्णप्रसाद रिमाल, रामकेशरी बस्नेत, श्यामकृष्ण भट्टराइ, सुन्दरराज चालिसे र गोपीनाथ अर्यालले अभिनय गरेको चर्चा गरेका छन् (पृष्ठ : ८१) । मुकुन्द इन्दिरालाई पनि सम आफैले निर्देशन गरेका थिए । मुकुन्द इन्दिरा कै मञ्चबाट विजयमल्लमा नाट्य चेतनाको अभ्युदय भएको समेत थापाले चर्चा गरेका छन् (पृष्ठ : ८२) ।

समको अर्को नाटक **प्रल्हाद**को १९९६ मा मञ्चन भएको जसमा गोपीनाथ अर्याल, कृष्णप्रसाद रिमाल र हरिप्रसाद रिमाल रहेका र निर्देशन सम आफैले गरेको चर्चा गरेका छन् (पृष्ठ : ८२) । **प्रल्हाद**को मञ्चनले शासक वर्गम ठुलो हलचल ल्याएको, १९९७ को शहिद पर्व मच्चियो जसको फलस्वरूप **अन्धवेग**को प्राभ्यास बन्द गर्नु पऱ्यो । यसमा श्यामकृष्ण भट्टराई, गोविन्दप्रसाद तिमिल्सिना, रामकेशरी बस्नेत र विष्णुप्रसाद धितालले अभिनय गरेको चर्चा गरेका छन् । अर्को नाटक **धुव्र** डिल्ली बजारका युवा समुदायद्वारा प्रदर्शन भएको थियो । नाटकमा जागरण ल्याउने उद्देश्यले समको अध्यक्षतामा गठित गौरीशंकर नाट्य समुदायले वि.स. २००० मा **उ मरेकी छैन** को प्रदर्शन गरयो । यसमा कृष्णप्रसाद रिमाल, गोपालप्रसाद रिमाल र हरिप्रसाद रिमालले अभिनय गरेको चर्चा थापाले गरेका छन् (पृष्ठ : ८२) । समको **म** को प्राभ्यास २००२ सालतिर गौरीशंकर नाट्य समुदायले गरेका तर बीचमै रोकिएको जानकारी पाइन्छ, त्रिचन्द्र कलेजमा चिन्तनको प्राभ्यास शुरु भएको उल्लेख सम्म पाइन्छ भनी थापा बताउँछन् (पृष्ठ : ८२) । अर्को समको नाट्यनिर्देशन बारे थापाले २०१० सालमा नेपाली विद्यार्थी स्वागत समारोह समिति प्रचार विभागको आयोजनामा प्रर्दर्शित **जुलियस सिजर**को निर्देशन समेत समले गरेको पाइन्छ । यसम समले एण्टोनियोको भूमिका खेलेका थिए । २००७ सालमा पछि अभिनय क्षेत्रमा समको यो पहिलो प्रवेश भएको जानकारी थापाले दिएका छन् (पृष्ठ : ८३) । त्यस्तै २०११ सालमा मञ्चित **अमरसिह**को नाट्यनिर्देशन समबाट भएको र अमरसिहको भूमिका सम आफैले निर्वाह गरेको र अन्य पात्रहरूमा गोपीनाथ अर्याल, एक बहादुर क्षेत्री, जनार्दन सम, पुष्प नेपाली र रश्मि राज्यलक्ष्मी देवी हुन् जुन नेपाली रङ्गमञ्चमा पहिलो समको अभिनय भएको चर्चा थापाले गरेका छन् (पृष्ठ : ८३) । वि.स. २०१३ मा समका दुईनाटक **राजेन्द्रलक्ष्मी** र **हरिततारा** अभिनीत भएका जसमध्ये श्री ५ महेन्द्रको शुभ राज्याभिषेकको

शुभ उपलक्ष्यमा राजेन्द्रलक्ष्मी र चतुर्थ विश्व बौद्ध सम्मेलनको उपलक्ष्यमा कलामण्डलद्वारा हरिततारा मञ्चन भएको र दुवै नाटकको निर्देशन समले नै गरेको चर्चा गरेका छन् (पृष्ठ : ८३) ।

वि.स. २०२० सालमा रोयल नेपाल एकेडेमीको आयोजनामा **मुकुन्द इन्दिरा**को प्रस्तुति भएको जसमा भवदेवको रूपमा सम, मुकुन्दको रूपमा जनार्दन सम, इन्दिराको रूपमा कुमारी भुवनले अभिनय गरेका बताएका छन् । त्यस्तै २०२२ सालमा ऐकेडेमीद्वारा **प्रल्हाद**को प्रदर्शन भयो । जसमा हिरण्यकश्पूको भुमिकामा समले खेलेको र निर्देशन आफैले गरेको समेत चर्चा गरेका छन् (पृष्ठ : ८३) । वि.स.२०२३ सालमा मोतिरामको जन्म शताब्दी तथा अन्य लेखक कविहरूको सामुहिक जयन्तीको उपलक्ष्यमा मोतिराम मञ्चन भएको र यसै वर्ष राष्ट्रिय नाचघरमा **अमितवासना** प्रदर्शन भएको जसको निर्देशन पनि समले नै गरेका चर्चा थापाले गरेका छन् (पृष्ठ : ८४) । समको नाट्य निर्देशनको पनि २०२३ नै भएको भन्दै सम आफैमात्र होइन् समले आफ्नो सम्पूर्ण परिवारलाई र नातेदारलाई रङ्गमञ्चको निर्देशन र अभिनयका क्षेत्रमा विशिष्ट भूमिका रहेको चर्चा गरेका छन् (पृष्ठ : ८४) । नाट्यलेखन, निर्देशन, मञ्चन र अभिनयको माध्यकद्वारा रङ्गमञ्चिय क्षेत्रमा बालकृष्ण समले आफ्नो छुट्टै युगको निर्माणमा विशिष्ट योगदान दिएको निष्कर्ष समालोचक थापाले निकालेका छन् । समग्रमा **गरिमा** पत्रिकामा प्रकाशित प्रस्तुत लेखमा समको नाट्यनिर्देशित नाटकहरूको सङ्क्षिप्त चर्चा गरिएको छ । उनका नाटका अभिनय गर्ने कलाकारहरूको परिचय तथा उनले निर्देशन गरेका नाटकहरूको सङ्क्षिप्त चर्चा यसमा गरिएको छ । भाषिक रूपमा प्रस्तुत लेखमा सरल सहज बोधगम्य भाषाको प्रयोगले जुनसुकै पाठकलाई पनि सहजै ग्रहण गर्न सकिने देखिन्छ ।

### ४.५.८ 'बालकृष्ण समका साहित्य चेतना' को विश्लेषण

**गोरखापत्र**मा २०५० माघ २३ गते समालोचक मोहनहिमांशु थापाको *बालकृष्ण समका साहित्य चेतना* शीर्षकमा समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा बालकृष्ण समको साहित्य चेतनाको उद्भव, विकास, र उत्कर्ष बारे सङ्क्षिप्त टिप्पणी गरिएको छ । बालकृष्ण समबारे टिप्पणी गर्दै समालोचक भन्दछन् : समकालीन नेपाली साहित्यको पृष्ठभूमिमा नाटककार बालकृष्ण सममा प्राप्त भएको साहित्य चेतना एउटा आवश्यक र अनिवार्य अङ्गको रूपमा विकसित भएको देखिन्छ । नेपाली साहित्यमा समको

प्रवेश एउटा विशिष्ट युगान्तकारी घटनाको रूपमा प्रस्तुत भएको पाइन्छ । काव्य संरचनाबाट सुभारम्भ भएको समको साहित्य चेतना नाट्य विधामा आएर उत्कर्षता प्राप्त गरेको मात्र नभएर नाटकमा सर्वश्रेष्ठता पनि प्राप्त गरेको चर्चा गरेका छन् । समको साहित्यिक चेतनाबारे उल्लेख गर्दै थापाले समको साहित्य चेतनाको प्रारम्भिक रूप काव्य हो भने त्यसको उत्कर्ष रूप चाहि नाटक हो । समका दाजु पुष्कर शम्सेर रोगी भएकोले उनलाई घरपरिवारले बढी माया गरेको देखि मलाई पनि रोगी बनाइ देउ ईश्वर भनी प्राथना गरेको समेत बताएका छन् । उनलाई प्रेरित गर्नमा घरमा धाइ सुसारेहरूले रामायण र महाभारतको पाठ गरेको ध्वनि प्रतिध्वनित भइरहन्थ्यो । घरमा दिउसो तालिम, सङ्गीतको माहौल भएको र पाल्पाबाट फर्केपछि पिता समर शम्सेर कविता लेखेको देखेपछि समको मनमा पनि काव्य प्रणयनका लागि मनोबल र आत्मविश्वास बढेको चर्चा गरेका छन् ।

समालोचक थापाका अनुसार समले आठ वर्षको उमेरमा दुई पंक्तिको र नौ वर्षको उमेरमा **इस्सोर** कविताको रचना गरे । त्यसपछि लालचन रचना गरे । त्यसपछि १९७३ मा लेखनाथको **बुद्धिविनोद** १९७४ मा **सुक्तिसिन्धु** र १९७५ मा **सत्यकलिसंवाद** बाट सम प्रभावित र प्रेरित भएको कुरा चर्चा गरेका छन् । त्यस्तै दरवार हाइस्कुलका हेडमास्टर शारदाबाबुबाट सेक्सपियर र उनको **ब्ल्याङ्क भर्स** बारे चर्चा सुन्दा सम निकै उत्प्रेरित भएको चर्चा गरेका छन् । उनको आफ्नै घरको वातावरणले पैतृक सम्पत्तिको रूपमा काव्यचेतना प्राप्त भयो । त्यस्तै पश्चिमी साहित्यको आस्वादनबाट समलाई पारम्परिक शैली देखि भिन्न शिल्प विधानको लागि सबल आधारभूमि भएको चर्चा हिमांशुले गरेका छन् । साहित्यिक वातावरणको चर्चा गर्दै थापाले घरको नाटकमय र सङ्गीतमय वातावरण संस्कारमा जन्मेका बालकृष्ण सम सर्वप्रथम काव्य सिर्जनामा अभिप्रेरित भए । काव्य सिर्जनाको संस्कार आफ्नै पिता समर शम्सेरबाट र नाटक सिर्जनाको प्रेरणा आफ्नै बाजे डम्बर सम्शेरबाट प्राप्त भयो तर आफ्नो विशिष्ट शैली सन्धान भने अङ्ग्रेजी साहित्यका महान् नाटककार विलियम सेक्सपियरको प्रभाव र प्रेरणाको महत्त्वपूर्ण भूमिका रहेको चर्चा थापाले गरेका छन् । नेपाली नाटक रचनामा समको योगदानको चर्चा गर्दै थापाले समको घरमा थिएटर परम्परा थियो जहाँ उर्दू र हिन्दी मिश्रित भाषामा मन्चन हुन्थे । एक पटक समका साथी रद्रराजले नेपालीमा नाटक भए कस्तो राम्रो हुन्थ्यो भन्ने विचार प्रकट गर्दा समका दाजु पुष्कर सम्शेरले नेपालीमा नाटक हुनै सक्दैन भन्ने कुरा गर्दा तर्कवितर्क हुँदा रुद्रराजको तर्क प्रति समको सहमति जनाउँदै समलाई त्यसले निकै प्रभावित बनायो ।

विद्यालय अध्ययन क्रममा मित्र तारापद मुर्कजीबाट सर्वप्रथम सेक्सपियरको नाटक **रोमियो जुलियट**को आस्वादन गर्ने अवसर पाए र हेडमास्टर शारदाबावुको सेक्सपियरको नाटक **ब्ल्याङ्क भर्स** महत्ता र विशेषता सम्बन्धी विवेचनाबाट सम प्रेरित र प्रभावित भएको चर्चा गरेका छन् । त्यस्तै कोष र टिकाको आधारमा समले घरमै लिएर **हेमलेट, म्याकबेथ, ओथेलो, रोमियो जुलियट** को अध्ययनपछि नेपालीमा नाटक लेख्ने प्रेरणा प्राप्त गरेका चर्चा गरेका छन् । वि.स. १९७७ मा दाजु पुष्कर सम्शेरले कलकत्तामा **रोमियो जुलियट** हेरेको पत्रले प्रभावित भइ त्यसको फलस्वरूप **मिलिनद** नाटकको रचना गरेको चर्चा समेत हिमांशुले गरेका छन् । त्यसको एक वर्षपछि समले **तानसेनको झरी** रचना गरेको बताएका छन् । म्याट्रिक परिक्षा दिन जादा कलकत्तामा **मर्चेन्ट अफ भेनिस** र **ओथेलो** हेरेपछि किशोर समलाई गहिरो प्रभाव परेका र त्यसपछि दरबार हाइस्कुल र त्रिचन्द्र कलेजका अङ्ग्रेजी साहित्य र नाटकको अध्ययन गर्ने अवसर समलाई प्राप्त भएको चर्चा थापाले गरेका छन् । नाट्य सिर्जनाको लागि पूर्वीय नाट्य शिल्प, पश्चिमी नाट्यकलाको अध्ययन नाटककार समको लागि प्रेरक तत्व सिद्ध भएको र यसै पृष्ठभूमिमा समको आफ्नो नाट्य संरचना र सम्बर्द्धनमा यस प्रकारको चेतनाले अद्वितीय भूमिका निर्वाह गरेको निष्कर्ष समालोचक थापाले निकालेका छन् । समग्रमा **गोरखापत्र**मा प्रकाशित प्रस्तुत लेखमा समालोचक थापाले बालकृष्ण समको साहित्य यात्राको आरम्भ, विकास र उत्कर्ष सम्मका चरणहरूको सङ्क्षिप्त चर्चा गरेका छन् । भाषिक रूपमा प्रस्तुत समालोचनात्मक लेख सरल शैलीमा पाठकले सहजै बुझ्ने खालको तथा बोधगम्य तथा ग्रहणीय भाषिक प्रयोगले प्रस्तुत लेख उत्कृष्ट बन्न पुगेको छ ।

### ४.५.९ 'नेपाली नाट्य परम्परामा रिमालको नाट्यशिल्प' को विश्लेषण

**वृहत् नेपाली समालोचना** कृतिमा मोहनहिमांशु थापाको *नेपाली नाट्य परम्परामा रिमालको नाट्यशिल्प* सन् १९८९ (२०४५) पौषमा पृष्ठ ९१ -१०१ सम्म समालोचनात्मक लेख प्रकाशित छ । प्रस्तुत लेखमा गोपालप्रसाद रिमालको नाट्यशिल्प, उनको नाट्ययात्रा, प्रवृत्तिहरू तथा नाट्य प्रेरणाको बारेमा सङ्क्षेपमा प्रस्तुति गरिएको छ । नेपाली नाट्य जगत्को पृष्ठभूमि केलाउँदै समालोचक थापाले भनेका छन् : नेपाली नाट्यकलाको जन्म हुनु अघि संस्कृत, नेवारी र मैथली नाट्य कलाले सिर्जना गरेको वातावरण र परिवेश थियो । मौलिक तथा आधुनिक नाटककालागि पूर्वाभ्यास संस्कृत नाट्यशिल्पकै रङ्गमञ्चमा भयो । संस्कृत भाषाको प्रभाव बारे चर्चा गर्दै थापाले नाटकमा मात्र होइन् भाषा, वाङ्मय र साहित्यमा समेत संस्कृतको अनिवार्य परम्पराको प्रभाव परेको छ (पृष्ठ : ९१) ।

नाट्य परम्परामा मोतिराम भट्टको योगदान बारे चर्चा गर्दै थापाले मौलिक नेपाली नाट्य रचना र शिल्पको सम्भावनाको लागि विभिन्न क्षितिजहरू उघारे, नाटकीय सरलता, लघुता, सङ्क्षिप्तता र क्रियाशिलता तथा जनमानसको नाटकप्रति रुचि परिष्कारको सबल आधारभूमिको रूपमा मोतिराम भट्टले विशिष्ट भूमिका प्रदान गरेको चर्चा गरेका छन् । (पृष्ठ : ९१) । समालोचकले मौलिक नाट्य सिर्जनाको प्रारम्भ बिन्दुबारे चर्चा गर्दै अटलबहादुर नाटकको रचना र प्रकाशन नेपाली नाट्य साहित्यको महत्त्वपूर्ण घटना मानेका छन् । नेपालमा अटलबहादुरद्वारा नेपाली नाट्यपरम्परामा मौलिक नाट्य सिर्जनाकोलागि एउटा सफल प्रयोग भयो भने दार्जलिङमा **अटलबहादुर** नै सबभन्दा पहिले प्रदर्शित र अभिनित नाटक भएको चर्चा गरेका छन् । जसको प्रदर्शन नाट्यकर्मी धनवीर मुखियाले गरेको चर्चा गरेका छन् (पृष्ठ : ९१) । जसले गर्दा पाश्चात्य नाट्य शिल्पको प्रवेश, नेपाल र दार्जलिङ्को नेपाली नाटकलाई जोड्ने आधार पनि भयो । जसमा पहलमानसिंह स्वारको योगदान चिरस्मणीय रहेको, वियोगान्त रूप, हास्य व्यङ्ग्यात्मकताको प्रयोग र उपयोगको दृष्टिले अद्वितीय नाटक भएको चर्चा गरेका छन् (पृष्ठ : ९२) । समालोचक थापाका अनुसार स्वारद्वारा प्रस्तुत गरिएको पाश्चात्य नाट्य शिल्पको प्रयोगलाई प्रौढ र परिष्कृत रूप दिने श्रेय नाटककार बालकृष्ण समलाई रहेको र समको आगमन अङ्ग्रेजी नाटक विधामा शेक्सपियरको आगमन जस्तै भयो, त्यसैले पाश्चात्य त्यसमा पनि शेक्सपियरको नाट्य शिल्पको प्रभाव सममा पाइएको विश्लेषण थापाको छ (पृष्ठ : ९२) । समालोचकले बालकृष्ण समबारे थप चर्चा गर्दै नेपाली नाट्परम्परामा समलाई नेपाली नाटकको लघु इतिहासको रूपमा लिन सकिने र **मुटुको व्यथा** देखि **भीमसेनको अन्त्य** जस्ता नाटकहरू नेपाली रङ्गमञ्चमा समका विभिन्न पदचापहरू रहेको औल्याएका छन् । (पृष्ठ : ९३) । समालोचकले भीमनिधी तिवारीको योगदान बारे बताउँदै तिवारीको नाट्य शिल्पमा यथार्थिक नाट्यशैलीको प्रयोग र प्रयास पाइन्छ । तिवारीको नाट्यशिल्पमा वस्तुको स्वरूप, प्रयोग र प्रतिपादनमा पूर्वीय नाट्यकलाको रूप पाइन्छ भने रङ्ग निर्देशन, अङ्क प्रयोग, दृश्यविभाजन र संवादको दृष्टिले पाश्चात्य नाट्य रचना र शैलीको उपयोग भएको स्पष्ट देखिने चर्चा गरेका छन् (पृष्ठ : ९३) ।

नाट्य जगत्मा गोपालप्रसाद रिमालको आगमनबारे समालोचकले यसरी चर्चा गरेका छन् : समको स्वच्छन्दतावादी प्रवृत्ति र रचनाशैलीको नेतृत्वमा नाट्यशिखरको निर्धारण भइरहेको बेला नाटककार गोपालप्रसाद रिमालको प्रवेश भयो जसले नाटकको

आधुनिकता, विविधता, नवीनता र विशद् उपत्यकाको निर्धारण गऱ्यो । सर्वप्रथम नेपाली नाटकमा नारी स्वतन्त्रता र समानताको स्वर रिमालका नाटकमा ध्वनित र नारी विद्रोह प्रथम रूपमा रिमालका नाटकमा भएको चर्चा थापाले गरेका छन् (पृष्ठ : ९३) । नारी विद्रोह बारे रिमालको स्थान औल्याउँदै थापाले विद्रोहको स्वर समको नारी पात्र इन्दिरा र तिवारीका नारी पात्र शुशीलापछि रिमालका गंगा र युवती जस्ता नारीपात्रमा क्रमिक रूपमा हुदै गयो, रिमालका नाटकमा वस्तुपात्र, शैली, संवाद र वातावरणमा बौद्धिकता पाइने कुरा बताउँछन् । थापाका अनुसार नेपाली नाट्य जगतमा रिमालको आगमन एउटा विरोध, विद्रोह र क्रान्तिको सुत्रपात हो । यो एकातिर विद्रोह र क्रान्तिको रोमाण्टिकवादी प्रवृत्ति र शिल्पको विरुद्ध थियो भने अर्कोतिर आधुनिकतामा विशद्ता, आर्दर्शोन्मुखतामा यथार्थता र भावुकतामा बौद्धिकताको आग्रह थियो भन्ने विचार थापाको छ (पृष्ठ : ९४) । गोपालप्रसाद रिमालका प्रवृत्तिहरूलाई चर्चागर्दै समालोचकले रिमाल नै नेपाली नाटकको यथार्थवादी नाट्यशिल्पको सुत्रपात गर्ने व्यक्ति हुन् जसले प्रथम पटक मध्यमवर्गीय परिवार त्यसको समस्या, मर्म चित्रण प्रस्तुत गरेका छन् । उदाहरण दिँदै थापाले यो प्रेमको आधारभूमि पनि मध्यम वर्ग हो, त्यस्तै मसान पनि मध्यम वर्गीय परिवारकै घटना रहेको बताएका छन् ।

रिमालबारे विवेचना गर्दै थापाले नाटय् अवस्थाको सङ्क्षिप्त, लघु र क्षिप्र रूप रिमालबाटै अविभवि भयो सम र तिवारीको तुलनामा रिमालको नाट्यकलामा सङ्क्षिप्तता, सक्रियता र प्रभावकारिता पाइन्छ (पृष्ठ : ९६) । उनको वस्तु निर्धारणमा विश्लेषण परिस्थिति र उद्घाटन पाइन्छ । जसको ज्वलन्त उदाहरण **मसान** हो । **यो प्रेम**बारे समीक्षा गर्दै समालोचकले यो प्रेमलाई विश्लेषणात्मक शैलीको रूपमा लिन सकिन्छ । नाटकको सुरु देखि अन्त्य सम्म विश्लेषणको आलोकद्वारा क्रमशः आलोकित हुँदै गएको विषय चर्चा गरेका छन् (पृष्ठ : ९६) । त्यस्तै **मसान** नााटकबारे चर्चागर्दै थापाले मसानका ठाँउठाँउमा नाटकीय विडम्बनाको प्रयोग स्तुल्य छ । विडम्बनाको मूर्त रूप नारी पात्रमा पाइन्छ । नारीको मार्मिक र यथार्थिक रूपलाई आलोच्य नाटकको मूल केन्द्रविन्दुको रूपमा प्रस्तुत भएको बताएका छन् । नारी समस्या प्रस्तुति नै **मसान**को मनस्थिति हो । यो स्त्री समस्या प्रधान नाटक हो । यस्तै नारीपात्र प्रधान नाटक पनि हो । त्यस्तै **यो प्रेम** नाटकबारे चर्चा गर्दै थापाले यसमा विश्लेषणलाई नाटकीय साँचोमा ढालिएको छ । वंशगत संस्कार तथा यसको समावेश र दुरगामी प्रभावले पनि **यो प्रेम** मा नाटकीय निर्वाह भएको छ । भनी समालोचक बताउँछन् । (पृष्ठ : ९७) । सम र तिवारीका भन्दा भिन्न भावलाई रिमालको विशेषता बताउँदै

समालोचकले भनेका छन् : सम र तिवारीका नाट्य परम्परामा पाइने स्वगतकथन, गीत, श्लोक, पद्य आदिको पूर्ण बहिष्कार रिमालले गरेका छन् । समको बौद्धिक गद्य र अनुप्राशहीन पद्यको त्यस्तै तिवारीको अतिसरल गद्यको प्रयोगको बीचमा सन्तुलित र परिष्कृत गद्यको उपयोग रिमालमा पाइन्छ ।

मसानमा मार्मिक र कलात्मक गद्यको प्रयोग र यो प्रेममा तार्किक र विश्लेषणात्मक कोमल गद्यको प्रयोग भएको बताउँछन् (पृष्ठ : ९९) । रिमालको नाटकमा प्रयोग गरिने अङ्क तथा दृश्यहरू सङ्ख्यात्मक रूपमा कम पाइन्छन् । **मसान** नाटकमा ५-५ दृश्य भएका दुई अङ्क, **यो प्रेम**मा तीन अङ्क र तीन दृश्य समावेश गरिएको चर्चा गरेका छन् । नाटक रचनामा सङ्कलन त्रय, स्थान, समय र कार्यको एकता हुने र एउटै स्थानलाई नाटकको आधारभूमि बनाउनु यसको उद्देश्य रहेको बताउँछन् (पृष्ठ : १००) । ग्रीसका नाट्याचार्य अरस्तुले पनि आफ्नो ग्रन्थमा त्रयान्वितिको निर्वाहको जोड दिएको विषय उल्लेख गरेका छन् । तथापि अन्वितित्रयको विरोध सम र तिवारीले गरेका बताएका छन् तर रिमालले कार्योन्मुखतामा विशेष ध्यान दिएपनि स्थान र समयको निर्वाह गर्न पनि पुगेका छन् । अन्वितित्रयको दृष्टिले रिमालका नाटक नेपाली नाटकमा विशिष्ट प्राप्ति हुन् । **मसान** समयको दृष्टिले ९ महिना र स्थानको दृष्टिले कृष्णकै घरका दुई तीनकोठामा प्रयोग गरिएको छ (पृष्ठ : १०१) । रिमालले आधुनिक नेपाली नाट्य शिल्पलाई व्यापकता, विशदता र विविधता दिएका छन् । मसानले नेपाली नाट्यपरम्परामा यथार्थवादी नाट्य शैलीको उद्घाटन भएको छ । रोमाण्टिक परम्परा र प्रवृत्तिको लागि **मसान** नाटक मसान सिद्ध भएको छ । समस्यामूलक नाट्य रचनाद्वारा नेपाली नाट्य जगत्मा बुद्धिवादको घोषणा गरेका छ । त्यस्तै नेपाली नाटकको शिल्प विधिको विकासमा एउटा याम र आयाम दिएको छ यस्तै एउटा नयाँ लोक र आलोक दिएको चर्चा समालोचक थापाले प्रस्तुत लेखमा गरेका छन् । समग्रमा प्रस्तुत लेखमा थापाले नेपाली नाट्य साहित्यमा गोपालप्रसाद रिमालको आगमन, उनका मुख्य प्रवृत्तिहरू, पूर्वीय र पाश्चात्य परम्परासँग नाटकको तुलना, सम, तिवारी र रिमालसँगका नाट्यशिल्पगत विभिन्नताहरूको सटिक वर्णन यहाँ गरेका छन् । भाषिक प्रयोगका सम्प्रेषणीयता जस्ता गुणले उनका लेख रचनाहरू सरल, सहज र बोधगम्य भएकोले प्रस्तुत लेख भाषिक दृष्टिले पनि उत्कृष्ट बनेको छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

मोहनहिमांशु थापाको समालोचनाकारिताको अध्ययन गर्ने क्रममा यस शोधपत्रलाई विभिन्न परिच्छेदमा अध्ययन विश्लेषण गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेदमा यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा विषय परिचय, समस्याकथन, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा मोहनहिमांशु थापाको सङ्क्षिप्त परिचय दिइएको छ । वि.स. १९९३ साल, चैत्र ५ गते काठमाडौँको गोकर्णमा उनको जन्म भएको हो । उच्च शैक्षिक वातावरण र सैनिक सेवामा उच्च पद प्राप्त गर्न सफल परिवारमा उनको जन्म भएको पाइन्छ । बुबाको जागिर जीवनको अवकाशपछि विविध पारिवारिक समस्याका कारण उनको पढाइमा समेत अवरोध आए पनि उनले प्राध्यापन सँगसँगै उच्च अध्ययन गरी विद्यावारिधिसम्मको पढाइ पुरा गरेको पाइन्छ । वि.स. २०२५ सालमा उर्मिला कार्कीसँग विवाह भई उनका दुई छोराहरूको साथ पारिवारिक जीवन बिताइरहेको पाइन्छ । यस क्रममा उनी विविध सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध, प्राध्यापन पेसामा आबद्धता, साहित्यिक लेखनमा आबद्धता रही उनको जीवन अगाडि बढेको पाइन्छ । नेपाली साहित्यका कविता, कथा, अनुवाद र समालोचना जस्ता क्षेत्रमा उनले कलम चलाएको पाइन्छ । समालोचना लेखनमा उनको विशेष रुचि रहेको पाइन्छ । कृतिगत रूपमा **साहित्य परिचय** (२०३६) र विविध पत्रिकाहरूमा फुटकर समालोचनाहरू लेखेको पाइन्छ ।

अत्यन्त सरल, हसिला र मिजासिला स्वभावका मोहनहिमांशु नेपाली साहित्यका क्षेत्रमा सफल व्यक्तित्व मानिन्छन् । उनको साहित्यिक व्यक्तित्वभित्र कविव्यक्तित्व, अनुवादक व्यक्तित्व, समालोचक व्यक्तित्व, कथाकार व्यक्तित्व तथा साहित्येत्तर व्यक्तित्वभित्र प्राध्यापक, बहुभाषी व्यक्तित्व, सम्पादक व्यक्तित्व, सामाजिक व्यक्तित्व जस्ता विभिन्न आधारमा छुट्याएर अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा मोहनहिमांशु थापाको समालोचनायात्रालाई निरूपण गरिएको छ । वि.स. २००७ सालपछिको प्रजातान्त्रिक खुला वातावरणपछि उनले नेपाली साहित्यमा कलम चलाएको पाइन्छ । वि.स. २००८ तिर कथाहरू रचना गरी रेडियो नेपालबाट प्रसारण गर्ने गरेको पाइन्छ । औपचारिक साहित्ययात्रा भने २०११ सालमा **शारदा** पत्रिकामा प्रकाशित *कैयौँ गीतको लहर छुट्यो* शीर्षकको कविताबाट भएको पाइन्छ । समालोचनायात्रा हेर्दा वि.स. २०२१ सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित *उनी देवता हुन्मा एक दृष्टि* शीर्षकको फुटकर समालोचना लेखबाट भएको पाइन्छ । उनको समालोचनायात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । वि.स. २०२१ देखि २०३५ सम्म पहिलो चरण र २०३५ देखि हालसम्म दोस्रो चरण छुट्याइएको छ । पहिलो चरणमा फुटकर समालोचना रचना गरी प्रभावपरक समालोचकका रूपमा चिनिएका छन् भने दोस्रो चरणमा **साहित्य परिचय** कृति प्रकाशन भएपछि सैद्धान्तिक समालोचकका रूपमा स्थापित भएका छन् । साथै नाट्य विधा सम्बद्ध समालोचकका रूपमा समेत चिनिएका छन् ।

चौथो परिच्छेदमा मोहनहिमांशु थापाको समालोचनात्मक कृति र फुटकर समालोचनाहरूको विश्लेषण गरिएको छ । उनको **साहित्य परिचय** कृतिको विश्लेषण गर्दै यसमा प्रयोजनपरक साहित्य खण्ड अन्तर्गत साहित्यको परिभाषामा साहित्यलाई जीवन र जगत्को भोगाइका क्रममा प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हो भनी बताएका छन् । साहित्यहेतु अन्तर्गत प्रतिभा, व्युत्पत्ति र अभ्यासको व्याख्या गरिएको छ । साहित्यको प्रयोजनमा साहित्यलाई मनको शुद्धीकरण गर्ने र आनन्दानुभूति ल्याउने वस्तुका रूपमा चिनाइएको छ । विधागत परिचय खण्डमा कविता, गीत, गजल, महाकाव्य, खण्डकाव्य जस्ता विधाहरूको उत्पत्ति, प्रयोग, परिभाषा, मान्यताहरूलाई विश्लेषण गरिएको छ । काव्यकला खण्डअन्तर्गत रस, अलङ्कार, छन्दगत प्रकार र मान्यताहरूलाई क्रमिक रूपमा समावेश गरी पूर्णता दिइएको छ । त्यस्तै फुटकर समालोचनाहरूको विश्लेषण गर्दै उनको प्रथम फुटकर समालोचना *उनी देवता हुन्मा एक दृष्टि*को विश्लेषण गर्दै हृदयचन्द्रसिह प्रधानको यस एकाङ्कीमा रहेका एकाङ्कीहरू र तिनका विशेषताहरूको टिप्पणी गरेका छन् । यस्तै प्रकारले अन्य समालोचनाहरूको विश्लेषण गरिएको छ ।

## ५.२ निष्कर्ष

वि.स. १९९३ साल चैत्र ५ गते काठमाडौँको गोकर्णमा जन्मिएका समालोचक मोहनहिमांशु थापा नेपाली समालोचना क्षेत्रमा क्रियाशील प्रमुख व्यक्तित्व हुन् । उनले काठमाडौँको सहरिया परिवेशलाई शिक्षा आर्जन र कर्मक्षेत्र बनाएर आफ्नो तीन दशक लामो समालोचनायात्रा समेत पार गरिसकेका छन् । यस बिचमा उनले गद्य र पद्यका माध्यमबाट नेपाली साहित्यका फाँटमा महत्त्वपूर्ण योगदान दिएका छन् । सम्पन्न र सैनिक सेवामा उच्च पद प्राप्त परिवारमा जन्मेका हिमांशु थापाले प्रारम्भिक शिक्षा जुद्धोदय हाइस्कुलबाट प्राप्त गरी त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर र विद्यावारिधिसम्मको शिक्षा प्राप्त गरेका छन् । नेवारी भाषामा समेत स्नातकोत्तर गरेका थापामा संस्कृत, हिन्दी तथा अङ्ग्रेजी भाषाको समेत विशेष ज्ञान रहेको छ । वि.स. २००७ सालपछिको प्रजातान्त्रिक वातावरणमा साहित्य साधनमा क्रियाशील नेपाली साहित्यका बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल आदि कविहरूको साहित्यिक सिर्जनशीलताबाट हिमांशु थापा प्रभावित भई सर्वप्रथम कविता सिर्जनामा संलग्न भएका छन् । त्यस्तै हिन्दी, उर्दू र अरेबिक प्रसिद्ध साहित्यकारहरू र पाश्चात्य चर्चित एवम् महान् साहित्यकारहरूबाट पनि उनले प्रभाव र प्रेरणा हासिल गरेका छन् । सानैदेखि स्वाभिमानी तथा मातृभूमिप्रति अगाध स्नेह र ममता राख्ने हिमांशु थापाले २०१८ सालदेखि २०५६ साल सम्म प्राध्यापन पेसामा रहेर काम गरेको पाइन्छ । त्यस्तै साहित्यिक सङ्घ संस्थाहरू, सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध भएर देशको सेवा गरेको पाइन्छ । त्यसै क्रममा उनलाई साहित्य सम्मान, गोरखा दक्षिण बाहु २०२३, शिक्षा पुरस्कार २०४३, त्रि.वि. दीर्घ सेवा पदक २०५३, महेन्द्र विद्याभूषण क श्रेणी २०५३, अमेरिकन बायोग्राफिकल इन्स्च्युट बाट विश्ववर्ष पुरुष १९९८, विभिन्न सङ्घसंस्थाहरूबाट समय समयमा अभिनन्दन गरी सम्मान प्रकट गरेको पाइन्छ । त्यसै गरी साहित्यिक गतिविध एवम् अन्य विविध कार्यका सिलसिलामा स्वदेशका अधिकांश जिल्लाहरू र छिमेकी राष्ट्र भारत लगायत रुस, पिटर्सवर्ग, उत्तरकोरिया, जापान, चीन जस्ता मुलुकहरूको भ्रमणबाट राष्ट्रिय र अन्तराष्ट्रिय गतिविधिको प्रशस्त अनुभव हासिल गरेका छन् ।

यसरी विविध किसिमका अध्ययन र अनुभव हासिल गरेका मोहनहिमांशु थापा २००७ सालपछि देशमा प्राप्त भएको उन्मुक्त वातावरण, आफ्नो परिवार, तत्कालीन

परिवेश, राष्ट्रिय र अन्तराष्ट्रिय चेतनाको प्रभाव अनि पूर्वीय र पाश्चात्य प्रसिद्ध साहित्यकारहरूको साहित्यिक कृतिहरूको अध्ययन एवम् उनी आफैँमा सानैदेखि जिज्ञासु, गुणदोष केलाउने, राम्रो पक्षको वकालत गर्ने र नराम्रो पक्षको विरोध गर्ने, प्रतिभावान्, संवेदशील प्रवृत्ति भएका व्यक्तित्व भएकाले समालोचना लेखनमा क्रियाशील भएका छन् । नेपाली साहित्यमा कविता काव्य, अनुवाद र समालोचना क्षेत्रमा उनको विशेष दखल देखिन्छ । काव्ययात्राको क्रममा उनले २००७ सालतिरै कविता लेखन सुरु गरे पनि २०११ सालमा **शारदा**मा प्रकाशित *कैयौँ गीतको लहर छुट्यो* शीर्षकको कविताका माध्यमबाट नेपाली कविताका फाँटमा प्रवेश गरेका हुन् । यिनको ५० वटा कविताहरूको सङ्कलन **खुकुरीमाथि एक चौटा बादल** २०३० प्रकाशित छ । यी बाहेक आधा दर्जन कविताहरू विभिन्न पत्रिकामा छरिएर रहेका छन् । अनुवादको क्षेत्रमा पनि समालोचक थापाले **जापानी लघुकथा** (अङ्ग्रेजीबाट नेपालीमा २०४२) र **न्यू जापानी हाइकू** (अङ्ग्रेजीबाट नेवारीमा २०४५) प्रकाशित गरेका छन् । नेपाली समालोचनायात्राको प्रारम्भ गर्नु अघि उहाँ प्राध्यापन पेसामा संलग्न भएको पाइन्छ । २०१८ सालदेखि नै रत्न राज्य लक्ष्मी कलेजमा नेपाली र नेवारी विषयको प्राध्यापन गरेका र २०२१ सालमा पद्मकन्या कलेजमा नेपाली र नेवारी विषयको प्राध्यापन गरेको पाइन्छ । यसरी प्राध्यापन पेसाले उनलाई आफ्नो समालोचक व्यक्तित्व हासिल गर्न उन्मुख र प्रेरित गरेको देखिन्छ । वि.स. २०२१ सालमा **रूपरेखा** पत्रिकाको वर्ष ४ अङ्क १२ मा *उनी देवता हुन्मा एक दृष्टि* समालोचनात्मक लेख प्रकाशन गरेर समालोचनात्मक यात्राको सुभारम्भ गरेको पाइन्छ । प्राध्यापन पेसाकै क्रममा उनले थुप्रै कविताहरू, समालोचनाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशन गरेको पाइन्छ यद्यपि पुस्तकाकार रूप भने कम मात्रामा प्रकाशन भएका छन् । त्यसपछि उनको वि.स. २०३४ साल फागुन २९ गतेको **गोरखापत्र**मा *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* शीर्षकमा फुटकर समालोचनाको रूपमा समालोचनात्मक लेख प्रकाशित छ । त्यस्तै २०३६ सालमा प्रकाशित उनको महत्त्वपूर्ण कृति **साहित्य परिचय** महत्त्वपूर्ण समालोचना ग्रन्थ साबित भएको छ जुन तत्कालीन परिवेशमा साहित्यिक कृतिको अभावपूर्तिको रूपमा प्रकाशित भयो ।

अर्को समालोचना **अभिव्यक्ति** २०३९ भाद्र अङ्कमा *नेपाली काव्ययात्रामा कविवर साम्बभक्त शर्मा सुवेदी* शीर्षकमा प्रकाशित भयो । त्यस्तै **रश्मि** २०४९ मा *बालकृष्ण समका नाट्य प्रवृत्तिको आधारभूमि,* २०४५ सालमा *नेपाली नाट्य परम्परमा रिमालको नाट्यशिल्प,*

**कुञ्जिनी** साहित्य विशेषाङ्क २०४९ मा नाटककार *बालकृष्ण सम*, **गोरखापत्र** २०५० माघ २३ मा *बालकृष्ण समका साहित्यचेतना*, **गरिमा** २०५० मा *नाट्य निर्देशन र अभिनयमा समको योगदान* जस्ता समालोचनात्मक लेखहरू प्रकाशित छन् । वि.स. २०२१ सालदेखि प्रारम्भ भई हालसम्म साधनारत समालोचक थापाको समालोचनायात्रामा निरन्तरता भने पाइँदैन । उनी २०२१ सालपछि लगभग १३ वर्षपछि मात्र समालोचनामा फर्केका देखिन्छन् । २०३४ सालमा **गोरखापत्र**मा *रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती* प्रकाशन भएपछि २०३६ सालमा **साहित्य परिचय** देखा पऱ्यो र सोही अनुरूप उनको समालोचनायात्रा अगाडि बढेको देखिन्छ । समालोचनायात्राको प्रारम्भमा २०२१ सालमा *उनी देवता हुन्मा एक दृष्टि* समालोचनात्मक लेख रूपरेखामा प्रकाशित भयो जसमा थापाले हृदयचन्द्रसिंह प्रधानको एकाङ्की सङ्ग्रहमा भएका एकाङ्कीहरूको सङ्क्षिप्त समालोचना गरेका छन् । यसमा उनले बालकृष्ण सम र पुष्कर शम्सेरले उठान गरेको एकाङ्कीलाई हृदयचन्द्रसिह प्रधानले नयाँ दिशा प्रदान गरी विकासोन्मुख यथार्थवादको समावेश गरेको कुरा चर्चा गरेका छन् । उनी देवता हुन् एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित पाँच वटै एकाङ्कीको सङ्क्षिप्त चर्चा यसमा गरिएको छ । त्यस्तै २०३४ साल, साउन २९ गते **गोरखापत्र**मा प्रकाशित *रङ्गमञ्चमा तुवाँलाले ढाकेको वस्ती* शीर्षकको समालोचनामा अशेष मल्लद्वारा रचित यस नाटकको सफलता र असफलता केलाएका छन् । रङ्गमञ्चीय दृष्टिले सो नाटकको विषयवस्तु, पात्र, परिवेश र घटनाको सङ्क्षिप्त चर्चा गरेका छन् । २०३६ सालमा साझा प्रकाशनद्वारा प्रकाशित **साहित्य परिचय** नामक समालोचना कृतिमा नेपाली साहित्यमा लोकप्रिय रहेका आख्यान एवम् आख्यानेतर विधाहरूको परिचयात्मक चर्चा गरेका छन् जसमा प्रयोजनपरक खण्ड अन्तर्गत साहित्यको परिभाषा, साहित्यहेतु र साहित्य प्रयोजन, विधागत परिचय खण्ड अन्तर्गत कविता, गीत, गजल, महाकाव्य, खण्डकाव्य, नाटक, एकाङ्की, उपन्यास, कथा, निबन्ध, समालोचना र जीवनी जस्ता विषयहरू समावेश गरेका छन् भने काव्यकला खण्ड अन्तर्गत शब्दशक्ति, रस, अलङ्कार, छन्द जस्ता विषयहरू समावेश गरिएको छ ।

**अभिव्यक्ति** २०३९ सालमा प्रकाशित साहित्यिक पत्रिकामा *कविवर साम्बभक्त शर्मा सुवेदी*को काव्ययात्राको प्रशंसा गर्दै नेपालको लोकजीवन र परिवेशमा साम्बभक्त शर्मा विशिष्ट प्रतिभा भएका र पर्वकालीन कविता, समस्यापूर्तिकालीन कविता, मधुधाराकालीन कविताहरूको पृष्ठभूमिमा साम्बभक्तलाई चिनाइएको छ । **रश्मि** २०४० मा प्रकाशित *बालकृष्ण समका नाटकमा बालपात्र*मा बालकहरू प्रति बालकृष्ण समको रुचि र उनका

विभिन्न नाटकहरूमा बालपात्रको भूमिकालाई चर्चा गर्दै बालपात्रको प्रयोगले कथानक, घटनाको उत्कृष्टता, हृदयस्पर्शीयता, जीवन्तता हुने चर्चा गरेका छन् । त्यस्तै **बृहत् नेपाली समालोचना** सन् १९८९ मा *नेपाली नाट्य परम्परामा रिमालको नाट्यशिल्प* शीर्षकमा गोपाल प्रसाद रिमालको नाट्ययात्रा, प्रवृत्ति र प्रेरणाको चर्चा गर्दै रिमालका नाटकमा आधुनिकता, विविधता, नवीनता, नारी स्वतन्त्रता र समानताको स्वर रिमालका नाटकमा ध्वनित भएको चर्चा गरेका छन् । **कुञ्जिनी** २०४९ मा *बालकृष्ण सम* शीर्षकमा बालकृष्ण सम आधा शताब्दीभन्दा बढी समयदेखि नाट्य साधनामा लागेका सर्वश्रेष्ठ अभिनेता र महान् नाट्य निर्देशकको रूपमा समको आधुनिक नेपाली नाटक निर्माण र विकासमा अद्वितीय योगदान रहेको चर्चा गरेका छन् । **रश्मि** २०४९ मा *नाटककार बालकृष्ण समको नाट्य प्रवृत्ति*को आधारभूमि शीर्षकमा दुःख र वियोगको तीव्र चेतनाले समलाई बौद्धिक धरातल प्राप्त गऱ्यो । बौद्धिक सचेतना नै समको लागि आवश्स्त र विश्वस्त हुने एउटा सबल आधारभूमि निर्माण भएको चर्चा गरेका छन् । **गोरखापत्र** २०५० माघ २३ मा *बालकृष्ण समको साहित्य चेतना*मा बालकृष्ण समको साहित्य चेतनाको उद्भव, विकास र उत्कर्षबारे टिप्पणी गर्दै नाट्य सिर्जनाको लागि पूर्वीय र पाश्चात्य नाट्य शिल्पको अध्ययन प्रेरक तत्त्व भएको समीक्षा गरेका छन् । **गरिमा** २०५० माघ अङ्कमा *नाट्य निर्देशन र अभिनयमा समको योगदान*को समीक्षा गर्दै करिब ६ दशक लामो नाट्ययात्राको क्रममा नाट्य लेखन, निर्देशन, मञ्चन र अभिनयद्वारा उनले आफुलाई एक महान् रङ्गकर्मीको रूपमा प्रस्तुत गरेका र आफ्नो छुट्टै युग स्थापित गरेका समीक्षा थापाले गरेका छन् ।

नेपाली समालोचना क्षेत्रमा मोहनहिमांशु थापा चर्चित नाम हो । उनले नेपाली समालोचना क्षेत्रलाई विशिष्ट योगदान दिएका छन् । नेपाली समालोचनामा कृतिहरू भन्दा बढी फुटकर समालोचनाहरू लेखी उनी चर्चामा आएको पाइन्छ । मुख्य गरी नाट्यविधा सम्बद्ध समालोचना लेख्ने उनी सैद्धान्तिक समालोचक हुन् । वि.स. २०२१ सालबाट समालोचनायात्रा सुरु गरेका थापाको समालोचनात्मक प्रवृत्तिहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. मोहनहिमांशु थापा मुख्य गरी सैद्धान्तिक समालोचकका रूपमा चिनिन्छन् । उनी निश्चित वाद तथा सिद्धान्तलाई विश्लेषण गरी त्यसको बारेमा बौद्धिक निष्कर्ष दिन्छन् । उनको **साहित्य परिचय** सैद्धान्तिक समालोचनाको उत्कृष्ट रूप हो ।

२. मोहनहिमांशु थापा प्रभाववादी समालोचक हुन् उनका समालोचनामा मौलिकपन तथा स्वविवेकीय विश्लेषण रहेको हुन्छ ।

३. नाट्य विधासम्बद्ध समालोचकको रूपमा मोहनहिमांशु चिनिएका छन् । उनका फुटकर समालोचनाहरू अधिकांश नाटक विधासँग निकट रहेका छन् ।

४. हिमांशु थापा व्याख्यात्मक समालोचकका रूपमा समेत चिनिएका छन् । उनका समालोचनामा व्याख्यात्मक गुण भेटिन्छ ।

५. प्रयोगवादी समालोचकका रूपमा थापा चिनिएका छन् । उनी नवीन विम्ब, प्रतीक, शैली, शिल्पको प्रयोग गरी समालोचना लेख्ने गर्दछन् ।

६. प्रगतिवादी समालोचकका रूपमा समेत उनलाई चिनाउनु पर्दछ । साहित्य समाजका लागि रचना भएको हुनुपर्दछ । यसमा समाजको हित, समृद्धि र समानताको स्वर रहनु पर्दछ भन्ने मान्यता उनमा पाइन्छ ।

७. मोहनहिमांशु थापा तटस्थ समालोचकको रूपमा चिनिन्छन् । उनी कुनै पक्षमाथि आग्रह, पूर्वाग्रह नराखी विशुद्ध रूपमा समालोचना रचना गर्दछन् ।

८. व्यावहारिक समालोचकको रूपमा उनलाई चिन्न सकिन्छ । कतिपय व्यावहारिक समस्या र जीवनसँग निकट भई उनी साहित्यको रचना गर्ने गर्दछन् ।

९. संवेदनशील, प्रतिभावान् समालोचकको रूपमा मोहनहिमांशु थापा परिचित छन् । उनका समालोचनामा प्रतिभापूर्ण विषय र विज्ञतापूर्ण विषयवस्तु पाइन्छ ।

१०. राष्ट्रियता, देशप्रेम र मानवीय प्रेमयुक्त भावना भएको समालोचकका रूपमा उनलाई चिनिन्छ ।

११. अस्तित्ववादी विसङ्गतिवादी जीवनदृष्टि, समानता, स्वतन्त्रता र भातृत्वका पक्षधर तथा हार्दिकता र बौद्धिकताको सन्तुलन राखी समालोचना लेख्ने समालोचकको रूपमा थापालाई चिनिन्छ ।

१२. सरल, सहज, परिष्कृत, परिमार्जित र सूत्रात्मक भाषाशैलीको प्रयोगकर्ता समालोचकको रूपमा थापालाई चिनाउन सकिन्छ ।

समग्रमा मोहनहिमांशु थापालाई आधुनिक नेपाली समालोचना क्षेत्रको उत्कृष्ट सैद्धान्तिक समालोचकका रूपमा लिन सकिन्छ । उनका कतिपय समालोचनाहरू समालोचनाको सैद्धान्तिक परिचय दिने खालका, समालोचना सिद्धान्तमा रही विश्लेषण गरिएका पाइन्छन् । भाषाशैलीगत नवीनता, सरल भाषाशैली, नवीन विम्ब प्रतीकको प्रयोग उनी आफ्ना समालोचनामा गर्ने हुनाले उनलाई प्रयोगवादी कित्तामा पनि राख्न सकिन्छ । त्यस्तै मुख्य रूपमा उनका समालोचना नाट्य विधासम्बद्ध रहेका पाइन्छन् । उनको व्यक्तिगत रुचि, चाहना र अध्ययन क्षेत्रको प्रभावले गर्दा उनलाई नाट्य विधा सम्बद्ध समालोचकको रूपमा पनि चिन्न सकिन्छ । समालोचक थापाका विविध काव्य कृतिमा तत्कालीन युगीन सामाजिक एवम् राजनैतिक परिवेशप्रति आक्रोश, व्यङ्ग, नवीन मानवीय जीवन मूल्यको खोजी, राष्ट्रियता, देशप्रेम, मानवीय प्रेम, प्रकृति प्रेम, अस्तित्ववादी विसङ्गतिवादी चिन्तन जस्ता विषयवस्तु र नवीन विम्ब, प्रतीक र मिथकका माध्यमबाट सरल भाषाशैलीमा प्रस्तुत गर्नु समालोचक थापाको मुख्य विशेषता रहेका पाइन्छन् । एउटा कुशल समालोचकमा हुनुपर्ने मुख्य गुणहरूमा संवेदशीलता, प्रतिभा, अध्ययनशीलता, वैज्ञानिक दृष्टिकोण, प्रेषणीयता र निष्पक्षता जस्ता सर्वगुण सम्पन्न व्यक्तित्वको रूपमा समालोचक मोहनहिमांशु थापा परिचित छन् । यो नै उनको समग्र समालोचकीय प्रवृत्ति, विशेषता र समालोचनात्मक निष्कर्ष हो ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त** (पाँचौ सं.) काठमाडौँ : साझा प्रकाशन २०५० ।

त्रिपाठी, वासुदेव र अन्य, सम्पा., **नेपाली कविता भाग-४,** ललितपुर : साझा प्रकाशन, २०६३ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** (पाँचौं सं.), काठमाडौँ : साझा प्रकाशन, २०६६ ।

............ उनी देवता हुन् मा एक दृष्टि **रूपरेखा** २०२१ (४/१२, २०२१) ।

............ रङ्गमञ्चमा तुवाँलोले ढाकेको वस्ती **गोरखापत्र** २०३४ साउन २९ गते ।

............ नेपाली काव्ययात्रामा कविबर साम्बभक्त शर्मा सुवेदी **अभिव्यक्ति** २०३९ भाद्र पूर्णाङ्क ३६ ।

............ बालकृष्ण समका नाटकमा बालपात्र **रश्मि** (१/१, २०४०) ।

............ नेपाली नाट्य परम्परमा रिमालको नाट्यशिल्प **बृहत् नेपाली समालोचना** सन् १९८९ ।

............ नाटककार बालकृष्ण सम **कुञ्जिनी** (१/१, २०४९) ।

............ नाटककार बालकृष्ण समको नाट्यप्रवृत्तिको आधारभूमि **रश्मि** २०४९ ।

............ नाट्य निर्देशन र अभिनयमा समको योगदान **गरिमा** २०५० ।

पाण्डेय, माधवप्रसाद, *कवि मोहनहिमांशु थापाको जीवनी, व्यक्तित्व र कविता कृतिको विवेचना,* स्नातकोत्तर शोधपत्र ने.के.वि., त्रि.वि., २०५४ ।

पौड्याल, एकनारायण, **समालोचनाको स्वरूप र पद्धति,** चितवन : विमर्श नेपाल २०७० ।

............ **आधुनिक नेपाली समालोचनाको इतिहास,** चितवन : विमर्श नेपाल, २०७० ।

पौडेल, खगेन्द्रप्रसाद, *मोहनहिमांशु थापाका काव्यप्रवृत्ति,* स्नातकोत्तर शोधपत्र ने.के.वि., त्रि.वि., २०५६ ।

प्रभात, विष्णु, **साहित्यकार कलाकार परिचय कोश,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान २०७१ ।

बन्धु, चूडामणि (सम्पा.), **साझा कविता,** काठमाडौँ : साझा प्रकाशन, २०६७ ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७ ।

..............**कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

............. **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

..............**नेपाली भाषा व्याकरण र नाटक**, काठमाडौँ : नवीन प्रकाशन, २०६२ ।

..............**नेपाली गद्य भाषा साहित्य र इतिहास,** काठमाडौँ : नवीन प्रकाशन, २०६६ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **शोधविधि**, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०६६ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०६१ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** काठमाडौँ : सङ्कल्प प्रकाशन, २०३९ ।

श्रेष्ठ दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (चौ.स.) काठमाडौँ साझा प्रकाशन २०६४ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०६१ ।